सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

# नयाँ पत्रिका

nayapatrikadaily.com

२९ चैत २०८२, आइतबार (12 Apr 2026, Sunday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक ३५३ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

## ४७ वर्षपछि अमेरिका–इरान प्रत्यक्ष वार्ता विश्वको नजर इस्लामाबादमा



वार्ताका लागि इस्लामाबाद पुगेका अमेरिका (बायाँ) र इरानका प्रतिनिधि

### दुई घण्टा लामो पहिलो चरणको वार्तापछि 'डिनर' ब्रेक, त्यसलगत्तै दोस्रो चरणको छलफलमा वार्ता टोली

### ■ कसरी भइरहेको छ वार्ता ?

वार्ताका लागि अमेरिका र इरानी प्रतिनिधिमण्डल अलग-अलग कोठामा बसेका थिए। पाकिस्तानी अधिकारीहरूले एक-अर्कालाई सन्देश र अडान अर्कोसामु लगेका थिए। वार्तामा उपराष्ट्रपति भान्सको उपस्थितिलाई महत्त्वपूर्ण विकास मानिएको छ। २८ फेब्रुअरीमा इरानमाथि अमेरिका-इजरायलको आक्रमणअघि विट्कफ र कुस्नर इरानसँग वार्तामै थिए। वार्ता चलिरहेकै समयमा आक्रमण भएकाले इरानी पक्ष सो समूहसँग थप वार्ताबारे सशंकित थियो। ट्रम्प प्रशासनभित्र इरान युद्धको विरोध गर्दै आएका भान्सको उपस्थितिले इरानलाई वार्ताप्रति थप विश्वस्त बनाएको बताइन्छ। सन् २०२८ मा हुने अमेरिकी राष्ट्रपतीय चुनावमा रिपब्लिकन उम्मेदवारका बलियो दाबेदारका रूपमा हेरिएका भान्सले लामो समयदेखि मध्यपूर्वमा अमेरिकी सैन्य संलग्नताविरुद्ध मत राख्दै आएका छन्।

**श्रवण उप्रेती**/नयाँ पत्रिका
(एजेन्सीको सहयोगमा)

संयुक्त राज्य अमेरिका र इरानबिच २८ फेब्रुअरीदेखि सुरु युद्ध अन्त्य गर्न पाकिस्तानको राजधानी इस्लामाबादमा प्रत्यक्ष वार्ता सुरु भएको छ। दुवै पक्षले पाकिस्तानी प्रधानमन्त्री सेहबाज सरिफसँग छुट्टाछुट्टै द्विपक्षीय बैठक गरेपछि शनिबार साँझ प्रत्यक्ष वार्तामा बसेका हुन्। इस्लामाबादमा भइरहेको युद्धविराम वार्तामा विश्व समुदायको नजर छ। यो १९७९ को इस्लामिक क्रान्तिपछि वासिंटन र तेहरानबिच उच्चस्तरीय पहिलो प्रत्यक्ष प्रत्यक्ष वार्ता हो।

वार्तामा अमेरिकी प्रतिनिधिमण्डलको नेतृत्व उपराष्ट्रपति जेडी भान्सले गरिरहेका छन्। भान्ससँगै अमेरिकी टोलीमा राष्ट्रपति डोनाल्ड ट्रम्पका मध्यपूर्व राजदूत स्टिभ विट्कफ र ट्रम्पका ज्वाइँ जेरेड कुस्नर पनि समावेश छन्। इरानको ७० भन्दा बढी व्यक्तिको प्रतिनिधिमण्डलको नेतृत्व संसदीय सभामुख मोहम्मद बाघेर गालिबाफ र विदेशमन्त्री अब्बास अराघचीले गरिरहेका छन्।

अमेरिकी प्रतिनिधिमण्डलको नेतृत्व गरिरहेका उपराष्ट्रपति भान्सले वार्ताअघि पाकिस्तानी प्रधानमन्त्री सरिफलाई भेटेका थिए। इरानी संसद्का सभामुख गालिबाफ र विदेशमन्त्री अब्बास अराघचीलगायत इरानी अधिकारीले पनि सरिफसँग भेट गरेका थिए। त्यसपछि अमेरिका र इरानका उच्च अधिकारी प्रत्यक्ष वार्तामा बसेका हुन्।

दुई घण्टा लामो पहिलो चरणको वार्तापछि अधिकारीहरूले 'डिनर' ब्रेक लिएका थिए। त्यसपछि उनीहरू दोस्रो चरणको वार्तामा बसेको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले जनाएका छन्। दुवै पक्षले अधिकतम अडानबाट सुरुवात गरेका थिए। तर, लेबननामा इजरायली आक्रमण, इरानलाई अत्यन्त आवश्यक पर्ने सम्पत्तिहरू अनफ्रिज गर्ने र हर्मुजको जलडमरु र अन्य धेरै मुद्दामा केही प्रगति भएको बताइएको छ। दोस्रो चरणको वार्तामा उनीहरूले लिखित सन्देश आदानप्रदान गरेका छन्, ताकि सहमतिको विन्दु र भाषा खोज्न सकियोस्। यद्यपि, मिडियासँग औपचारिक जानकारी सेयर गरिएको छैन।

वार्तामा वस्तुअघि दुवै पक्षले आफ्ना 'पोजिसन' राखेका छन्, जहाँ केही मतभिन्नता देखिएका छन्। केही विश्लेषकले भने वार्ताअघि वासिंटन र तेहरान दुवैले मागमा लेनदेन हुन सक्ने सम्भावनाको आकलन गरेर अधिकतम माग राखेको हुन सक्ने औंल्याएका छन्। सुरक्षाविज्ञ मोहम्मद अलीले अल जजिरासँगको कुराकानीमा वार्तामा सहभागीले अधिकतम माग लिएर आउनु स्वाभाविक भएको बताउँदै अहिले युद्ध भड्किँदाको गम्भीर राजनीतिक जोखिमबारे दुवै पक्ष सचेत रहेको बताए।

» पृष्ठ २ मा क्रमशः

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

## ठगी, भ्रष्टाचार र मुद्दैमुद्दाको भुमरीमा पर्यटन क्षेत्र

### नियमन, पारदर्शिता र जवाफदेहिता नहुँदा पर्यटन तथा नागरिक उड्डयन क्षेत्रमा गम्भीर बदमासी, प्रभावकारी कानुनी कारबाही, नीतिगत सुधार र कडा अनुगमन नभए सजिलो छैन सुधार

**सुवास भट्ट**/नयाँ पत्रिका

पछिल्लो चार महिनामा पर्यटन क्षेत्रसँग सम्बन्धित चार ठुला मुद्दा तीनवटा भ्रष्टाचार र एउटा संगठित अपराधसम्बन्धी दायर भएका छन्। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले तीन मुद्दा दायर गर्दा प्रहरीले एउटा मुद्दा अघि बढाएको छ।

वाइडबडी जहाज खरिद, अन्तर्राष्ट्रिय विमानस्थल निर्माणदेखि 'फेक रेस्क्यु'मार्फत बिमा ठगीसम्मका संवेदनशील विषयमा मुद्दा दायर भएका छन्। पर्यटक आगमन अपेक्षाअनुसार नबढिरहेको अवस्थामा भ्रष्टाचार, ठगी र अनियमितताका घटनाले यो क्षेत्र थप प्रभावित हुन जोखिम बढाएको छ।

उड्डयनका तीन र ट्रेकिङसम्बन्धी एक मुद्दा बिगो रकम र प्रतिवादीको संख्याका आधारमा उच्च प्रोफाइलका छन्। अख्तियारले दायर गरेका यी मुद्दामा पाँच पूर्वमन्त्री, ११ पूर्वसचिव र क्यानका पाँच पूर्वमहानिर्देशक प्रतिवादी छन्। अख्तियारले वाइडबडी भ्रष्टाचारमा तत्कालीन पर्यटनमन्त्री, दुई पूर्वसचिवसहित ३२ जनालाई प्रतिवादी बनाएको छ।

त्यस्तै, पोखरा विमानस्थलको पहिलो मुद्दामा पाँच पूर्वमन्त्री, १० पूर्वसचिव र क्यानका तीन पूर्वमहानिर्देशकसहित ५५ जना प्रतिवादी छन्। यस्तै, दोस्रोमा पूर्वपर्यटनसचिव र क्यानका तीन पूर्वमहानिर्देशकसहित २१ जनाविरुद्ध मुद्दा दायर गरेको छ। यसैगरी नलिञ्चोक हेलिपोर्टमा क्यानका महानिर्देशकसहित सातजनाविरुद्ध मुद्दा दायर गरेको छ। क्यानका एक दर्जन कर्मचारी भ्रष्टाचार मुद्दाले निलम्बनमा छन्।

नेपालको उड्डयन क्षेत्रको इतिहास विवाद र भ्रष्टाचारसँग जोडिएको छ। देशको प्रमुख आयस्रोत

» पृष्ठ २ मा क्रमशः



**वाइडबडी भ्रष्टाचार**
मुद्दा दायर : २२ चैत ०८०
बिगो : एक अर्ब ४७ करोड
प्रतिवादी : तत्कालीन पर्यटनमन्त्री, दुई पूर्वसचिवसहित ३२ जना



**नलिञ्चोक हेलिपोर्ट भ्रष्टाचार**
मुद्दा दायर : १७ मंसिर ०८२
बिगो : साढे १३ करोड
प्रतिवादी : क्यान महानिर्देशक प्रदीप अधिकारीसहित सातजना



**'फेक रेस्क्यु'को संगठित अपराध**
मुद्दा दायर : ९ चैत ०८२
बिगो : १ अर्ब ५१ करोड
प्रतिवादी : अस्पताल, हेलिकोप्टर र ट्रेकिङ कम्पनीका ३३ जना



**पोखरा अन्तर्राष्ट्रिय विमानस्थल निर्माण भ्रष्टाचार**

■ पहिलो
मुद्दा दायर : २१ मंसिर ०८२
बिगो : ८ अर्ब ३७ करोड
प्रतिवादी : पाँच पूर्वमन्त्री, १० पूर्वसचिव र क्यानका तीन पूर्वमहानिर्देशकसहित ५५ जना

■ दोस्रो
मुद्दा दायर : ९ चैत ०८२
बिगो : ४६ करोड १५ लाख
प्रतिवादी : पूर्वपर्यटनसचिव, क्यानका तीन पूर्वमहानिर्देशकसहित २१ जना

### ■ निगमको बेथिति र जहाजमा भएको भ्रष्टाचार छानबिनका लागि समिति गठन

सचिवस्तरीय निर्णयमार्फत पर्यटन मन्त्रालयले यही ५ चैतमा प्रमाण संकलन, अध्ययन एवं छानबिन गरी कार्यान्वयन कार्ययोजनासहितको प्रतिवेदन एक महिनाभित्र पेस गर्ने गरी समिति गठन गरेको हो।

### भ्रष्टाचारमा जोडिएकामाथिको कारबाहीले भविष्यमा गैरकानुनी गतिविधि रोक्न र शुद्धीकरण गर्न सहयोग पुग्छ

● **शरदचन्द्र पौडेल**, पूर्वपर्यटनसचिव



जहाँ साधन-स्रोत धेरै हुन्छ, त्यहाँ भ्रष्टाचारको जोखिम स्वतः बढी नै हुन्छ। त्यसमाथि खरिद जोडिएपछि भ्रष्टाचार जोखिम अरू बढ्छ। यी सबै मिलेमतोमा हुने काम हुन्। यसमा निजी क्षेत्र, कर्मचारी, राजनीतिक दल र पदाधिकारी जोडिन्छन्। हुन त ती मानिसमा अख्तियारलगायत निगरानी निकायलाई समेत प्रभावित पार्न सकिन्छ भन्ने मनोवृत्ति हुन्छ। त्यसैले नियम-कानुन पालनालाई पर्याप्त ध्यान दिँदैनन्। भ्रष्टाचारमा जोडिएकामाथिको कारबाहीले भविष्यमा गैरकानुनी गतिविधि रोक्न र उड्डयन क्षेत्रलाई शुद्धीकरण गर्न सहयोग पुग्छ। दीर्घकालमा यस क्षेत्रलाई फाइदै पुग्छ।

### फेक रेस्क्युजस्ता प्रकरण बाहिर आउँदा गलत प्रवृत्ति निरुत्साहित हुन्छ, यो राम्रो पक्ष हो

● **सागर पाण्डे**, अध्यक्ष, ट्रेकिङ एजेन्सिज एसोसिएसन अफ नेपाल (टान)



फेक रेस्क्युजस्ता प्रकरण बाहिर आउँदा गलत प्रवृत्ति निरुत्साहित हुन्छ, यो राम्रो पक्ष हो। तर, अर्कोतिर हुलमुलमा निर्दोष मान्छे मुछिने सम्भावना र अन्तर्राष्ट्रिय रूपमा नकारात्मक सन्देश जान सक्छ। पर्यटक उद्धारका सम्बन्धमा अब राज्यले नै प्रोटोकल बनाएर व्यवस्थित गर्नुपर्छ। फेरि यस्तो नहोस् भन्नेमा राज्य चनाखो हुनुपर्छ।

## प्रधानमन्त्री शाहलाई मोदीको निमन्त्रणा, उपयुक्त समयमा भ्रमण गर्ने जवाफ

**पर्शुराम काफ्ले**/नयाँ पत्रिका

प्रधानमन्त्री बालेन्द्र शाह (बालेन)लाई उनका भारतीय समकक्षी नरेन्द्र मोदीले भारत भ्रमणको औपचारिक निमन्त्रणा दिएका छन्। प्रधानमन्त्री शाहले पनि समकक्षी मोदीको निमन्त्रणा स्वीकार गर्दै उपयुक्त समयमा भ्रमण गर्ने जवाफ पठाएका छन्। निमन्त्रणासँगै सरकारले प्रधानमन्त्री शाहको भ्रमणको तयारी थालेको छ।

शाह प्रधानमन्त्री भएपछि मोदीले विदेश मन्त्रालयमार्फत पठाएको लिखित बधाई सन्देशमा उपयुक्त समयमा भारतमा स्वागतका लागि प्रतीक्षारत रहेको उल्लेख गरेको परराष्ट्रमन्त्री शिशिर खनालले पुष्टि गरेका छन्। साथै, शुक्रबार मौरिससमा भएको भारतीय विदेशमन्त्री डा. एस जयशंकरसँगको भेटमा सुरुमा काठमाडौंमा दुई देशका परराष्ट्रमन्त्रीस्तरीय बैठक राख्ने र त्यसपछि उच्चस्तरीय भ्रमण तय गर्ने सहमति बनेको मन्त्री खनालले बताए।

हिन्द महासागर सम्मेलनमा सहभागी हुने क्रममा मौरिसस रहेका

» पृष्ठ २ मा क्रमशः

### ■ भ्रमणअघि काठमाडौंमा परराष्ट्रसचिवस्तरीय वार्ता





### ■ नवौं हिन्द महासागर सम्मेलनमा परराष्ट्रमन्त्री शिशिर खनालले के भने ?

(पृष्ठ २)

● परराष्ट्रमन्त्री शिशिर खनाल भन्छन्-

### तयारीसहितको उच्चस्तरीय भ्रमण सफल होस् भन्ने हाम्रो चाहना छ



भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीजीले पठाउनुभएको बधाई सन्देशमा हाम्रो प्रधानमन्त्रीज्यूलाई भारत भ्रमणको निमन्त्रणा गरिएको छ। प्रधानमन्त्रीले भ्रमणको निमन्त्रणा स्वीकार गर्नुभएको छ। कुनै मिति तय भएको होइन। एकपटक परराष्ट्रसचिवस्तरीय वार्ता काठमाडौंमा हुन्छ। त्यसपछि उच्चस्तरीय भ्रमणका लागि प्रक्रिया अघि बढ्छ। पहिला तयारी गर्ने र त्यस आधारमा भ्रमण तय गरौं भन्नेमा भारतीय विदेशमन्त्री सहमत हुनुभएको छ। तयारीसहितको उच्चस्तरीय भ्रमण सफल होस् भन्ने हाम्रो चाहना छ।

### आन्तरिक किचलोमा अल्झिँदै पुराना दलहरू



गत फागुनको प्रतिनिधिसभा निर्वाचनमा धक्का व्यहोरेका कांग्रेस, एमाले, नेकपा र राप्रपामा आन्तरिक विवाद बढ्दो, नेतृत्व हस्तान्तरणको मुद्दा उठ्दै

(विस्तृत पृष्ठ ३)

### युवा नेतृत्वसँगका आशा र अवसर



अग्रलेख

● डा. डिबी कट्टेल

२१ फागुनको निर्वाचन परिणामपछि युवाको नेतृत्वमा नयाँ सरकार गठन भएसँगै मुलुकमा आमूल परिवर्तनको अपेक्षा बढेको छ

(पृष्ठ ४)

## 'कान्स'मा पहिलोपटक नेपाली फिचर चलचित्र

**पवन बराइली**/नयाँ पत्रिका

विश्व प्रतिष्ठित कान्स फिल्म फेस्टिभलमा पहिलोपटक नेपाली फिचर चलचित्र छनोट भएको छ। अविनाशविक्रम शाहले लेखन तथा निर्देशन गरेको 'एलिफेन्ट्स इन द फग' कान्सको मुख्य प्रतिस्पर्धा मानिने 'अन सर्टेन रिगार्ड'मा छनोट भएको हो। कान्समा छनोट हुने फिचर चलचित्रमा यो पहिलो भए पनि समग्र नेपाली चलचित्रमा दोस्रो हो। शाहले नै निर्देशन गरेको सर्ट फिल्म 'लोरी'ले सन् २०२२ मा कान्सको ७५औं संस्करणमा सर्ट फिल्म विधामा 'स्पेसल मेन्सन अवार्ड' जितेको थियो।

'एलिफेन्ट्स इन द फग' नेपालको एक गाउँमा बसोबास गर्ने लैंगिक अल्पसंख्यक समुदायले गरेको संघर्षको कथामा आधारित छ। चलचित्रमा अल्पसंख्यक समुदायका कलाकार मुख्य भूमिकामा छन्। चलचित्रमा दीपिका यादव, पुष्पा थिङ, आकांक्षा कार्की, जस्मिन विश्वकर्मा, शान्ति गिरी, गौरी मल्ल, माओत्से गुरुङ, सञ्जय गुप्ता दुरा, महिमा नवबागलगायतको अभिनय छ।

'अन्डरग्राउन्ड टकिज नेपाल'का तर्फबाट अनुप पौडेल निर्माता छन् भने जयन्ती क्रिएसन्सका तर्फबाट कुमुदिनी गुरुङ श्रेष्ठ, सोहम ढकाल र प्रचण्डमान श्रेष्ठ निर्माता छन्। यो चलचित्रको छायांकन नोए बाक र सिरिलले गरेका छन्। सम्पादन एन्ड्यु बर्ड र पेरिस बर्जनको छ। ध्वनि, संगीत, कला निर्देशन र अन्य प्राविधिक पक्षमा अन्तर्राष्ट्रिय टिमको संलग्नता छ।

यो छनोटले नेपाली चलचित्रको अन्तर्राष्ट्रिय पहुँच र मौलिक कथावस्तुको शक्ति पुनः एकपटक विश्वसामु उजागर गरेको छ। शाहले नै लेखेका 'कालो पोथी', 'हाइवे' र 'तटिनी' फिल्म विभिन्न अन्तर्राष्ट्रिय फेस्टिभलमा पुगेका छन्। पछिल्लो एक-डेढ दशकयता विश्वचर्चित फिल्म फेस्टिभल कान्स, बर्लिन, टोरन्टो, बुसान, भेनिस, लुकार्नो सनडान्सलगायतमा नेपाली सर्ट र फिचर फिल्मको उपस्थिति बाक्लै देखिन थालेको छ। मीन भाम निर्देशित फिल्म 'साम्बाला' बर्लिन फिल्म फेस्टिभलमा मुख्य प्रतिस्पर्धाका लागि छनोट भएको थियो। त्यस्तै, क्यानडाको टोरन्टो अन्तर्राष्ट्रिय फिल्म फेस्टिभलमा नवीन सुब्बा निर्देशित 'गाउँ आएको बाटो' प्रदर्शन भएको थियो। दीपक रौनियार निर्देशित फिल्म 'हाइवे' बर्लिन, 'सेतो सूर्य' र 'राजागन्ज' भेनिस फिल्म फेस्टिभलमा प्रदर्शन भइसकेका छन्।

» पृष्ठ २ मा क्रमशः




● 'एलिफेन्ट्स इन द फग'का लेखक/निर्देशक अविनाशविक्रम शाह भन्छन्–



कान्स फेस्टिभलको अन सर्टेन रिगार्ड विधामा प्रायः नयाँ वा एक-दुईवटा फिल्म बनाइसकेका निर्देशकहरूबिच प्रतिस्पर्धा हुन्छ। मेरो यो पहिलो फिचर फिल्म भएकाले यहाँसम्म पुग्नु मेरो मात्र नभई, समग्र नेपाली कथाको उपलब्धि हो। फेस्टिभलमा फिल्म पुग्नु अहिले सामान्य कुरा भयो। तर, कान्सजस्तो फेस्टिभलमा हाम्रो कथा पुग्नु आफैंमा महत्त्वपूर्ण हो। आफ्नो फिल्म धेरै दर्शकसम्म पुगोस् भन्ने अपेक्षा हरेक फिल्ममेकरको हुन्छ। नेपालजस्तो देशको कथा पनि विश्व प्लाटफर्ममा पुग्दो रहेछ भन्ने कुरा आफैंमा महत्त्वपूर्ण हो।

## ■ सुनकोशीमा च्याफ्टिङ



सुनकोशी नदीको सुकुटेमा च्याफ्टिङमा रमाउँदै आन्तरिक पर्यटक। गर्मी बढ्न थालेसँगै च्याफ्टिङ गर्न सुकुटे पुग्ने बढ्न थालेका छन्। काठमाडौंबाट नजिकको दूरीमा भएका कारण पनि साहसिक पर्यटन च्याफ्टिङका लागि यो उपयुक्त गन्तव्य बनिरहेको छ।

तस्बिर : **दिपेन्द्र ढुंगाना**/नयाँ पत्रिका

## ४७ वर्षपछि...

पृष्ठ १ बाट क्रमशः

इरानले यसअघि सारेको ‘शान्तिका लागि दशबुँदे प्रस्ताव’मा स्ट्रेट अफ हर्मुजमाथि इरानी नियन्त्रण, मध्यपूर्वमा युद्ध गर्नकै लागि तैनाथ अमेरिकी सेनाको फिर्ती र इराननजिक मानिने सशस्त्र समूहविरुद्ध सैन्य कारबाही रोक्नुपर्नेलगायत माग राखेको छ। संयुक्त राज्य अमेरिकाले औपचारिक रूपमा यी सर्त स्वीकार गरेको छैन। तथापि ट्रम्पले दशबुँदे योजनालाई ‘व्यावहारिक’ भनेका छन्। वार्ताका लागि पाकिस्तान उड्नुअघि उपराष्ट्रपति भान्सले आफूले सकारात्मक परिणामको अपेक्षा गरेको प्रतिक्रिया दिएका थिए।

उता ह्वाइटहाउसले वार्ताअघि इरानले प्रशोधित युरेनियमको भण्डार त्याग्न तयार रहेको दाबी गरेको छ। ह्वाइटहाउसकी प्रवक्ता क्यारोलिन लेभिटले यसलाई लेनदेन नहुने मागका रूपमा वर्णन गरिन्। इरानले भने प्रशोधित युरेनियम त्याग्ने मागलाई आधिकारिक रूपमा स्वीकार गरेको छैन।

उता लेबनानमाथि इजरायलको जारी आक्रमणको विवाद त छँदै छ। इजरायलले उत्तरी छिमेकी लेबनानमा इरानसमर्थित सशस्त्र समूह हिजबुल्लाहमाथि आक्रमण रोकेको छैन। इरान र अमेरिकाबिच युद्धविराम गर्ने सहमति भएको भोलिपल्ट इजरायलले पछिल्लो युद्ध सुरु भएपछिकै ठुलो आक्रमण गर्‍यो। त्यस आक्रमणमा दुई सयभन्दा बढी मारिएका छन्।

इरानी विदेशमन्त्री अरघाचीले लेबनानमाथि इजरायली आक्रमण जारी रहेमा तेहरानले युद्धविराम भंग गर्न सक्ने चेतावनी दिएका छन्। त्यस क्रममा अमेरिकाले युद्धविराम वा लेबनानमाथि इजरायली आक्रमणमध्ये एक छनोट गर्नुपर्ने उनले बताएका थिए। उता पाकिस्तानका लागि उड्नुअघि बुडापेस्टमा बोल्दै भान्सले अहिलेको युद्धविरामका सर्तले लेबनानलाई नसमेट्ने टिप्पणी गरे। धेरैले इजरायलले जारी वार्ता प्रक्रियालाई कमजोर पार्ने खेल खेलिरहेको आरोप लगाएका छन्।

संयुक्त राज्य अमेरिका र इजरायलले इरानमाथि आक्रमण सुरु गरेको ठ्याक्कै ६ हप्तापछि दुई देशले गत मंगलबार युद्धविराममा सहमति जनाएका थिए। पाकिस्तानको कूटनीतिक पहलमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले दुई साताका लागि युद्धविराम गर्ने प्रस्तावमा सहमति जनाएका हुन्। ६ हप्ताको युद्धको अवधिमा इरानका सर्वोच्च नेता अयातुल्लाह अली खामेनीलगायत हजारौँ इरानी मारिएका छन्।

पाकिस्तान गएको इरानको ७१ सदस्यीय प्रतिनिधिमण्डलले द्वन्द्वको सुरुवातमा प्राथमिक विद्यालयमा अमेरिकी हमलामा मारिएका १६८ स्कुले छात्रा र शिक्षकका नाममा आफ्नो नाम ‘मिनाव १६८’ राखेको छ। प्रतिनिधिमण्डलको आकारले इरानले वार्तालाई धेरै गम्भीरताका साथ लिइरहेको देखाएको विश्लेषकहरूले बताएका छन्।

जवाफमा इरानले इजरायललगायत खाडी क्षेत्रका आफ्ना छिमेकी देशहरूमाथि क्षेप्यास्त्र तथा मिसाइल आक्रमण गर्‍यो। आक्रमणबाट खाडी क्षेत्रका विश्वको सबैभन्दा ठुलो ऊर्जा निर्यात केन्द्र र व्यापार, पर्यटन र नवप्रवर्तनको महत्त्वपूर्ण केन्द्र तानिए। इरानको जवाफी कदममा सबैभन्दा प्रभावकारी भने विश्वको सबैभन्दा महत्त्वपूर्णमध्ये एक समुद्रमार्ग स्ट्रेट अफ हर्मुज बन्द रह्यो। सामान्य अवस्थामा विश्वमा खपत हुने कुल खनिज इन्धनको २० प्रतिशत हिस्सा बाहिरिने सो साँघुरो मार्ग बन्द भएपछि संसारभर ऊर्जाको भाउमा उलेख्य वृद्धि भयो। यसको प्रभाव अमेरिकालगायत विश्वभर देखियो।

वार्ता सुरु हुनुअघिसम्म लेबनानको अवस्थालाई लिएर केही तनाव देखिएको थियो। लेबनानमा सक्रिय इरानसमर्थिक हिजबुल्लाह समूहविरुद्ध इजरायलले अझै व्यापक बमबारी गरिरहेको छ। इरानले युद्धविरामअनुरूप त्यहाँ पनि बमबारी रोकिनुपर्ने अडान लिइरहेको छ। इरानी टोलीका सदस्य सभामुख गालिबाफले सामाजिक सञ्जाल एक्समा वासिंटनले इरानी सम्पत्तिमाथिको अवरोध हटाउन र लेबनानमा युद्धविराम गर्न सहमत भएको दाबी गरेका थिए। तर, लेबनानमाथि इजरायलले आक्रमण रोकेको छैन।

इजरायल र अमेरिकाले लेबनान अभियान इरान-अमेरिका युद्धविरामको हिस्सा नभएको बताएका छन्। ह्वाइटहाउसले इरानी मागबारे तत्कालै टिप्पणी गरेका छैनन्। तर, राष्ट्रपति ट्रम्पले सामाजिक सञ्जालमा पोस्ट गरेर इरानीहरू जीवित हुनुको एक मात्र कारण सम्झौताका लागि वार्ता गर्नु भएको बताएका छन्। उता हिजबुल्लाहमाथिको आक्रमणको विरोधमा इरानले हर्मुजको जलमार्गमा अवरोध जारी राखेको छ। युद्धविराम गर्दा हर्मुज खुला गर्नुपर्ने अमेरिकी सर्त थियो।

### पाकिस्तान मै किन भइरहेको छ वार्ता ?

पछिल्लो समय पाकिस्तान वासिंटन र तेहरानबिचको प्रमुख मध्यस्थकर्ताका रूपमा देखा पर्‍यो। इस्लामाबादले दुवै पक्षलाई सहजीकरण जारी राख्न तत्पर रहेको सरिफको कार्यालयले जनाएको छ। वार्ताको तयारीका लागि इस्लामाबादका फुटपाथ रंगाइएका छन्। पहिले नै शक्तिशाली सुरक्षा रहने पाकिस्तानी राजधानीमा उच्च सुरक्षा बनाइएको छ।

विगतमा दुवै देशसँग तनावपूर्ण इतिहास रहे पनि इस्लामाबादले अहिले इरान र अमेरिका दुवैसँग सुमधुर सम्बन्ध विकास गरेको छ। इरानमाथि अमेरिका र इजरायलले आक्रमण गरेपछि पाकिस्तानी सेना प्रमुख असिम मुनिरले तीव्र कूटनीतिक सक्रियता देखाए। यसक्रममा उनले अमेरिका र इरानी नेताहरूसँग धेरैपटक फोन गरेको पाकिस्तानी मिडियाले पुष्टि गरेका छन्।

पाकिस्तान र इरानबिच सिमाना पनि जोडिएको छ। दुई देशबिच ९०० किलोमिटर लामो सिमाना छ। त्यस्तै, पाकिस्तान इरानपछि दोस्रो ठुलो सिया मुस्लिम जनसंख्या भएको देश पनि हो। यसले गर्दा सिया इस्लामको केन्द्र इरानमा हुने घटनाले पाकिस्तानमा पनि तरंग सिर्जना गर्छ।

त्यसबाहेक पश्चिम एसियाका अन्य धेरै देशजस्तो पाकिस्तानी भूमिमा अमेरिकी सैन्य अड्डा छैन। यसले गर्दा इरानी नजरमा ऊ अन्य अरबी देशभन्दा थप विश्वसनीय हुने आधार रह्यो। उता अमेरिकासँगको सम्बन्धको चर्चा गर्दा सन् २००४ देखि इरान संयुक्त राज्य अमेरिकाको प्रमुख ‘गैर-नेटो सहयोगी’ देशको सूचीमा रहेको छ।

वार्ताका लागि अमेरिकाका दोस्रो शीर्ष पदाधिकारी उपराष्ट्रपति जेडी भान्स आफैँ पाकिस्तान आएका छन्। भान्सअघि अमेरिकी उपराष्ट्रपति जो बाइडेन सन् २०११ मा पाकिस्तान भ्रमणमा आएका थिए। तथापि १५ वर्षपछि भएको अमेरिकी उपराष्ट्रपतिको भ्रमण अमेरिका-पाकिस्तान द्विपक्षीय सम्बन्धमा भन्दा पनि इरान युद्ध अन्त्यको वार्तामा केन्द्रित छ। वार्ता आयोजनास्थल प्रदान गरेर इस्लामाबादले अमेरिकासँगको सम्बन्धमा एक दुर्लभ र महत्त्वपूर्ण स्तर हासिल गरेको विश्लेषकले बताइरहेका छन्।

### सम्भावित परिणाम र अवरोध

विश्लेषकहरूका अनुसार दुबै पक्षबिच कायम गहिरो अविश्वासका कारण तत्काल नै अन्तिम सम्झौता हुन सक्ने सम्भावना कमजोर छ। जारी वार्ताले दुई साताको युद्धविराम लम्ब्याउने सम्भावना भने धेरैले उच्च देखेका छन्। यदि त्यस्तो सहमति बन्यो भने त्यसले दुवै पक्ष आक्रामकता नमच्चाउन इच्छुक रहेको संकेत गर्छ। लामो छलफलपछि भोलिका दिनमा कुनै सम्झौता भएमा त्यसलाई मध्यपूर्वका अन्य प्रमुख देशको पनि समर्थन आवश्यक पर्न सक्छ। साथै, इरानले भविष्यमा आफूमाथि पुनः आक्रमण हुन नदिनका लागि संयुक्त राष्ट्र सुरक्षा परिषद्का स्थायी सदस्यहरूको पनि समर्थन खोज्न सक्ने चर्चा छ।

अलजजिरालगायत
अन्तर्राष्ट्रिय मिडियाको सहयोगमा

---

# चीन सरकारको अनुदानमा इकोपहिरो नियन्त्रण गरिने

सिन्धुपाल्चोकमा **रामकृष्ण थापा**



११ वर्षदेखि गाउँलाई जोखिममा पारेर बगिरहेको इकोपहिरो नियन्त्रण गर्न चीन सरकारले सहयोग प्रदान गर्ने भएको छ। चिनियाँ सरकारको अनुदानमा पहिरो नियन्त्रणको काम केही दिनपछि सुरु हुने भएको हो।

सडक डिभिजन कार्यालय चरिकोटका प्रमुख नारायण भण्डारीले नेपाल-चीन अन्तर्राष्ट्रिय व्यापारिक मार्ग अरनिकोको कोदारीस्थित इकोक्षेत्रमा पहिरो नियन्त्रण गर्न चिनियाँ अनुदान प्राप्त भएको बताए।

इकोपहिरोमाथि एक सय ७५ घरपरिवारको बसोवास छ। पहिरोमुनि भोटेकोशी नदीले बर्सेनि कटान गर्छ। गाउँ जोगाएर पहिरो नियन्त्रण गर्न कठिन छ। नाका सधैँ सञ्चालनमा रहे पनि पहिरोका कारण बर्खाभरि कोदारी राजमार्ग बन्द हुने गरेको छ। गत बर्खामा करिब तीन महिना सडक बन्द भएपछि स्थानीयले पहिरोमै बसेर सडक बन्द गरेका थिए। स्थानीयको माग सम्बोधन गर्न डिभिजन प्रमुख भण्डारी पहिरो प्रभावित क्षेत्र पुगेका थिए।

सिन्धुपाल्चोक जिल्ला प्रशासन, पूर्वसांसद माधव सापकोटा, भोटेकोशी गाउँपालिका- २ का वडाध्यक्ष कुमार श्रेष्ठ, सडक डिभिजन र सरोकारवाला निकायले इकोपहिरो नियन्त्रणका लागि भौतिक पूर्वाधार मन्त्रालयमा बजेट माग गरेका थिए। मन्त्रालयबाट विनियोजित ४८ करोड ४९ लाख बजेटमा सडक डिभिजन कार्यालय चरिकोटले पहिरो नियन्त्रणका लागि ठेक्का लगाएर धमाधम काम भइरहेको थियो। ‘बर्खाअघि नै पहिरो नियन्त्रण गर्ने गरी हामीले ठेक्का लगाएर काम गरिरहेका छौँ,’ भण्डारीले भने, ‘तर, अहिले नेपाल सरकारको परराष्ट्र मन्त्रालयबाट पत्र प्राप्त भएपछि काम रोकेका छौँ।’

परराष्ट्रले पठाएको पत्रमा इकोपहिरो नियन्त्रण चिनियाँ अनुदानमा गरिन लागेको उल्लेख छ। परराष्ट्रले सीमाक्षेत्र भएकाले इकोपहिरो नियन्त्रण गर्न चीन सरकारलाई धेरैपटक पत्रमार्फत अनुरोध गरेको थियो। सरकारको पत्रलाई अन्ततः चीन सरकारले सकारात्मक जवाफ पठाएको हो। इकोपहिरो क्षेत्रमा चिनियाँ टोली आएर स्थलगत अवलोकन गरेका छन्। चिनियाँहरूले ड्रोनबाट पहिरो क्षेत्रको अवस्थाबारे जानकारी लिएको भण्डारीले बताए।

पहिरो नियन्त्रण गर्न भोटेकोशी नदीबाट पक्की पिल्लर र वाल उठाएर सडकसम्म ल्याउने काम जारी थियो। नेपाली ठेकेदारले गरेको हालसम्मको प्रगतिलाई मूल्यांकन गरेर भुक्तानी दिने र चिनियाँ ठेकेदार कम्पनीले नयाँ कामको सुरुवात गर्ने योजना रहेको उनले सुनाए। ‘सबै कुरा स्पष्ट आइसकेको त छैन। तर, काम चिनियाँ ग्रान्टमा हुने निश्चित भएको छ,’ भण्डारीले प्रस्ट्याए। स्थानीयवासीको आवास बचाएर काम गर्नुपर्ने भएकाले चिनियाँ पक्षसँग कुराकानी गरेर अगाडि बढ्ने सीमाक्षेत्रका वडाध्यक्ष कुमार श्रेष्ठले बताए। अन्तर्राष्ट्रिय नाका भएकाले बर्खाअघि नै पहिरो नियन्त्रण गर्न नसके आयात-निर्यात र पर्यटन क्षेत्र प्रभावित हुने उनले सुझाव दिए।

---

## ठगी, भ्रष्टाचार...

पृष्ठ १ बाट क्रमशः

मानिने पर्यटन क्षेत्र अहिले कानुनी विवादको केन्द्रमा आउँदा सरोकारवाला चिन्तित छन्।

अख्तियारको पछिल्ला कारबाहीले पर्यटनसम्बद्ध उड्डयन क्षेत्रमा हलचल सिर्जना गरेको छ। तर, विगतदेखि नै उड्डयन क्षेत्र विवाद र भ्रष्टाचारमुक्त छैन। जहाज खरिद भ्रष्टाचारको पछिल्लो कडी वाइडबडी विमान हो।

वाइडबडी खरिद प्रकरणमा अख्तियारले करिब एक अर्ब ४७ करोड रुपैयाँ भ्रष्टाचार ठहर गर्दै मुद्दा दायर गरेको थियो। विशेष अदालतले आंशिक दोषी ठहर गरेपछि मुद्दा सर्वोच्च अदालतमा पुनरावेदनमा छ।

अख्तियारले २२ मंसिर ०८० मा विशेष अदालतमा मुद्दा दायर गर्दा वाइडबडीमा आपूर्तिकर्ता कम्पनी एएआर कर्पलाई कुल २१ करोड ६३ लाख आठ हजार १०९ अमेरिकी डलर भुक्तानी गरेकोमा एक करोड ३३ लाख ८८ हजार १०९ डलर घोटाला भएको दाबी गरेको थियो। ती दुईवटा विमान ०७५ असार र साउनमा खरिद गरेर ल्याइएका थिए।

खरिद प्रक्रियामा संलग्न तत्कालीन पर्यटनमन्त्री जीवनबहादुर शाही, सचिव शंकरप्रसाद अधिकारी, निगमका महाप्रबन्धक सुगतरत्न कंसाकार, आपूर्तिकर्ता कम्पनीका आठ प्रतिनिधिसहित ३२ जनाविरुद्ध मुद्दा दायर गरेको थियो। जहाज खरिदमा भ्रष्टाचार भएको विषय संसद्को सार्वजनिक लेखा समितिसम्म पुगेर राजनीतिक मुद्दा नै बनेको थियो।

गत वर्ष विशेष अदालतले यस मुद्दाको फैसला गर्दै अख्तियारको दाबीबमोजिम नै एक अर्ब ४७ करोड भ्रष्टाचार भएको ठहर गर्‍यो। तर, विशेषले ११ जनालाई मात्र दोषी ठहर गरेर तत्कालीन पर्यटनमन्त्री शाहीसहित अन्यलाई सफाइ दियो। विशेषको फैसला चित्त नबुझेको भन्दै अख्तियारले गत १६ मंसिरमा सर्वोच्चमा पुनरावेदन गरेको छ।

विमानस्थल निर्माण परियोजनामा पनि व्यापक अनियमितता देखिएको छ। पोखरा अन्तर्राष्ट्रिय विमानस्थल निर्माणमा करिब आठ अर्ब ३७ करोड रुपैयाँ भ्रष्टाचार आरोपसहित पूर्वमन्त्री र उच्च तहका कर्मचारीविरुद्ध मुद्दा दायर गरिएको छ। लागत अस्वाभाविक रूपमा बढाइएको, कर छुट र अतिरिक्त भुक्तानीका विषयमा थप छानबिन जारी छ। नलिञ्चोक हेलिपोर्ट निर्माणमा पनि करिब १३ करोड ५७ लाख रुपैयाँबराबरको क्षति पुर्‍याएको आरोपमा मुद्दा दायर गरिएको छ।

पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माणमा अख्तियारले पाँच पूर्वमन्त्री र १० पूर्वसचिवसहित ५५ जनाविरुद्ध गत २१ मंसिरमा विशेष अदालतमा मुद्दा दायर गरेको छ। अख्तियारले तत्कालीन पर्यटनमन्त्रीहरू पोष्टबहादुर बोगटी, रामकुमार श्रेष्ठ, भीम आचार्य र दीपकचन्द्र अमात्य तथा तत्कालीन अर्थमन्त्री डा. रामशरण महतको संलग्नता ठहर गरेको छ। तीन वर्षअघि परेको उजुरीलाई टुंगो लगाउँदै अख्तियारले खरिद प्रक्रियामा संलग्नउपर मुद्दा दायर गर्‍यो। अख्तियारले ठेकेदार कम्पनी चाइना सिएएमसी इन्जिनियरिङ र प्राधिकरणका तीन पूर्वमहानिर्देशकसमेतलाई प्रतिवादी कायम गरेको छ।

विमानस्थल निर्माणका लागि स्वीकृत तथा बोलपत्रमा समेत आह्वान भएको लागत १६ करोड ९६ लाख ९७ हजार अमेरिकी डलर थियो। तर, त्यसलाई बढाएर २४ करोड ४० लाख ४० हजार ४५० डलरमा ठेक्का सम्झौता कार्यान्वयन गरेर भ्रष्टाचार गरिएको अख्तियारको निष्कर्ष छ। यसरी अस्वाभाविक बढाइएको लागत सात करोड ४३ लाख ४३ हजार ४५० अमेरिकी डलरलाई नै हरेक प्रतिवादीलाई बिगो कायम गरेर मुद्दा दायर गरेको छ, जुन तत्कालीन नेपाली विनिमय ११२.५५ रुपैयाँका दरले आठ अर्ब ३६ करोड ७३ लाख ५५ हजार २९७ रुपैयाँ हुन्छ। यही रकमलाई अख्तियारले भ्रष्टाचार मानेर बिगो कायम गरेको छ। मुद्दा अहिले विशेष अदालतमा विचाराधीन छ।

पोखरा विमानस्थल आयोजनाकै दोस्रो भ्रष्टाचार मुद्दा आइतबार अख्तियारले दायर गर्‍यो। आयोजनामा सुपरिवेक्षण परामर्शदाता नियुक्ति गर्दा ४६ करोड १५ लाख भ्रष्टाचार गरेको अभियोग अख्तियारको छ।

सार्वजनिक सम्पत्तिको हानिनोक्सानी पुर्‍याई भ्रष्टाचार गरेको कसुरमा अख्तियारले पूर्वपर्यटनसचिव केदारबहादुर अधिकारी र नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान)का तीन पूर्वमहानिर्देशकहरू सञ्जीव गौतम, राजन पोखरेल, प्रदीप अधिकारी, ठेकेदार कम्पनी चाइना सिएएमसी इन्जिनियरिङ तथा परामर्शदाता इआरएमसी/ए-नट/स्लेट संयुक्त उपक्रम (जेभी)का प्रतिनिधिसहित २१ जनालाई प्रतिवादी कायम गरेको छ।

विमानस्थल निर्माणका क्रममा परामर्श सेवा खरिदमा बदनियत राखी आपसी मिलेमतोमा सम्झौताको सर्त र प्रचलित कानुनविपरीत भुक्तानी लिई/दिई भ्रष्टाचार गरेको आरोप छ। नेपाल सरकारलाई प्राप्त ऋण सहयोगको रकम सम्झौताविपरीत खर्च गरी हिनामिना, हानिनोक्सानी र दुरुपयोग गरेको अख्तियारको आरोपपत्रमा उल्लेख छ। सम्झौताअन्तर्गत नै हुनुपर्ने कामका लागि प्राधिकरणबाट रकम खर्चेर सरकारलाई थप आर्थिक दायित्व सिर्जना गरिएको दाबी अख्तियारको छ।

पोखरा विमानस्थलसँगै जोडिएका अरू दुईवटा छानबिन अख्तियारमा चलिरहेको छ। विमानस्थल निर्माण गर्दा मूल सम्झौताको प्रावधानविपरीत ठेकेदार कम्पनीलाई दुई अर्ब २२ करोड ४० लाख कर छुट दिइएको थियो।

सार्वजनिक लेखा समितिले गत वैशाखमा तयार गरेको ‘पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको स्थलगत अध्ययन तथा अनुगमन प्रतिवेदन, २०८१’ ले तत्कालीन अर्थमन्त्री ज्ञानेन्द्र कार्कीको निर्देशनमा अर्थ मन्त्रालयले ‘कार्यान्वयन सम्झौता’का नयाँ सर्तहरू तयार गर्दै कर छुट दिने निर्णय गरेको औँल्याएको छ। मूल सम्झौताको मर्मविपरीत नयाँ सम्झौता सिर्जना गरेर कर छुट दिनु अनियमितता र नीतिगत भ्रष्टाचार भएको संसदीय समितिको ठहर छ।

त्यस्तै, ३२ करोड रुपैयाँ अतिरिक्त भुक्तानीको अर्को छानबिन पनि अख्तियारमा जारी छ। विमानस्थल पूर्ण रूपमा सञ्चालनमा ल्याउन सबै सुविधा तथा पूर्वाधार निर्माण गरी सञ्चालनमा ल्याउने दायित्व ठेकेदारको हुँदा पनि आयोजनाअन्तर्गतको ‘कम्पोनेन्ट’ छिनेडाँडा/रिट्टेपानी डाँडा ४० मिटर कटानीका लागि सम्झौताविपरीत अलग्गै ठेक्का गरेर छुट्टै निर्माण व्यवसायीलाई अतिरिक्त ३२ करोड दुई लाख भुक्तानी दिइएको थियो। अतिरिक्त खर्च गर्नुपर्ने नदेखिएकामा खर्च गरेको भन्दै यसबारे लेखा समितिले पनि प्रश्न उठाएको छ।

अख्तियार स्रोतका अनुसार यी दुवै छानबिन अन्तिम चरणमा पुगिसकेका छन्। ‘कर छुटसम्बन्धीको मुद्दा सम्भवतः एक महिनाभित्रै दायर हुन्छ। त्यसपछि अतिरिक्त भुक्तानीको मुद्दा पनि लैजाने गरी छानबिन चलिरहेको छ,’ अख्तियार स्रोत भन्छ।

भक्तपुरको नलिञ्चोकमा हेलिपोर्ट निर्माणमा भ्रष्टाचार गरेको भन्दै अख्तियारले प्राधिकरणका महानिर्देशक इन्जिनियर प्रदीप अधिकारीसहित सातजनाविरुद्ध गत १७ मंसिरमा मुद्दा दायर गर्‍यो। हेलिपोर्ट निर्माण गर्दा १३ करोड ५७ लाख ४६ हजार २१३ रुपैयाँबराबरको सार्वजनिक सम्पत्ति हानिनोक्सानी गरी भ्रष्टाचार गरेको कसुर छ। अख्तियारले अधिकारीसहित ६ जना र परामर्शदाता कम्पनीलाई समेत प्रतिवादी कायम गरेर मुद्दा दायर गर्‍यो।

साढे १७ करोड लागत अनुमानमा तयार गरिएको हेलिपोर्ट सञ्चालनयोग्य नरहेको, असुरक्षित र अनुपयुक्त स्थानमा व्यावसायिक योजना, लाभ, लागत विश्लेषणविना अस्वाभाविक रकम खर्च गरी निर्माण गरेको देखिएको अख्तियारको निष्कर्ष छ। बदनियतपूर्ण तरिकाले हेलिपोर्ट आयोजना अघि बढाएको, कानुन पालना नगरेको र अनेकौँ प्रक्रियागत त्रुटिसमेत भएको अख्तियारले औँल्याएको छ। उद्देश्यअनुरूप हेलिपोर्ट सञ्चालनमा आउन नसकेकाले सार्वजनिक सम्पत्तिको हानिनोक्सानी तथा दुरुपयोग भएको तथ्य पुष्टि भएको अख्तियारको ठहर छ।

पर्यटन क्षेत्रलाई अन्तर्राष्ट्रिय रूपमा प्रभावित पार्ने ‘फेक रेस्क्यु’ प्रकरणमा ३२ जनाविरुद्ध मुद्दा दायर गरिएको छ। ट्रेकिङ, हेलिकोप्टर कम्पनी र अस्पतालबिच मिलेमतो गरी नक्कली उद्धारमार्फत बिमा रकम दाबी गरिएको आरोप छ। अभियुक्तहरूले सन् २०२२ यता मात्र करिब २ अर्ब ८५ करोड रुपैयाँबराबरको बिमा दाबी गरेको देखिएको छ।

यस प्रकरणमा आइतबार काठमाडौं सरकारी वकिलको कार्यालयले एक अर्ब ५१ करोड रुपैयाँबराबरको सम्पत्ति जफत माग गरेको छ। प्रतिवादीहरूविरुद्ध संगठित अपराध र राष्ट्रहितविरुद्धको कार्य गरेको कसुरमा मुद्दा चलाइएको छ। ट्रेकिङ कम्पनी, हेलिकोप्टर कम्पनी र अस्पतालसमेतको संगठित मिलेमतोमा नक्कली उद्धारको गैरकानुनी काम भएका थिए।

सरकारले २ कात्तिक ०८१ मा वर्तमान संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री अनिल सिन्हाको संयोजकत्वमा उच्चस्तरीय अध्ययन तथा सुझाव समिति गठन गरेको थियो। सिआइबीले सोही प्रतिवेदनले दिएको सुझावअनुसार घटनाको अनुसन्धान गरेको थियो।

पूर्वपर्यटनसचिव शरदचन्द्र पौडेलका अनुसार पर्यटन क्षेत्रमा ठुलो लगानी, जटिल खरिद प्रक्रिया र बहुपक्षीय संलग्नताका कारण भ्रष्टाचारको जोखिम उच्च रहन्छ। निजी क्षेत्र, कर्मचारी र राजनीतिक तहबिचको मिलेमतोले गैरकानुनी लाभको सम्भावना बढाउने उनको विश्लेषण छ। ‘जहाँ साधनस्रोत धेरै हुन्छ, त्यहाँ भ्रष्टाचारको जोखिम स्वतः बढी नै हुन्छ। त्यसमाथि खरिद जोडिएपछि भ्रष्टाचार जोखिम अरू बढ्छ,’ उनले भने, ‘यी सबै मिलेमतोमा हुने काम हुन्। यसमा निजी क्षेत्र, कर्मचारी, राजनीतिक दल र पदाधिकारी जोडिन्छन्।’

यद्यपि, यस्ता कारबाहीले दीर्घकालमा पर्यटन तथा उड्डयन क्षेत्रलाई शुद्धीकरणतर्फ लैजाने उनले बताए। ‘हुन त ती मानिसहरूमा अख्तियारलगायतका निगरानी निकायलाई समेत प्रभावित पार्न सकिन्छ भन्ने मनोवृत्ति हुन्छ। त्यसैले नियम-कानुन पालनालाई पर्याप्त ध्यान दिँदैनन्,’ पौडेल भन्छन्, ‘यस्ता काममा जोडिएकामाथिको कारबाहीले भविष्यमा गैरकानुनी गतिविधि गर्नबाट रोक्न र शुद्धीकरण गर्न सहयोग पुग्छ। दीर्घकालमा यस क्षेत्रलाई फाइदै पुग्छ।’

ट्रेकिङ एजेन्सिज एसोसिएसन अफ नेपाल (टान)का अध्यक्ष सागर पाण्डेले पनि प्रकरणहरूको दोहोरो प्रभाव औँल्याएका छन्। उनका अनुसार यस्ता मुद्दाले गलत अभ्यास उजागर गर्ने सकारात्मक पक्ष भए पनि अन्तर्राष्ट्रियस्तरमा नकारात्मक सन्देश जाने जोखिम रहन्छ। नियमन, प्रोटोकल र कडा कार्यान्वयनमार्फत दिगो पर्यटन व्यवस्थापन गर्नुपर्नेमा उनको जोड छ। ‘यस्ता प्रकरणहरू बाहिर आउँदा गलत प्रवृत्ति निरुत्साहित हुन्छ, यो राम्रो पक्ष हो। तर, अर्कोतिर हुलमुलमा निर्दोष मान्छे मुछिने सम्भावना र अन्तर्राष्ट्रिय रूपमा नकारात्मक सन्देश जाने हुन सक्छ,’ उनले नयाँ पत्रिकासँग भने, ‘पर्यटक उद्धारका सम्बन्धमा अब राज्यले नै प्रोटोकल बनाएर व्यवस्थित गर्नुपर्छ। फेरि यस्तो नहोस् भन्ने सन्दर्भमा राज्य चनाखो हुनुपर्छ।’

### निगमको बेथिति र जहाजमा भएको भ्रष्टाचार छानबिनका लागि समिति गठन

नेपाली ध्वजावाहक वायुसेवा निगमको बेथिति र जहाजमा भएको भ्रष्टाचार छानबिनका लागि सरकारले अर्को समिति गठन गरेको छ। सचिवस्तरीय निर्णयमार्फत पर्यटन मन्त्रालयले यही ५ चैतमा प्रमाण संकलन, अध्ययन एवं छानबिन गरी कार्यान्वयन कार्ययोजनासहितको प्रतिवेदन एक महिनाभित्र पेस गर्ने गरी समिति गठन गरेको हो।

सचिव मुकुन्दप्रसाद निरौलाका अनुसार समितिले निगमको टिकेटिङदेखि जहाज सञ्चालन, मर्मतसम्भार, सेवा खरिद र कर्मचारीको खटनपटनलगायत विषयमा देखिएका बेथितिको छानबिन गर्नेछ। निगम जहाज खरिद, टिकट बिक्रीदेखि भद्रगोल व्यवस्थापनबाट निगम गुज्रिँदै आएको छ।

मन्त्रालयका अनुसार नागरिक उड्डयन महाशाखा प्रमुख सहसचिव मुकेश डंगोल संयोजकत्वमा उपसचिव (लेखा) रमेश पौडेल, कानुन अधिकृत आयाम शर्मा, एटिसी अधिकृत सुवर्णराज भट्टराई र उपसचिव गोकर्णप्रसाद उपाध्याय सम्मिलित पाँच सदस्यीय समिति भएको छ। मन्त्रालयले शुक्रबार नै निगम सुधार कार्ययोजना कार्यदेश (टिओआर)सहित समिति गठनको पत्र संयोजकलाई पठाइसकेको छ।

निगम सुधारका लागि ०५८ यता नौवटा सुझाव समिति तथा कार्यदल गठन भइसकेका छन् । पछिल्लोपटक २६ चैत ०७९ मा पूर्वगभर्नर दीपेन्द्रबहादुर क्षेत्रीको अध्यक्षतामा नेपाल वायुसेवा निगमको संरचनागत एवं व्यवस्थापकीय अध्ययन तथा सिफारिस समिति गठन भएको थियो। पछिल्लोपटक गठित समिति दसौँ हो।

---

## प्रधानमन्त्री शाहलाई...

पृष्ठ १ बाट क्रमशः

खनालले शनिबार नयाँ पत्रिकासँगको फोन संवादमा भारतीय प्रधानमन्त्रीको निमन्त्रणा आएको र प्रधानमन्त्री शाहले स्वीकार गरेको पनि पुष्टि गरे। ‘भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीजीले पठाउनुभएको बधाई सन्देशमा हाम्रो प्रधानमन्त्रीज्यूलाई भारत भ्रमणको निमन्त्रणा गरिएको छ। प्रधानमन्त्रीले भ्रमणको निमन्त्रणा स्वीकार गर्नुभएको छ,’ परराष्ट्रमन्त्री खनालले मौरिससबाट नयाँ पत्रिकासँग भने।

मन्त्री खनालका अनुसार परराष्ट्र मन्त्रालयले भारतलाई जवाफी चिट्ठीमा उपयुक्त समयमा कूटनीतिक च्यानलमार्फत भ्रमण तय गर्ने भनेको छ। ‘कुनै मिति तय भएको होइन, निमन्त्रणाको औपचारिकता प्राप्त भएको हो र हामीले जवाफ त्यहीअनुसार पठाएका छौँ। एकपटक प्राविधिक तह (परराष्ट्रसचिवस्तरीय) वार्ता काठमाडौँमा हुन्छ, त्यसपछि उच्चस्तरीय भ्रमणका लागि प्रक्रिया अघि बढ्छ,’ खनालले भने।

मौरिससमै रहेका भारतीय विदेशमन्त्री जयशंकरसँगको शुक्रबार परराष्ट्रमन्त्री खनालसँग उच्चस्तरीय भेटवार्ताको चर्चा भएको थियो। ‘भारतीय विदेशमन्त्रीज्यूसँगको भेटवार्तामा सुरुमा हाम्रा प्राथमिकताबारे गृहकार्य गर्छौँ, हामीबिचका द्विपक्षीय संयन्त्रहरूको पुनरावलोकन गर्छौँ र विशेषगरी सूचना प्रविधिमा आधारित विकास तथा विकासका विविध परियोजनाको प्राथमिकता तय गर्छौँ भनेको छु,’ खनालले भने, ‘त्यसपछि विदेशसचिवस्तरमा दुई पक्षबिच थप समीक्षा गर्ने र त्यस आधारमा भ्रमण तय गरौँ भन्ने छ। यसमा भारतीय विदेशमन्त्री सहमत हुनुभएको छ।’

खनालका अनुसार जवाफमा जयशंकरले भनेका थिए, ‘तपाईंहरू समय लिएर गृहकार्य गर्नुहोस् र हामीलाई जानकारी दिनुहोस्। म विदेशसचिवलाई नेपाल पठाउँछु। त्यसमा छलफल गरेर अघि बढौँ।’ परराष्ट्रमन्त्री खनाल स्वदेश फर्केपछि सरोकारवाला मन्त्रालयसँग छलफल गर्ने तयारी छ। ‘परिवर्तित परिस्थितिमा नेपालको हितका आधारमा परियोजनाहरूको प्राथमिकता निर्धारण गर्छौँ,’ परराष्ट्रमन्त्री खनालले भने, ‘उहाँहरूसँग संवाद गर्छौँ र त्यसपछि उच्चस्तरीय भ्रमणमा प्रवेश गर्छौँ। तयारीसहित उच्चस्तरीय भ्रमण सफल होस् भन्ने हाम्रो चाहना छ। र, नेपालको यो चाहनालाई भारतले स्वागत गरेको छ।’

### नवौँ हिन्द महासागर सम्मेलनमा परराष्ट्रमन्त्री खनालले के भने ?



नवौँ हिन्द महासागर सम्मेलनलाई शनिबार सम्बोधन गर्दै परराष्ट्रमन्त्री खनालले हिमाल र महासागर अभिभाज्य रहेको बताएका छन्। ‘हिमालय र महासागर एक-अर्काबाट अलग छैनन्। हाम्रा हिमनदी पग्लिँदा समुद्रको सतह उठ्छ। यो प्रकृतिको नियम हो र यसैले कुनै तटीय राष्ट्रको जस्तै हिन्द महासागरको शासनमा नेपालको सरोकार उत्तिकै गहिरो छ,’ उनले भने, ‘भूपरिवेष्टित राष्ट्रका रूपमा मात्र होइन, सभ्यताको साइनो बोकेको राष्ट्रका रूपमा नेपाल यस मञ्चमा उभियो। करुणा र सामूहिक जिम्मेवारीविना यो संकटको सामना सम्भव छैन चाहे त्यो हिमालयको हिउँ होस् वा महासागरका तटीय समुदाय।’

परराष्ट्रमन्त्री खनालले पश्चिम एसियामा भएका द्वन्द्वबारे चर्चा गर्दै नेपालका लागि यी टाढाका घटना नभएका र यसले लाखौँ नेपाली नागरिकको सुरक्षा चिन्ता थपेको उल्लेख गरे। ‘पश्चिम एसियाको द्वन्द्वले इनधन मूल्य, आपूर्ति शृंखला र स्वदेशमा जीविकोपार्जनमा असर पारिरहेको छ। यसरी हिन्द महासागरको स्थिरता विश्व शान्तिसँग अभिन्न जोडिएको छ,’ उनले भने। मन्त्री खनालले साझा प्राकृतिक सम्पदाप्रति जिम्मेवारी लिनुपर्ने उल्लेख गर्दै यसका लागि समावेशी, पारदर्शी र नियम-आधारित बहुपक्षीय संरचना आवश्यक रहेको बताए। ‘अन्तर्राष्ट्रिय कानुनमा आधारित र सार्वभौमिक समानता, पारस्परिक सम्मान र शान्तिपूर्ण सहअस्तित्वका सिद्धान्तद्वारा बहुपक्षीय संरचनाहरू निर्देशित हुनुपर्छ,’ खनालले सम्बोधनमा भने।

नेपाल भूपरिवेष्टित राष्ट्र भए पनि हिन्द महासागरसँगको सम्बन्ध प्राचीन, स्वाभाविक र अविभाज्य रहेको परराष्ट्रमन्त्रीको भनाइ थियो। ‘इतिहासमा नेपाली व्यापारी, तीर्थयात्री र विद्वान्‌हरूले हिमालदेखि महासागरसम्मका मार्ग प्रयोग गरेका थिए। ती मार्ग केवल व्यापारका लागि मात्र नभई विचारहरूको आदानप्रदानका माध्यम पनि थिए,’ खनालले भने, ‘विशेषतः महासागरका किनारहरूले नेपालमा जन्मेका भगवान् गौतम बुद्धका शिक्षा फैलाएका थिए।’

परराष्ट्रमन्त्री खनालले नेपालका हिमनदीहरू तीव्र गतिमा पग्लिरहेको तर्फ ध्यानाकर्षण गराउँदै थपे, ‘यो घटनाले हिमताल विस्फोटको जोखिम बढाएको छ। उता हिन्द महासागर तीव्र रूपमा तातिरहेको छ, जसले समुद्री सतह बढाउँदै तटीय क्षेत्रहरूलाई जोखिममा पारिरहेको छ।’ हिन्द महासागर विश्व व्यापार र ऊर्जा प्रवाहको केन्द्र भएको उल्लेख गर्दै खनालले यसको स्थिरता विश्वव्यापी जिम्मेवारी रहेको पनि स्पष्ट पारेका छन्। हिमाल र समुद्रका देशहरू केवल भूगोलले मात्र नभएर साझा जिम्मेवारीले पनि जोडिएको उल्लेख गर्दै परराष्ट्रमन्त्री खनालले थपे, ‘नेपाल संवादको साझेदार, भूपरिवेष्टित राष्ट्रहरूको आवाज र हिमाल-महासागरबिचको पुलका रूपमा तयार छ।’

---

## ‘कान्स’मा...

पृष्ठ १ बाट क्रमशः

लेखक/निर्देशक शाह ‘एलिफेन्ट्स इन द फग’ कान्समा छनोट हुनुलाई ऐतिहासिक अवसरका रूपमा लिन्छन्। ‘कान्स फेस्टिभलको अन सर्टेन रिगार्ड विधामा प्रायः नयाँ वा एक-दुईवटा फिल्म बनाइसकेका निर्देशकहरूबिच प्रतिस्पर्धा हुन्छ। मेरो यो पहिलो फिचर फिल्म भएकाले यहाँसम्म पुग्नु मेरो मात्र नभई, समग्र नेपाली कथाको उपलब्धि हो,’ उनी भन्छन्, ‘फेस्टिभलमा फिल्म पुग्नु अहिले सामान्य कुरा भयो। तर, कान्सजस्तो फेस्टिभलमा हाम्रो कथा पुग्नु आफैँमा महत्त्वपूर्ण हो। आफ्नो फिल्म धेरै दर्शकसम्म पुगोस् भन्ने अपेक्षा हरेक फिल्ममेकरको हुन्छ। नेपालजस्तो देशको कथा पनि विश्व प्लेटफर्ममा पुग्दो रहेछ भन्ने कुरा आफैँमा महत्त्वपूर्ण हो।’

शाहले फिल्मको कथा लेखनदेखि लगानी जुटाउने र कास्टिङसम्मका चरण चुनौतीपूर्ण रहेको अनुभव पनि सुनाए। ‘कहिलेकाहीँ आफूले चाहेजस्तो फिल्म बन्न नसक्ने हो कि भन्ने डर पनि थियो,’ उनी भन्छन्, ‘कथा लेखनको प्रक्रियादेखि फिल्म निर्माण गर्न निकै गाह्रो थियो। नेपाली कथा र मैले भन्ने खोजेको कुरा धेरै मान्छेले हेर्न पाउँछन्। यसले पनि फिल्ममेकरका रूपमा उत्साहित बनाएको छ। कान्समा छनोट भएपछि मैले विश्व सिनेमामा जसरी निर्माण शैली चलिरहेको, एउटा आवाज बोकेको फिल्म बनाउन सकेँजस्तो लाग्छ।’

यस वर्षको कान्स १२ मेदेखि सुरु हुनेछ। उद्घाटन सत्रमा पियरे साल्भाडोरी निर्देशित सन् १९२० को परिवेशमा आधारित कमेडी सिनेमा ‘द इलेक्ट्रिक किस’ प्रदर्शन गरिनेछ। यसपटक फेस्टिभलको निर्णायकमण्डलको नेतृत्व दक्षिण कोरियाली चर्चित सिनेमामेकर पार्क चान-वुकले गर्नेछन्। यस वर्ष बार्बरा स्ट्राइस्यान्ड र पिटर ज्याक्सनलाई मानार्थ पाल्मे डओरबाट सम्मान गरिने घोषणा गरिएको छ।

कान्समा नेपाली फिचर चलचित्र छनोटको ऐतिहासिक उपलब्धिसँगै नेपाली फिल्म उद्योगप्रति अन्तर्राष्ट्रिय ध्यान आकर्षित हुने अपेक्षा गरिएको छ। चलचित्र समीक्षक डा. सचिन घिमिरे कान्सजस्तो प्रतिष्ठित फेस्टिभलमा नेपाली चलचित्र छनोट हुनु आफैँमा अर्थपूर्ण रहेको बताउँछन्। ‘एउटा चलचित्रकर्मीको लामो तपस्या, संघर्ष र मिहिनेतबाट मात्रै कान्सजस्ता फेस्टिभल पुग्न सम्भव हुन्छ। चलचित्रकर्मीको मिहिनेत र संघर्षलाई राज्यले बुझ्नुपर्छ। यस्ता चलचित्रर्मीका लागि राज्यतर्फबाट अतिरिक्त सहयोग र साथको अपेक्षा हुन्छ,’ उनी भन्छन्, ‘यस्तो वेला राज्यले अभिभाविकीय भूमिका निभाएर अन्तर्राष्ट्रिय स्तरमा प्रवर्द्धनका लागि सहयोग गर्नुपर्छ।’

चलचित्र विकास बोर्डका अध्यक्ष दिनेश डिसी कान्समा नेपाली फिचर चलचित्र छनोटलाई महत्त्वपूर्ण उपलब्धिका रूपमा हेरेको बताउँछन्। ‘यो नेपाली चलचित्र उद्योगका लागि गर्वको क्षण हो। व्यक्तिगत संघर्षबाट नेपाली चलचित्र त्यहाँ पुगेको छ, सरकारले पनि यस्ता अन्तर्राष्ट्रिय सफलतालाई प्रोत्साहन गर्नुपर्छ। हामी अब नेपाली फिल्मलाई विश्व बजारमा प्रवर्द्धन गर्न थप पहल गर्नेछौँ। यस्ता प्रयासलाई संस्थागत रूपमा सहयोग गर्ने योजना बनाइरहेका छौँ,’ उनले भने।


अध्यक्ष डिसीका अनुसार कान्स फेस्टिभलमा चलचित्र विकास बोर्डले आफ्नै आधिकारिक स्थान (बुथ) लिएर नेपाली फिल्मको बजार विस्तार तथा प्रवर्द्धन गर्ने तयारी गरेको छ। ‘हामी आफैँले ठाउँ लिएर नेपाली फिल्मको बजार प्रवर्द्धन गरिरहेका छौँ। यहीबिचमा नेपाली फिल्म ‘एलिफेन्ट्स इन द फग’ छनोट हुनु एउटा अवसर पनि हो। यसपटक कान्समा नेपालको आफ्नै बुथमार्फत प्रचारप्रसारलाई थप प्रभावकारी बनाइनेछ। यसले अन्तर्राष्ट्रिय स्तरमा नेटवर्क विस्तार र वितरणका सम्भावना बढाउने अपेक्षा गरिएको छ,’ उनले भने।

बोर्डले यो उपलब्धिलाई प्रवर्द्धन गर्न चलचित्र निर्माण टिमलाई आर्थिक सहयोग गर्ने जनाएको छ। बोर्डले ट्राभल ग्रान्टसँगै अतिरिक्त बजेटमार्फत सहयोग गर्ने तयारी गरेको डिसीले बताए। अन्तर्राष्ट्रिय ठुला फेस्टिभलमा विगतमा आफ्नै स्थानको अभाव थियो। जसले नेपाली चलचित्र निर्माताले कठिनाइ भोग्दै आएको थियो। डिसीले नेपाली सिनेमा उद्योगलाई ब्रान्डका रूपमा स्थापित गर्न राज्यले प्रवर्द्धन, सहयोग र प्रोत्साहनको भूमिका खेल्नुपर्नेमा जोड दिए।

# आन्तरिक किचलोमा अलिझँदै पुराना दलहरू

## गत फागुनको प्रतिनिधिसभा निर्वाचनमा धक्का व्यहोरेका कांग्रेस, एमाले, नेकपा र राप्रपामा कतै आन्तरिक किचलो बढ्दो, कतै नेतृत्व हस्तान्तरणको मुद्दा पेचिलो बन्दै







**प्रेम गौतम**/नयाँ पत्रिका

गत २१ फागुनको प्रतिनिधिसभा निर्वाचनमा गम्भीर धक्का व्यहोरेका कांग्रेस, एमाले, नेकपा र राप्रपामा आन्तरिक विवाद चुलिएको छ। यी पुराना दल चुनावमा पराजित भएसँगै संस्थापनपक्षप्रति इतरपक्ष कडा रूपमा प्रस्तुत भएका छन्। चारवटै दलका इतरपक्षले नेतृत्व हस्तान्तरणको विषयलाई मुख्य रूपमा उठाएका छन्। अझै सच्चिएर अगाडि नजाने हो भने झन कमजोर भइने चिन्ता इतरपक्षका नेताहरूको छ। पारदर्शिता, आन्तरिक लोकतन्त्र र स्पष्ट नीतिबिना अगाडि बढ्न नसकिने उनीहरू बताउँछन्।

राजनीतिक विश्लेषक लोकराज बरालले चुनावमा पराजित भएपछि एकले अर्कालाई आरोप लगाउने प्रचलन पुरानै रहेको बताए। 'पार्टीमा देखिएको दुई धारको राजनीतिले विवाद सतहमा देखिएको हो। पुराना नेता छाड्न नचाहने, नयाँलाई यही बेला ठेगान लगाउन सकिन्छ कि भन्ने लागेर नै पुराना दलमा किचलो देखिएको हो,' उनले भने, 'समयको मागलाई बुझ्नु र रुपान्तरित हुँदै अघि बढ्नुको विकल्प छैन। ढिलोचाँडो रुपान्तरण हुनुको अर्को उपाय छैन।'

प्रतिनिधिसभा निर्वाचनमा रास्वपा १८२ सिटसहित पहिलो बन्दा अन्य दल बढारिएका थिए। प्रतिनिधिसभामा कांग्रेस ३८, एमाले २५, नेकपा १७ र राप्रपाको पाँच सिट छ।

### कांग्रेसमा दुई खेमाको लडाइँ उत्सर्गतिर

कांग्रेसमा चुनावअघिदेखिकै आधिकारिकताको विवाद सुल्झिएको छैन। गत पुसमा विशेष महाधिवेशनबाट निर्वाचित गगन थापा नेतृत्वको कार्यसमितिलाई निर्वाचन आयोगले आधिकारिकता दिएपछि पूर्वसंस्थापन (देउवा) पक्ष सर्वोच्च अदालत गएको छ। उक्त मुद्दा अदालतमा विचाराधीन छ। तर, कांग्रेसमा समानान्तर गतिविधि भइरहेका छन्। रिट निवेदनमा निर्वाचन आयोगको निर्णय बदर र नयाँ निर्वाचित कार्यसमिति अवैधानिक भएको भन्दै भंग गर्न माग गरिएको छ। उक्त मुद्दा टुंगो नलाग्दै फेरि अर्को मुद्दा परेको छ। संस्थापन पक्षले ०८३ असोजमा गर्ने भनिएको १५औँ महाधिवेशन रोक्न माग गर्दै देउवा पक्ष पुनः अदालत गएको छ। उक्त रिटमा अदालतले विपक्षी झिकाउने आदेश दिएको छ। उक्त रिटमा सभापति गगन थापाले सर्वोच्च अदालतमा लिखित जवाफ पेस गर्दै विशेष महाधिवेशनलाई बाध्यात्मक परिस्थितिमा भएको दाबी गर्दै रिट खारेज गर्न माग गरेका छन्। 'निवेदक शेरबहादुर देउवाले आफूलाई कांग्रेसको सभापति र पूर्णबहादुर खडकाले आफूलाई कावा सभापति भन्ने पदीय हैसियत देखाउनुभएको रहेछ,' जवाफमा थापाले भनेका छन्, 'जबकि, विशेष महाधिवेशनबाट भएको निर्णय नं. ५ मा स्पष्ट रूपमा ०७८ सालको १४औँ महाधिवेशनबाट निर्वाचित केन्द्रीय कार्यसमितिको पदावधि समाप्त भएको भन्ने निर्णय गरी १५औँ नियमित महाधिवेशनबाट निर्वाचित केन्द्रीय कार्यसमितिको गठन नहुन्जेलसम्मका लागि केन्द्रीय कार्यसमितिको निर्वाचन गर्नका लागि केन्द्रीय निर्वाचन समिति गठन गरी सभापति गगनकुमार थापाको सभापतित्वमा नयाँ केन्द्रीय कार्यसमितिको गठन भएको र सोको प्रचलित कानुनबमोजिम अद्यावधिकसमेत भइसकेको अवस्थामा विपक्षी रहेको भन्ने केन्द्रीय कार्यसमिति अस्तित्वहीन भएकाले प्रस्तुत रिट निवेदन गर्ने हकदैया विपक्षीलाई रहेको छैन।'

आधिकारिकता विवाद टुंगो नलागेसम्म महाधिवेशन हुन नसक्ने इतरपक्षको दाबी छ। आधिकारिता विवादबारे आगामी ३ वैशाखमा सुनुवाइ हुँदै छ। इतरपक्षले भने अदालतमा आधिकारिकता विवाद विचाराधीन अवस्थामा रहेकाले राजनीतिक रूपमा अघि बढ्नु स्वाभाविक रहेको बताएको छ।

'यही स्थितिमा महाधिवेशन अघि बढाए गगन थापाको नेतृत्वमा एउटा महाधिवेशन हुन्छ, बाँकी रहेकाको अर्को महाधिवेशन हुन्छ। आधिकारिताको विषय नटुंगिएसम्म महाधिवेशन भए दुईटा महाधिवेशन हुने स्थिति रहन्छ,' १४औँ महाधिवेशनबाट निर्वाचित केन्द्रीय समितिका प्रचार विभाग प्रमुख मीन विश्वकर्माले भने।

कांग्रेस संस्थापनले समानान्तर गतिविधि जारी राखे कारबाहीसम्मको चेतावनी दिएको छ। 'यो परिस्थितिमा सबै गम्भीर बन्नुपर्छ। अहिले गुटबन्दी गर्ने, समानान्तर गतिविधि गर्ने समय होइन। अहिले देशभरका कार्यकर्ताले एकताबद्ध कांग्रेस खोजेका छन्। सबैले मर्यादामा रहेर काम गर्नुपर्छ,' महामन्त्री गुरुराज घिमिरेले भने।

जेन-जी आन्दोलनपछि कांग्रेसका तत्कालीन सभापति शेरबहादुर देउवाले उपाध्यक्ष पूर्णबहादुर खड्कालाई कार्यवाहक सभापतिको जिम्मा दिएका थिए। पार्टी निर्णयविपरीत विशेष महाधिवेशनको तयारी गरेको भन्दै खड्काले तत्कालीन महामन्त्री गगन थापा र विश्वप्रकाश शर्मा तथा सहमहामन्त्री फरमुल्लाह मन्सुरलाई कारबाही गरेका थिए। तर, पनि थापा र शर्मा रोकिएनन्। विशेष महाधिवेशन गरेर नेतृत्व लिए। थापाकै नेतृत्वमा कांग्रेस निर्वाचन गयो। तर, थापासहित सबै पदाधिकारी पराजित भए भने कांग्रेस पनि ३८ सिटमा खुम्चियो। त्यसपछि कांग्रेसको विवाद पुनः बल्झिएको हो।

### चुनावमा लज्जास्पद पराजयपछि एमालेमा नेतृत्व हस्तान्तरणको मुद्दा पेचिलो बन्दै

एमालेभित्र पनि संस्थापन र इरतपक्षको विवाद चुलिएको छ। निर्वाचनमा पराजय, नेतृत्व हस्तान्तरण र आन्तरिक लोकतन्त्रको विषयलाई इतरपक्षले मुख्य मुद्दा बनाएका छन्। अध्यक्ष केपी ओलीले राजीनामा दिएर मार्गप्रशस्त गर्नुपर्ने अन्यथा विशेष महाविधेशनबाट हटाउने चेतावनी इतरपक्षको छ। 'अब केपी ओलीबाट एमाले चल्न सक्दैन। उहाँले मार्गप्रशस्त गर्नुपर्छ। हामी यसको गम्भीर समीक्षा गरेर जान्छौं। आवश्यक परे विशेष महाधिवेशन पनि हुन सक्छ,' नेता वैजनाथ चौधरीले भने।

एमालेमा नेतृत्व परिवर्तन र कार्यशैलीको विषयमा शीर्ष नेताहरू नै आरोप-प्रत्यारोपमा उत्रेका छन्। उपमहासचिव लेखराज भट्ट कुनै पनि कुराको आन्तरिक र बाह्य कारण हुने भन्दै द्वन्द्ववादी भएर हेर्नुपर्ने बताउँछन्। 'भर्खरै महाधिवेशन भएको हो। चुनावको परिणाम सबैलाई थाहा छँदै छ। समीक्षा निर्मम भएर गर्न जरुरी छ। आन्तरिक र बाह्य दुवै कारण खोज्नुपर्छ। आन्तरिक प्रधान र बाह्य सहायक हुन्छ। तर, कहिलेकाँही बाह्य प्रधान र आन्तरिक सहायक पनि हुन सक्छ। हामीले वास्तविकता के हो, त्यो द्वन्द्ववादी भएर हेर्नुपर्छ। चुनावपछि तुरुन्तै अध्यक्षको बुबा बित्नुभयो। १३ दिन शोकमा रहनुभयो। त्यसपछि गिरफ्तारी भयो। बल्ल रिहा हुनुभएको छ। उहाँ उपचारमै हुनुहुन्छ।' उपमहासचिव लेखराज भट्टले भने, 'अध्यक्षले आफ्नो कुरा स्पष्ट नराखीकन बाहिर बोलेर त त्यसको अर्थ हुँदैन। कमिटीमा, विधिमा रहेर कुरा राख्नुपर्छ। बाहिर सामाजिक सञ्जालमा राखेको कुराले ठिक ठाउँमा पुऱ्याउँदैन। छलफलको आवश्यकता छ, निर्मम भएर समीक्षा गर्नुपर्छ। मूल नेतृत्वले कति जिम्मा लिने, अरूले कति लिने भन्ने हुन्छ। कमिटीमा नभई बाहिर बालेर मात्रै हुँदैन।'

माओवादी पृष्ठभूमिका रामबहादुर थापा बादललाई कार्यवाहक अध्यक्ष र संसदीय दलको नेता बनाएकोप्रति पनि इतरपक्ष आक्रोशित भएको छ। कार्यवाहक अध्यक्ष रामबहादुर थापा बादलले संसद्मा दिएको 'रास्वपाले सेना, विदेशी शक्ति र कर्मचारीतन्त्रको सहयोगमा करिब दुईतिहाइ बहुमत ल्याएको' अभिव्यक्ति पार्टीलाइन र निर्णयअनुसार नै रहेको दोहोऱ्याएपछि पुनः विवाद बल्झिएको छ। सचिवालय बैठकले चुनावी परिणाम स्वीकार गर्दै बादलले संसद्मा दिएको अभिव्यक्ति सच्याएको जनाएको थियो। बादलले पुनः पोखरामा अध्यक्ष ओलीसँगको परामर्शमै संसद्मा सम्बोधन गरेको जनाउँदै अभिव्यक्तिमा अडिग रहेको मात्र बताएनन्, पार्टीभित्रका 'दक्षिणपन्थीहरू' एक्सपोज भएको आरोपसमेत लगाएका थिए। उक्त अभिव्यक्तिको इतरपक्षका नेताहरू सुरेन्द्र पाण्डे, योगेश भट्टराई, खिमलाल भट्टराईलगायत नेताहरूले प्रतिवाद गरेका छन्। बुधबार पोखरामा आयोजित पार्टी कार्यक्रममा बादलले आफूले संसद्मा पार्टी नीतिअनुसार नै अभिव्यक्ति दिए पनि उपाध्यक्षले सार्वजनिक रूपमा विरोध गरेर दक्षिणपन्थी प्रवृत्ति उजागर गरेको भन्दै विष्णु पौडेललक्षित टिप्पणी गरेका थिए। उनको त्यही अभिव्यक्तिको इतरपक्षका नेताहरूले सामाजिक सञ्जालबाटै प्रतिवाद गरेका थिए।

### नेकपामा पनि नेतृत्व हस्तान्तरणको माग

नेपाली कम्युनिस्ट पार्टीमा पनि नेतृत्व पुष्पकमल दाहाल प्रचण्डले हस्तान्तरण गर्नुपर्ने विषयलाई युवा नेताहरूले उठाएका छन्। ४५ सदस्यीय केन्द्रीय संयोजन समितिमा युवा समावेश नभएपछि विरोध भएको छ। गत १९ चैतदेखि सुरु बैठक अझै सकिएको छैन। तर, युवा नेताहरू बैठकबारे जानकारी नभएको र केन्द्रीय समिति बैठकबाट महाधिवेशनको मिति तोकेर जानुपर्ने बताउँछन्। 'सच्चिने कि सक्किने' अवस्थामा कम्युनिस्ट आन्दोलन रहेकाले नेतृत्व हस्तातरण/पुस्तान्तरणसहित रूपान्तरित भएर जानुपर्नेमा युवा नेता रञ्जित तामाङले जोड दिए। 'पार्टीको बैठक बसे/नबसेको अत्तोपत्तो केही छैन। हामी बेखबर छौं। त्यही पुराना टिम, शैली, मिटिङले मात्र अब चल्दैन। केन्द्रीय समितिको बैठक बसेर सीधै महाधिवेशनको कार्यक्रम पास गर्नुपर्छ र समग्र समीक्षा गरेर महाधिवेशनले उपयुक्त निर्णय गर्नुपर्छ,' तामाङले भने, 'अहिले समयसन्दर्भअनुसार नेतृत्व पुस्तान्तरण र हस्तान्तरणसहित अगाडि जानुपर्छ। लामो त्याग र योगदान गरेका नेताहरू सम्मानित भइरहने वातावरण बनाउन पनि संगठनात्मक रूपान्तरण र पुस्तान्तरणसहित अगाडि बढ्नुपर्छ। नेकपा जोगाउन नसक्नुको कारण अहिलेको स्थिति आएकाले त्यसबाट शिक्षा लिएर रूपान्तरणसहित अगाडि बढ्नुपर्नेमा उनले जोड दिए।

● **गुरुराज घिमिरे**, महामन्त्री, कांग्रेस



अहिलेको परिस्थितिमा सबै गम्भीर बन्नुपर्छ। अहिले गुटबन्दी गर्ने, समानान्तर गतिविधि गर्ने समय होइन। पार्टीलाई एकताबद्ध भएर अगाडि लग्नुपर्छ। अहिले देशभरका कार्यकर्ताले एकताबद्ध कांग्रेस खोजेका छन्। सबैले मर्यादामा रहेर काम गर्नुपर्छ।

● **वैजनाथ चौधरी**, नेता, एमाले



अब केपी ओलीबाट एमाले चल्न सक्दैन। उहाँले मार्गप्रशस्त गर्नुपर्छ। हामी यसको गम्भीर समीक्षा गरेर जान्छौं। आवश्यक परे विशेष महाधिवेशन पनि हुन सक्छ।

● **रञ्जित तामाङ**, युवा नेता, नेकपा



पार्टीको बैठक बसे-नबसेको अत्तोपत्तो केही छैन। हामी बेखबर छौं। त्यही पुराना टिम, शैली, मिटिङले मात्र अब चल्दैन। केन्द्रीय समितिको बैठक बसेर सीधै महाधिवेशनको कार्यक्रम पास गर्नुपर्छ र समग्र समीक्षा गरेर महाधिवेशनले उपयुक्त निर्णय गर्नुपर्छ अहिले समयसन्दर्भअनुसार नेतृत्व पुस्तान्तरण र हस्तान्तरणसहित अगाडि जानुपर्छ।

### राप्रपामा पनि विवाद



राप्रपा पनि आन्तरिक विवादमै छ। रास्वपामा अध्यक्ष राजेन्द्र लिङ्देन र महामन्त्री ध्वलशमशेर राणा पक्षबिच विवाद छ। उपसभामुखमा उम्मेदवार उठाएको विषयमा पार्टीको नीतिअनुरूप नभएको भन्दै महामन्त्री ध्वलशमशेर राणाले गम्भीर प्रश्न उठाएका छन्। 'पार्टीको प्रजातान्त्रिक पद्धतिलाई चुनौती दिँदै गरिएका कुनै पनि निर्णयमा मेरो हिजो पनि सहमति थिएन, आज पनि छैन र भोलिका दिनमा पनि हुनेछैन,' उनले भनेका छन्, 'म प्रस्ट पार्न चाहन्छु, हामी गणतन्त्रविरोधी आन्दोलनमा छौं।

## संक्षेप

### सम्पत्ति छानबिनको निर्णय म प्रधानमन्त्री हुँदा गरेको हुँ : प्रचण्ड



**काठमाडौं**/ नेपाली कम्युनिस्ट पार्टीका संयोजक पुष्पकमल दाहाल प्रचण्डले शीर्ष नेताहरूको सम्पत्ति छानबिन गर्ने निर्णय आफू प्रधानमन्त्री रहँदा नै गरिएको बताएका छन्। पार्टी मुख्यालय पेरिसडाँडामा शनिबार सञ्चारकर्मीसँग कुरा गर्दै उनले सो निर्णय आफ्नो कार्यकालमै भएको दाबी गर्दै यस विषयमा पटक-पटक उल्लेख गरिसकेको बताए। सम्पत्ति छानबिनको प्रक्रियाबारे बोल्दै उनले अहिलेको सरकारको काम-कारबाहीबारे टिप्पणी गर्न हतार हुने अवस्था नरहेको पनि स्पष्ट पारे। उनले वर्तमान नेतृत्वलाई समय दिनुपर्ने उल्लेख गर्दै सकेसम्म राम्रो काम गर्ने अपेक्षा व्यक्त गरे। सरकारले पूर्वप्रधानमन्त्री प्रचण्डसहित शेरबहादुर देउवा, केपी ओलीसहित सबै शीर्ष तहका नेताहरूको सम्पत्ति छानबिन प्रक्रिया अघि बढाएको छ।

### मधेशमा ६ दिन थपियो प्रादेशिक बिदा

**जनकपुरधाम**/ मधेश प्रदेश सरकारले ०८३ का लागि संघ सरकारले निर्धारण गरेको सार्वजनिक बिदाबाहेक थप ६ दिन बिदा दिने भएको छ। प्रदेश सरकारले राजपत्रमा सूचना प्रकाशित गर्दै पर्वलाई लक्षित गरी थप बिदा स्वीकृत गरिएको जनाएको हो। निर्णयअनुसार २ वैशाखमा 'सिरुवा पावनी', ३० कात्तिकमा छठ पर्वअन्तर्गत उदाउँदो सूर्यलाई अर्घ्य दिने दिन र २८ मंसिरमा 'विवाह पञ्चमी'का अवसरमा सार्वजनिक बिदा दिइनेछ। यसबाहेक प्रदेश सरकारले आवश्यकताअनुसार थप तीन दिनसम्म बिदा घोषणा गर्न सक्ने व्यवस्था गरिएको छ। गृह, सञ्चार तथा कानुन मन्त्रालयका निमित्त सचिव गणेश नायकका अनुसार १ वैशाखदेखि चैत मसान्तसम्म लागू हुने गरी एक वर्षको अवधिमा संघीय बिदा बाहेक थप ६ दिन सार्वजनिक बिदा स्वीकृत गरिएको हो।

### गण्डकी विश्वविद्यालयका ४४ विद्यार्थी दीक्षित

**पोखरा**/ गण्डकी विश्वविद्यालयका ४४ विद्यार्थी शनिबार दीक्षित भएका छन्। पोखरा महानगरपालिका ३२ ज्ञानकुञ्ज, मालमुलमा भएको समारोहमा स्नातक तहका तीन विषयका विद्यार्थी दीक्षित भएका हुन्। खेलकुद व्यवस्थापन (बिएसएम) कार्यक्रमका ११, सूचना प्रविधि (बिआइटी) का १८ र औषधि विज्ञान (बिफार्म) का १५ विद्यार्थी दीक्षित भएका विश्वविद्यालयका उपकुलपति डा. कृष्णराज अधिकारीले बताए। स्नातक तहमा सबैभन्दा धेरै सिजिपिए ल्याउने औषधि विज्ञानका गौरव भण्डारीलाई कुलपति पदक प्रदान गरिएको छ। स्नातक तहका विभिन्न कार्यक्रममा सबैभन्दा बढी सिजिपिए ल्याउने खेलकुद व्यवस्थापनतर्फ मिलनकुमार रोका, सूचना प्रविधिकी क्याटरिना बस्नेत र औषधि विज्ञानका गौरव भण्डारीलाई उपकुलपति पदक प्रदान गरिएको छ। विश्वविद्यालयमा हाल ६ वटा शैक्षिक कार्यक्रममा सात सय ५० विद्यार्थी रहेको विश्वविद्यालयका कुलपति प्राडा इन्द्रप्रसाद तिवारीले बताए।

### समानुपातिक विज्ञापन नीति लागू गर्न महासंघ बागमतीको माग


**हेटौंडा**/ नेपाल पत्रकार महासंघ बागमती प्रदेश समितिले साना तथा स्वरोजगारमुखी सञ्चारमाध्यमको हित र प्रवर्द्धनका लागि पूर्ण समानुपातिक विज्ञापन नीति कार्यान्वयन गर्न सरकारसँग माग गरेको छ। महासंघ प्रदेशका अध्यक्ष कृष्णसारु मगरको अध्यक्षतामा दोलखाको जिरीमा सम्पन्न प्रदेश समिति, जिल्ला अध्यक्षहरू तथा प्रदेशस्तरीय पत्रकार संगठनका प्रतिनिधिहरूको बैठकपछि जारी गरिएको 'जिरी घोषणा पत्र'मा सरकारी विज्ञापन प्रकाशन-प्रसारणमा देखिएको अनियमितता र भ्रष्टाचार नियन्त्रणका लागि सरकारले थालेका प्रयासको स्वागत समेत गरिएको छ। महासंघले सरकारी विज्ञापन प्रकाशन-प्रसारणमा देखिएको विकृतिको निष्पक्ष छानबिन गर्न पनि माग गरेको छ।

## एकै दिन ७ हजार २२ जनाले गरे पाथीभरा दर्शन



ताप्लेजुङमा रहेको प्रसिद्ध तीर्थस्थल पाथीभरा मन्दिरमा शनिबार एकै दिन सात हजार २२ जनाले दर्शन गरेका छन्। पाथीभरा क्षेत्र विकास समितिका निर्देशक प्रजिन हाम्बाङका अनुसार सार्वजनिक बिदा, अनुकूल मौसम र धार्मिक आस्थाका कारण दर्शनार्थीको संख्या बढेको हो। नेपालका विभिन्न जिल्ला र छिमेकी भारतबाट समेत तीर्थयात्री उल्लेख्य मात्रामा आएका हुन्। **तस्बिर : केशवप्रसाद भट्टराई/नयाँ पत्रिका**

## पपुलिजमले पुराना दलमा समस्या पाऱ्यो : थापा



**पोखरा**/ कांग्रेस सभापति गगनकुमार थापाले पपुलिजमका कारण पुराना दलहरू समस्यामा परेको बताएका छन्। कांग्रेस गण्डकी प्रदेशले पोखरामा शनिबार आयोजना गरेको निर्वाचन समीक्षा तथा 'कांग्रेसको अबको बाटो' विषयक कार्यक्रममा सभापति थापाले पपुलिजमको प्रभाव नेपाल मात्र नभई विश्वभर देखिएको बताए।

थापाले विगतमा आर्थिक उदारवादको लहर रहेको भए पनि अहिले पपुलिजमको लहर चलेको बताए। उनले सामाजिक सञ्जाल र पपुलिजमको संयोजनले परम्परागत दलहरूलाई चुनौती दिएको उल्लेख गरे। उनका अनुसार पहिले पार्टीको पिरामिड संरचनामार्फत सन्देश तलसम्म पुग्थ्यो, तर अहिले सामाजिक सञ्जालले केही समयमै सन्देश फैलाइदिन्छ।

उनले नयाँ मिडियामा जटिल विषय प्रस्तुत गर्न कठिन हुने बताए। 'कसैलाई '३० वर्ष लुट्यो' भनेर छोटो सन्देश दिँदा तत्काल भावनात्मक प्रतिक्रिया आउँछ,' उनले भने। 'पपुलिजमसगै नयाँ मिडिया आएको छ, जसलाई हामीले बोलीचालीमा सामाजिक संजाल भन्ने गरेका छौ। पपुलिजम र नयाँ मिडियाको कम्बिनेशनले परम्परागत दललाई समस्या परेको हो,' उनले भने, 'हिजो राजनीतिक संरचनाका पार्टी थिए, क्रियाशील सदस्य थिए, कार्यकर्ता थिए, नेता आउँथे कुरा राख्थे अनि कार्यकर्ताले सुनेर तलसम्म पुऱ्याउँथे अर्थात् पिरामिडजस्तो संरचना थियो, तर हाल पिरामिडिजस्तो संरचना नै चाहिएन हामी यहाँ बसेका छौं। नयाँ मिडियाले केही समयमै कुरा कसलाई पुऱ्याउनुपर्ने हो पुऱ्याइदिन्छ, पुरानो संरचना नै चाहिएन, अर्थात् भत्कियो।'

उनले पार्टीको वर्तमान अवस्था कुनै एक घटनाले नभई लामो प्रक्रियाबाट आएको भन्दै गहिरो समीक्षा आवश्यक रहेको बताए।

# हावाहुरी र असिनापानीले झापामा एक अर्ब ७२ लाखको क्षति

## कृषि बालीमा क्षति हुँदा पनि किसानले पाउँदैनन् राहत

झापामा **चिरञ्जीवी घिमिरे**

फागुन र चैतको हावाहुरी र असिनापानीले झापामा कृषिबालीमा एक अर्ब ७२ करोड बढी क्षति भएको छ। हावाहुरी र असिनापानी मकै, तरकारी, केरा, फापर, गहुँमा क्षति भएको कृषि ज्ञान केन्द्र झापाका प्रमुख सागर विष्टले बताए। यस वर्ष झापामा ११ हजार ७३५ दशमलव ५३ हेक्टर क्षेत्रफलमा हिउँदेबालीमा पूर्ण रूपमा क्षति भएको उनको भनाइ छ। यस्तै, चार हजार ४७६ दशमलव ५५ हेक्टर क्षेत्रफलमा लगाइएको हिउँदे बालीमा आंशिक क्षति भएको उनले बताए। 'पूर्ण क्षति भएको बाली अब काम लाग्ने अवस्थामा छैन,' उनले भने, 'आंशिक क्षति भएको बालीमा उत्पादन त हुन्छ। तर, कम मात्रामा हुने देखिन्छ।'

सबैभन्दा धेरै मकै खेतीमा क्षति भएको छ। झापामा यस वर्ष ४६ हजार हेक्टरमा मकैखेती लगाएको थियो। विगत वर्षलाई हेर्दा झापामा १३ अर्बको मकै फल्दै आएको विष्टले बताए। तर, यसपटक हावाहुरी र असिनापानीले १५ प्रतिशत कम हुने अनुमान गरिएको उनको भनाइ छ।

विष्टका अनुसार सबैभन्दा धेरै झापा गाउँपालिकामा लगाइएको हिउँदेबालीमा क्षति भएको छ। झापा गाउँपालिकामा लगाइएको ४५ करोड ८९ लाख ५१ हजार ६ सय रुपैयाँ मूल्यबराबरको हिउँदे बालीमा क्षति भएको उनले बताए। झापाको झापा गाउँपालिका र हल्दिबारी गाउँपालिकामा सबैभन्दा धेरै मकैखेती हुँदै आएको छ। बाह्रदशी गाउँपालिकामा २७ करोड २७ लाख ३० हजार तीन सय, कचनकवल गाउँपालिकामा ६ करोड ३७ लाख ५० हजार, बिर्तामोड नगरपालिकामा एक करोड ३५ लाख १२ हजार, दमक नगरपालिकामा १६ करोड ३५ लाख, गौरादह नगरपालिकामा एक करोड ७७ लाख, हल्दिबारी गाउँपालिकामा ४ करोड ५५ लाख १० हजार, कमल गाउँपालिकामा ३४ करोड ९० लाख ५९ हजार ९ सय, कन्काई नगरपालिकामा पाँच लाख ३२ हजार ८ सय, शिवसताक्षी नगरपालिकामा १२ करोड ९१ लाख १० हजार र भद्रपुर नगरपालिकामा १६ करोड पाँच लाख १८ हजार मूल्यबराबरको कृषिबालीमा क्षति पुगेको प्रमुख विष्टले बताए। यो तथ्यांक कृषि ज्ञान केन्द्र झापाले स्थानीय तहको कृषि शाखामार्फत संकलन गरेको हो। यो तथ्यांक कोशी प्रदेशको उद्योग, कृषि तथा सहरकारी मन्त्रालय र जिल्ला प्रशासन कार्यालय झापामा पठाइएको कृषि ज्ञान केन्द्र झापा प्रमुख विष्टले बताए।

ठुलो मात्रमा कृषि बालीमा क्षति पुग्दा पनि कृषकले सरकारी निकायबाट राहत पाउँदैनन्। गत असोजमा आएको बाढीका कारण झापामा मात्र सात करोड ६० लाख २८ हजारबराबरको क्षति भएको थियो। तर, त्यसवेलाको क्षतिको पनि किसानले राहत पाउन नसकेको कृषि ज्ञान केन्द्र झापाले जनाएको छ।



झापाको कचनकवल- ७ मा मकै खेतीमा हावाहुरी र असिनापानीले पुऱ्याएको क्षति।

यसपटकको हावाहुरी र असिनाले कृषकलाई ठुलो मर्कामा परेको कचनकवल गाउँपालिका- ७ मा मकैखेती गर्दै आएका किसान अभिकेशर काफ्लेले बताए। 'एक बिघामा मकैखेती लगाएको थिएँ, सबै सखाप भयो,' उनले भने, 'असिनाले कुटेर मकै कामै नलाग्ने भयो। यसपटक हामी किसान मर्कामा परेका छौं।' गाउँसम्म कृषि बिमाको बारेमा सचेतना नहुँदा कृषिमा ठुलो क्षति हुँदा पनि कृषकले राहत पाउँदैनन्। 'हामीलाई पशु बिमाबारे थाहा थियो। कृषि बिमाबारे जानकारी थिएन,' उनले भने, 'अहिले क्षति भएपछि जानकारी पाएका छौं। हामीलाई पालिकाले पनि कृषि बिमाको बारेमा जानकारी गराएन।'

कचनकवल- ७ की किसान इन्दिरा पौडेलका अनुसार एक बिघा मकैखेती गर्न करिब ४० हजार रुपैयाँ खर्च हुन्छ। तर, यसपटकको हावाहुरी र असिनाले मकैखेती पूर्ण रूपमा काम नलाग्ने भएको उनी बताउँछिन्। यसपटक नयाँ सरकार पनि आएका कारण किसानले राहत पाउनेमा उनी आशावादी छिन्। सरकारले कृषि क्षेत्रलाई बेवास्ता गरेको कचनकवल-७ का किसान सन्तोष भट्टराई बताउँछन्। 'सधैंजसो कृषि क्षेत्रमा यसरी नै क्षति हुन्छ। कहीं कतैबाट राहत पाइँदैन। यतिका क्षति हुँदा स्थानीय तहका जनप्रतिनिधिसम्म पनि हेर्न आउँदैनन्,' उनले भने, 'भोट माग्न आउँदा किसानका मुद्दा प्राथमिकतामा पर्छन्। तर, चुनाव सकिएपछि हाम्रो मुद्दा ओझेलमा पर्छ। केही गर्छन् भन्ने आशाचाहिं छैन। तर, कृषिक्षेत्र बचाइरहने भए किसानलाई सरकारले राहत उपलब्ध गराउनुपर्छ।'

# युवा नेतृत्वसँगका आशा र अवसर


## २१ फागुनको निर्वाचन परिणामपछि युवाको नेतृत्वमा नयाँ सरकार गठन भएसँगै मुलुकमा आमूल परिवर्तनको अपेक्षा बढेको छ



● डा. डिबी कट्टेल

अग्रलेख

युवाको नेतृत्वमा नयाँ सरकार गठन भएसँगै मुलुकमा आमूल परिवर्तनको अपेक्षा बढेको छ । सायद अब यही नै नेपाली जनताको आशा हुनुपर्छ । भर्खरै सम्पन्न निर्वाचनका परिणामले नेपाली राजनीति क्रमशः 'युवामय' बन्दै गएको देखिन्छ । यसले मुलुकको भविष्य युवाको हातमा हुनुपर्छ भन्ने जनभावनालाई उजागर गरेको छ । त्यसैले यो परिवर्तन केवल उमेरको आधारमा मात्र नभई सोच, दृष्टिकोण र कार्यशैलीका हिसाबले पनि एउटा गहकिलो 'ट्रान्सफर्मेसन' हो । युवा मस्तिष्कको दैनिकी स्मार्ट प्रविधि, कृत्रिम बुद्धिमत्ता, अन्तरिक्ष सपना र नयाँ युगको परिकल्पनासँग गाँसिएको छ । निर्वाचित सांसदको संख्यामा शिक्षित र आआफ्नो क्षेत्रमा विशेषज्ञता हासिल गरेका युवाको बढ्दो उपस्थिति मुलुका लागि सकारात्मक संकेत हो । संसद् र सरकारमा दक्ष युवाको उल्लेखनीय उपस्थितिले अब मुलुक पुरानै अवस्था र पुरातन कार्यशैलीमा चल्न नसक्ने स्पष्ट पारेको छ । २१औँ शताब्दीको गतिसँगै अघि बढ्न अब नयाँ सोच र ऊर्जाको विकल्प छैन । दलनिकट कार्यकर्ता र सर्धै नेतृत्वबाट लाभ लिइरहेकाहरूबाहेक अधिकांश जनताले अहिलेको राजनीतिक रूपान्तरणलाई सकारात्मक र आशाका रूपमा हेरेका छन् । साथै नयाँ दलको उदयले इतिहास बोकेका पुराना राजनीतिक दललाई समयानुकूल नेतृत्व पुस्तान्तरण, अनुशासित राजनीति र नवीन सोच अवलम्बन गर्न घचघच्याएको छ ।



मुलुकले अहिले नयाँ नेतृत्व पाएको छ- युवाहरूको । नयाँ नेतृत्वसँगै मुलुक एउटा महत्त्वपूर्ण मोडमा उभिएको छ, जहाँ दुई दिशा स्पष्ट देखिएका छन् । एउटाले समृद्धिको संकेत गर्छ भने अर्काले अस्थिरताको । विगत तीन दशकका निराशाजनक अनुभवबाट वाक्क भएका नेपाली जनता अब मुलुकमा अस्थिरता चाहँदैनन् भन्ने भर्खरैको निर्वाचन परिणामले स्पष्ट पारेको छ । त्यसैले, अस्थिरताको पाटोबारे थप बहस गर्नु आवश्यक देखिँदैन । तर, अब मुलुकलाई जनताले चाहेको सही दिशामा लैजाने कि नलैजाने एवं जनताको आशा र भरोसा बन्ने कि नबन्ने भन्ने निर्णय गर्ने जिम्मा नवगठित सरकारको काँधमा छ । यो कुरा उनीहरूको कार्य सम्पादनमा निर्भर रहनेछ र आगामी दिनमा क्रमशः स्पष्ट हुँदै जानेछ ।

पुरातन सोच, अदूरदर्शिता, सत्तालोलुपता, भ्रष्टाचार र नेतामाथि हुने वाक्युद्ध, नातावाद र कृपावाद यिनै विशेषताले विगतको राजनीति भरिएको थियो । ०४६ को परिवर्तनको समयमा पंक्तिकार कक्षा ९ मा पढ्थ्यो । मुलुकमा प्रजातन्त्र पुनर्बहाली हुनु आफैँमा ऐतिहासिक उपलब्धि थियो र आजको नयाँ परिवर्तनका लागि पनि त्यो उपलब्धि नै एउटा महत्त्वपूर्ण आधार हो ।

विगत तीन दशकमा मुलुकमा व्यापक परिवर्तन भए । जनताले मौलिक हक, अधिकार र स्वतन्त्रताको अनुभूति गर्न पाए । नयाँ संविधान बन्यो । फेरि मुलुक जटिल द्वन्द्वमा फस्यो, त्रासदीको वातावरण मौलायो । लोकतन्त्र आयो, गणतन्त्र आयो । यस अवधिमा ठुल्ठुला राजनीतिक अभ्यास र अनुभव भए । मुलुकमा विकास नै नभएको होइन, तर विश्वमा भइरहेको तीव्र परिवर्तनको तुलनामा जनताले समृद्ध मुलुक देख्न नपाएका मात्र हुन् । स्वास्थ्य र शिक्षाजस्ता आधारभूत तथा महत्त्वपूर्ण क्षेत्र आज पनि सामान्य नेपाली नागरिकको पहुँचभन्दा टाढा छन् । बेरोजगारीको उस्तै छ । नेतृत्वबिचको शक्ति संघर्ष, दम्भ र अहंकारको चक्रव्यूहमा मुलुक अल्झिरह्यो । गलत राजनीतिक अभ्यासले सहर मात्र होइन, गाउँ, समाज र परिवारसम्म विभाजन गऱ्यो ।

'प्रोटोकल' बिर्सिएका उदाहरण प्रशस्त छन् । यसकै कारण अपमानजनक घटना पनि भएका छन् । कूटनीतिक मर्यादासँग मेल नखाने अभिव्यक्ति दिने र राष्ट्रिय गरिमालाई कमजोर पार्ने प्रवृत्तिलाई निरुत्साहित गरिनुपर्छ । नेता, प्रशासक वा सर्वसाधारण, सबैका लागि अनुशासन अत्यन्त महत्त्वपूर्ण हुन्छ । साथै, राजदूत नियुक्तिमा राजनीतिक भागबन्डा हाबी हुनु र सक्षम व्यक्तिलाई प्रभावहीन स्थानमा पठाउनुले हाम्रो कूटनीतिक दक्षतामाथि गम्भीर प्रश्न उठाएको हुनाले अब दक्ष कूटनीतिज्ञ पहिचान गरी उनीहरूलाई राष्ट्रिय हितमा परिचालन गर्नु अपरिहार्य छ ।

> नेतृत्व तहमै युवाको जबर्जस्त उपस्थितिसहितको पछिल्लो परिवर्तन केवल उमेरका आधारमा मात्र नभई सोच, दृष्टिकोण र कार्यशैलीका हिसाबले पनि एउटा गहकिलो 'ट्रान्सफर्मेसन' हो

**शिक्षा, रोजगारी र युवा पलायनको चुनौती** : मुलुकमा विभिन्न परिवर्तन भएका छन्, तर तिनलाई विकासका रूपमा व्याख्या गर्न सकिन्न । धेरैजसो परिवर्तन त समयले स्वाभाविक रूपमा ल्याएका रूपान्तरण अर्थात् ट्रान्सफर्मेसन मात्र हुन् । वास्तविक विकासको मापन त जनताको जीवनस्तरसँग प्रत्यक्ष रूपमा जोडिएको हुन्छ । बाटोघाटो बन्नु मात्र विकास होइन, पूर्वाधारसँगै जनताको जीवनस्तर उकास्ने संरचना निर्माण हुनु नै विकासको सार हो । जबसम्म सामान्य नागरिकका लागि सहज स्वास्थ्य सेवा, सुलभ तथा गुणस्तरीय शिक्षा र गाँस, वास तथा रोजगारी सुनिश्चित हुँदैन, तबसम्म रूपान्तरणको अर्थ रहँदैन ।

हाम्रा युवा एसइई वा कक्षा १२ उत्तीर्ण गरेलगत्तै विदेश पलायन हुन बाध्य छन् । आफ्नै देशमा भविष्य देख्न नसक्नु र सपना पूरा हुने आधार नपाउनु राष्ट्रका लागि ठुलो क्षति हो । युवा पलायन रोक्न केवल भाषण र नाराले पुग्दैन । जबसम्म उनीहरूका सपना यहीँ साकार हुने वातावरण निर्माण गर्न सकिँदैन, तबसम्म मुलुक समृद्ध बन्न सक्दैन ।

विज्ञान र प्रविधि मुलुकको विकासका आधारस्तम्भ बन्न सक्छन् । विज्ञान कूटनीतिलाई प्रभावकारी बनाउँदै छिमेकी मुलुकमा भएका विज्ञान तथा प्रविधिको विकासबाट लाभ लिई मुलुकमै आधार निर्माण गर्नु आजको आवश्यकता हो । त्यसका लागि आवश्यक नीति र बजेट सुनिश्चित गर्दै विश्वविद्यालय तथा विज्ञान-प्रविधिमा कार्यरत संस्थालाई सक्रिय बनाउनु अपरिहार्य छ । नवगठित सरकारको १०० बुँदे प्रतिबद्धता पत्रमा विज्ञान तथा प्रविधिले उचित स्थान पाएको भने देखिँदैन । विगत एक दशकमा नेपालीले नै नेपालसँग सम्बन्धित थुप्रै वैज्ञानिक अनुसन्धान गरेका छन्, तिनलाई समेटेर राष्ट्रिय विज्ञान, प्रविधि र वातावरण संरक्षणसम्बन्धी आधारभूत नीति-निर्माण गर्न सकिन्छ ।

**सुशासन र संस्थागत सुधार** : मुलुकको समृद्धिको अर्को ठुलो बाधक भनेको भ्रष्टाचार, नातावाद, कृपावाद र परिवारवाद हो । घुसखोरी अन्त्य गरी एउटा पारदर्शी, प्रणालीगत र प्रक्रियागत शासन स्थापित गर्नु आजको आवश्यकता हो । तर, शिक्षण संस्था र सरकारी कार्यालयसमेत राजनीतिक भागबन्डाको सिकार बनेका छन् । विश्वविद्यालयका प्राध्यापक र विद्यार्थी दलीय आधारमा विभाजित हुँदा स्वच्छ शैक्षिक प्रतिस्पर्धा कमजोर बनेको छ, जसले निष्पक्ष युवाको भविष्य प्रभावित पारेको छ । आजको युवा पुस्ता विश्वविद्यालयमा राजनीति होइन, ज्ञान र सपना खोज्छ । नेतृत्व विकास र राजनीतिमा सहभागिता त दक्षता हासिल गरेपछि उनीहरूले स्वेच्छाले रोज्न सक्छन् ।

सरकारी निकायमा पनि दलीय आस्थाका आधारमा काम हुने प्रवृत्तिले आमनागरिकले पाउने सेवालाई प्रत्यक्ष असर पुऱ्याएको छ । राजनीतिक विचार हुनु स्वाभाविक भए पनि सार्वजनिक स्थल र सरकारी संयन्त्रमा दलीय भागबन्डा अन्त्य गर्दै योग्यता र क्षमताका आधारमा सेवा प्रवाह हुनुपर्छ । सरकारले शैक्षिक र सरकारी क्षेत्रमा राजनीतिक संगठन खारेज गर्नु सकारात्मक छ ।

हामी २१औँ शताब्दीको प्रारम्भमै छौँ । आजको युवा पुस्ताले मुलुकको जुनसुकै कुनाबाट पनि विश्व नियाल्न सक्छ । विश्वमा भइरहेका गतिविधि प्रत्यक्ष रूपमा अनुभूत गरिरहेको पुस्ताले ढाँट र झुटलाई सजिलै स्विकार्दैन । इतिहासबाट सिक्दै नयाँ इतिहास रचना गर्नु नै आजको आवश्यकता हो । शैक्षिक गुणस्तर वृद्धिसँगै विश्वविद्यालयमा रचनात्मक अभ्यासलाई प्राथमिकता दिनुपर्छ र समयअनुसार परिवर्तन पनि आवश्यक छ । मुलुकको विकाससँग प्रत्यक्ष सम्बन्धित महत्त्वपूर्ण निकायका जिम्मेवार पदमा राजनीतिक वा गुटगत भागबन्डाभन्दा पनि क्षमता र दक्षताका आधारमा नियुक्त गर्ने पद्धति स्थापित गर्नु अत्यावश्यक छ ।

**अहंकार कि सहकार्य** : नयाँ सरकार अवसर र चुनौतीको दोसाँधमा छ । जनताले दिएको म्यान्डेट र विश्वासको कदर गर्दै अघि बढ्नु सरकारको प्रमुख जिम्मेवारी हो । मुलुक अपरिपक्व निर्णय, प्रतिशोध, हचुवा वा केवल युवा जोसका आधारमा चल्न सक्दैन । यसका लागि गहिरो अध्ययन, अभ्यास, विज्ञसँगको परामर्श, संवेदनशीलता, दूरदृष्टि र पारदर्शिता आवश्यक हुन्छ । अनुभव मात्र सबै कुरा होइन, तर ज्ञान, सोच, विज्ञता र दीर्घदृष्टि विकासका निर्णायक पक्ष हुन् । 'हामी सबै विज्ञ छौँ' भन्ने अहंकार पनि हितकर हुँदैन । विगतका अनुभवले देखाएका छन्, नेतृत्वको अहंकारले मुलुकलाई जटिल परिस्थितिमा पुऱ्याएको छ । जिम्मेवार नेताहरू आपसी द्वन्द्व, आरोप-प्रत्यारोप र सत्ताप्राप्तिको दौडमा लाग्दा मुलुक राजनीतिक प्रयोगशाला बनिरह्यो । अन्ततः यही पृष्ठभूमिबाट जेन-जेड आन्दोलनको उदय भयो र आज युवा नेतृत्वमा नयाँ सरकार बनेको छ ।

अबको नेतृत्वले अहंकार त्यागेर सहकार्य र आपसी विश्वासको वातावरण निर्माण गर्नुपर्छ । पूर्वाग्रहविहीन वातावरण सिर्जना गर्दै मुलुकको सर्वांगीण हितका लागि नयाँ बाटो तय गर्न आवश्यक छ । पुराना दलको खबरदारी पनि उत्तिकै आवश्यक छ । यो उनीहरूका लागि आत्मसुधारको अवसर पनि हो । पुराना पुस्ताले क्रमशः विश्राम लिँदै राजनीतिक दलमा युवाको उदय हुनु जरुरी छ ।

अन्त्यमा, युवाहरूको विशेषज्ञतालाई सही ठाउँमा उपयोग गर्ने, सन्तुलित कूटनीतिमार्फत अन्तर्राष्ट्रिय लाभ लिने, शिक्षा र स्वास्थ्यमा आधारभूत सुधार गर्ने र सुशासन कायम गर्ने दिशामा सरकार दृढतापूर्वक अघि बढोस् भन्ने नै आमनेपाली जनताको चाहना हो । नयाँ ढंगले कार्यसम्पादन गर्दै यी पक्षलाई सम्बोधन गर्न सकिए मात्र समृद्ध र आत्मनिर्भर नेपालको सपना साकार हुनेछ । अन्यथा, यो सरकार पनि अहंकार, दम्भ र प्रतिशोधमै केन्द्रित भयो भने मुलुकको रूपान्तरणका लागि जलेका अमूल्य सम्पदा र भएका बलिदान व्यर्थ जानेछन् ।

*(डा. कट्टेल चाइनिज एकेडेमी अफ साइन्सेस, बेइजिङका नेपाली वैज्ञानिक हुन्)*

---

## ३ प्रश्न

उपभोक्ता अधिकार अनुसन्धान मञ्चका अध्यक्ष **माधव तिमल्सिना**लाई



**इन्धनको भाउ लगातार बढिरहनुलाई कसरी हेर्नुभएको छ ?**

इन्धनको मूल्यवृद्धिको प्रत्यक्ष असर खाद्यान्नदेखि दैनिक उपभोग्य वस्तुको मूल्यमा पर्छ । यसले सर्वसाधारणको भान्सा महँगो बनाउने र न्यून आय भएका वर्गको जीवनस्तर कष्टकर बनाउने देखिन्छ । यो अर्थतन्त्रमा 'चेन रियाक्सन' जस्तै हो, जसले मुद्रास्फीति बढाउँछ । तर, यसलाई परनिर्भरता घटाउने अवसरका रूपमा पनि लिन सकिन्छ । महँगो जीवाश्म इन्धनको विकल्पमा विद्युतीय सवारीसाधन र स्वदेशी जलविद्युत्को प्रयोग बढाउन यसले दबाब सिर्जना गर्छ । यद्यपि, तत्कालका लागि भने यो आमजनताका लागि ठुलो आर्थिक भार र व्यवस्थापकीय चुनौती नै हो ।

**इन्धनको यस्तो मूल्यवृद्धिले आमउपभोक्तामा कस्तो प्रभाव पर्छ ?**

पेट्रोलियम पदार्थको मूल्य बढ्दा ढुवानी भाडा बढ्छ । यसले गर्दा चामल, दाल, तरकारीजस्ता दैनिक उपभोग्य वस्तु महँगिन्छन् । सार्वजनिक सवारीको भाडा र निजी सवारीको सञ्चालन खर्च बढ्दा सर्वसाधारणको मासिक बजेट बिग्रन्छ । आम्दानी स्थिर रहने तर खर्च बढ्ने हुँदा निम्न र मध्यमवर्गीय परिवारको बचत घट्छ, जसले शिक्षा र स्वास्थ्यजस्ता आधारभूत आवश्यकतामा सम्झौता गर्नुपर्ने अवस्था सिर्जना गर्छ । लगातारको मूल्यवृद्धिले भविष्यप्रति चिन्ता र आमजनतामा निराशा पैदा गर्छ । इन्धनको मूल्यवृद्धि केवल एउटा वस्तुको मूल्य बढ्नु मात्र नभई यो आमनागरिकको क्रयशक्ति घटाउने र गरिबी बढाउने मुख्य कारक बन्छ ।

**यस्तो अप्ठ्यारो अवस्थामा उपभोक्तालाई राहत दिन राज्यले के गर्नुपर्ला ?**


राज्यले इन्धनमा लगाइएका भन्सार, पूर्वाधार करमा अस्थायी कटौती गरी उपभोक्तालाई सिधै मूल्यमा राहत दिन सकिन्छ । सार्वजनिक यातायात र कृषि कार्यमा प्रयोग हुने इन्धनमा सहुलियत दिन सकिन्छ । 'प्यास कार्ड'जस्ता संयन्त्रमार्फत न्यून आय भएका वर्गलाई प्रत्यक्ष अनुदान उपलब्ध गराउनुपर्छ । भान्सामा इन्डक्सन चुलो र सडकमा विद्युतीय सवारीसाधनको प्रयोग बढाउन विद्युत् महसुलमा सहुलियत र पूर्वाधारमा लगानी बढाउनुपर्छ । इन्धनको मूल्यवृद्धिको बहानामा हुने अस्वाभाविक कालोबजारी र महँगी नियन्त्रण गर्न कडा अनुगमन गर्नुपर्छ ।

---

**प्रेरक प्रसंग**

## दुर्योधनलाई स्वर्ग !

१८ दिनपछि महाभारतको युद्ध समाप्त भयो । सम्पूर्ण कौरव सेना र योद्धा युद्धमा मारिइसकेका थिए । पाण्डवले पनि केही समय शासन सञ्चालन गरेपछि उनीहरू स्वर्गतर्फको यात्राका लागि सबै भाइ हिमालय पुगे । त्यहाँ पुग्दानपुग्दै द्रौपदीसहित सबै भाइ ढले । पत्नी र भाइहरू ढलेपछि युधिष्ठिर मात्र एक्लै स्वर्ग गए ।



युधिष्ठिर जीवितै स्वर्ग गएका थिए । त्यहाँ उनले स्वर्ग र नरक दुवै देखे । उनले स्वर्गमा प्रवेश गर्नासाथ त्यहाँ आरामसाथ बसिरहेका दुर्योधनलाई देखे । उनले आफ्ना भाइहरूलाई पनि भेटे । बाटामा भाइहरू ढल्दै गर्दा पनि प्रश्न गरिरहने भीमले यहाँ पनि दाजु युधिष्ठिरसित प्रश्न गरे- दाजु, यो दुष्ट दुर्योधनले जीवनभर अनीतिको पक्ष लियो । यसले जीवनमा दुराचारसिवाय केही गरेन । उसले जीवनमा स्वर्ग प्राप्त गर्ने एउटै पुण्य कर्म गरेको थिएन । तैपनि, उसले स्वर्ग कसरी प्राप्त गऱ्यो ? के ईश्वरको न्यायमा पनि पक्षपात हुन्छ हो ?

युधिष्ठिरले भने- त्यस्तो होइन भीम, ईश्वरीय विधानअनुसार प्रत्येक पुण्यको परिणाम अत्यन्त थोरै नै भए पनि उसले स्वर्ग प्राप्त गर्छ । सबै दुर्गुण हुँदाहुँदै पनि दुर्योधनमा एउटा सद्गुण थियो, जसको प्रसादस्वरूप उसलाई स्वर्गमा स्थान प्राप्त भयो ।

भीमले सोधे- दुर्योधनमा त्यस्तो कुन सद्गुण थियो, जसका कारण उसलाई स्वर्गमा स्थान प्राप्त भयो ? युधिष्ठिरले जवाफ दिए- ऊ आफ्नो लक्ष्य प्राप्त गर्नका लागि जहिल्यै तन्मयतासाथ जुटिरह्यो । आफ्ना खराब संस्कारका कारण उसले जीवनलाई सही दिशा दिन नसके पनि उसको मार्ग भने सही थियो । ध्येयप्रति एकनिष्ठ रहनु पनि निकै ठुलो सद्गुण हो । यस सद्गुणको पुण्यको परिणामस्वरूप केही समयका लागि उसलाई स्वर्गमा स्थान प्राप्त हुनु निश्चित थियो ।

---

**टिप्पणी** nayapatrikaofficial @naya_patrika

## सही नजिर स्थापना गरौँ

२३ भदौमा भएको जेन-जी आन्दोलनकारीमाथि प्रहरीले गरेको बल प्रयोग सही थियो कि गलत ? सही थियो भने ठिकै छ, तर गलत थियो भने कोही त सजायको भागिदार हुनुपऱ्यो नि ! यदि प्रमाण अपुग र प्रतिशोधको बहाना बनाएर कोही पनि कानुनी दायरामा आउँदैन भने भोलि नेपालमा निरंकुश युग सुरु हुनेछ । किनकि, नेपालमा कुनै न कुनै बहानामा आन्दोलन भइरहन्छ अनि सानोतिनो आन्दोलनमा पनि प्रहरीले गोली चलाउन सक्छ, फेरि ओली-लेखकले जस्तै हामीले आदेश दिएको छैन, हामीलाई केही थाहा छैन भनेर उच्च तहका अधिकारी पन्छिन सक्छन् । जसले नेपालमा गलत नजिर स्थापना गराउनेछ । नजिर आफैँमा एउटा कानुन हो, संविधान हो, जसलाई कसैले अपव्याख्या गर्न सक्दैन ।

● **महावीर लामा**, सिन्धुपाल्चोक
lamamahabir9@gmail.com

## बन्द गरौँ घरेलु हिंसा

वैदेशिक रोजगारीमा रहेका महिलाले परिवार र समाजबाटै हिंसा झेल्नुपरिरहेको समाचार पढियो । यो हाम्रो समाजको अत्यन्त अँध्यारो पाटो हो । घरपरिवारको सुख, सुविधाका लागि विदेशमा गई पसिना बगाउनु कसैको पनि रहर नभई बाध्यता हो । जब कुनै पुरुष बाध्यतावश बिदेसिन्छ भने उसको अनुपस्थितिमा उसकी पत्नीमाथि घर, परिवार र समाजबाट हुने हिंसा कुनै पनि कोणबाट जायज ठहरिन सक्दैन । त्यसैले, बन्द गरौँ घरेलु हिंसा ।

● **स्वर्णिम परियार**, लगनखेल, ललितपुर

## बिजुली किन बलेन ?

धनगढीको चुरु गाउँपालिका-२ र ३ का दुई दर्जन गाउँबस्तीका झन्डै आठ सय परिवारले अझै बिजुली बाल्न नपाएको समाचार पढियो । जब एक वर्षअघि नै पोल गाढेर तारसमेत तानिसकिएको छ भने अहिलेसम्म किन बत्ती बलेन ? के नेपाल विद्युत् प्राधिकरणले यसबारे कुनै जानकारी पाएको थिएन ? यदि थियो भने उसले किन वास्ता गरेन ? के कारणले तारसमेत तानिसकिएका गाउँबस्तीमा बिजुली बल्न सकेन ?

● **अमृताकुमारी पासवान**, गोठाटार, काठमाडौं

## कानुन बराबर हुनुपऱ्यो

नेपालमा महिलाको पक्षमा बोल्ने कानुन पुरुषको पक्षमा चाहिँ किन मौन छ ? अहिले हाम्रो समाजमा नारीसँगसँगै पुरुष पनि पीडित हुँदै गएका छन् । विश्वास लाग्दैन भने रिपोर्टिङ गरेर हेर्नौं । महिलाले बोल्छन्, आफ्ना समस्या सुनाउँछन् । तर, पुरुषले बोल्न र भन्न सक्दैन । उसलाई यो समाजले बोल्न र भन्न अधिकार नै दिएको छैन भन्दा हुन्छ । हिजोको अवस्था अर्के थियो, आज अर्के छ । हिजो महिला पीडित थिए, आज पुरुष पनि पीडित हुन थालेका छन् । हाम्रो कानुन र न्याय व्यवस्थाले नारीको पक्षमा मात्र बोल्छ । पुरुषको पक्षमा बोल्ने कसले ?

सडकदेखि सदनसम्म महिलाका विषयमा चर्का कुरा उठ्छन्, तर पुरुषका विषयमा कसैले एक शब्द बोल्दैनन् । के समानता भनेको यही हो त ? पुरुषविनाको समाज कल्पना गरौं त । महिलाले आफूहरू पुरुषकै नामबाट चिनिनु किन पर्ने भनेर प्रश्न उठाएको सुनिन्छ । पक्कै पनि हो, अरूका नामबाट किन चिनिनुपऱ्यो ? सबै आ-आफ्नै नाम र कामले चिनिनु राम्रो हो । तर, त्यसो भन्दैमा कसैमाथि अनावश्यक लाञ्छना लगाउने, झुटा आरोप लगाउने, शारीरिक तथा मानसिक प्रताडना दिनेजस्ता कार्य कुनै पक्षबाट पनि हुनुहुँदैन । समाजमा महिलालाई स्वतन्त्रता चाहिन्छ भने पुरुषलाई पनि चाहिन्छ । त्यसैले, देशमा एकपक्षीय कानुन बन्नुहुँदैन र बनेका छन् भने पनि संशोधन हुनुपर्छ ।

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

---

# ताइवानमा फरक भाष्य सिर्जना गर्ने चीनको प्रयास

## ताइवानकी विपक्षी दलकी नेतृको भ्रमणमार्फत बेइजिङले ताइवानमा कायम स्थिरताबारे फरक भाष्य सिर्जना गर्न खोजेको छ



देश / विदेश

● देङ युवेन

ताइवानको प्रमुख विपक्षी दल कुओमिन्ताङ (केएमटी) की अध्यक्ष चेङ ली वन भ्रमणका क्रममा अहिले चीनमा छिन् । भ्रमणका क्रममा चेङ र चिनियाँ राष्ट्रपति सी जिनपिङबिच शुक्रबार भेटवार्ता भयो । चीनमा दशकौँ शासन गरेको केएमटीले सन् १९४९ मा माओ नेतृत्वको कम्युनिस्ट पार्टीसँगको गृहयुद्धमा हार भोगेपछि ताइवानमा अलग सरकार गठन गरेको थियो ।

विगतमा चिनियाँ कम्युनिस्ट पार्टी (सिसिपी) को कट्टर विरोधी रहेको केएमटी अहिले ताइपेई र बेइजिङबिच मित्रवत् सम्बन्धको पक्षपाती बनेको छ । विरोधी कित्तामा छ, ताइवानको सत्तारुढ दल 'डेमोक्रेटिक प्रोग्रेसिभ पार्टी (डिपिपी) । डिपिपीले अमेरिकासँग मिलेर ताइवानलाई स्वतन्त्र बनाउने लक्ष्य राखेको छ । यसअघि चेङको यात्रा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको चीन भ्रमणपछि हुने तालिका थियो । तर, इरान युद्धका कारण ट्रम्पको भ्रमण एक महिना पर धकेलिएपछि चेङको भ्रमण भएको हो ।

बेइजिङले चेङको भ्रमण र सी-चेङबिचको भेटवार्तालाई ताइवानसम्बन्धी ट्रम्पका धारणालाई प्रभाव पार्न प्रयोग गर्न सक्छ । खासमा बेइजिङ अहिले ताइवानवरपर 'शान्ति र स्थिरता'को कारण परिभाषित गर्ने प्रतिस्पर्धामा छ । विश्वका कैयौँ भागमा युद्ध मच्चिँदा पनि ताइवानवरपरको भाग अहिलेसम्म स्थिर नै छ ।

वासिंटन र ताइवानको सत्तारुढ दल डिपिपीले अहिलेको स्थिरता बेइजिङविरुद्ध अमेरिकी सैन्य प्रतिरोध र ताइवानको बढ्दो सैन्य क्षमताको प्रतिफल भएको औँल्याएका छन् । यसै भाष्यअनुसार ट्रम्पले ताइवानका लागि हालसम्मकै ठुलो अमेरिकी हतियार बिक्री प्याकेजमा हस्ताक्षर गरेका छन् । अर्को अझ ठुलो प्याकेज विचाराधीन रहेको बताइन्छ । ताइवानको ४० अर्ब डलरको विशेष रक्षा बजेटको पनि त्यहाँको संसद्मा समीक्षा भइरहेको छ ।

बेइजिङले चेङलाई निमन्त्रणा गर्नुको उद्देश्य ताइवानवरपर कायम शान्ति र स्थिरताबारे अमेरिका-डिपिपीले दिएभन्दा फरक भाष्य दिनु हो । भ्रमणको निमन्त्रणामा चेङको भ्रमणको उद्देश्य 'चिनियाँ कम्युनिस्ट पार्टी र कुओमिन्ताङबिच शान्तिपूर्ण सम्बन्ध विकास र दुई भेगको सम्बन्धलाई प्रवर्द्धन गर्ने' भनिएको छ ।

बेइजिङले ताइवानवरपरको शान्ति र स्थिरताको कारण सैन्य बल नभई बेइजिङ-ताइपेईबिचको आन्तरिक राजनीतिक सम्बन्ध हुनेमा जोड दिँदै आएको छ । अर्थात्, बेइजिङको दाबीअनुसार यस भेगको शान्ति वासिंटन या ताइवानको सैन्य क्षमताले कायम गरेको होइन ।

सी-चेङबिचको भेटवार्ताले ताइवानमा कायम शान्ति र स्थिरतामा कसको दाबी हुने भन्नेबारे ताइवानभित्रको राजनीतिक प्रतिस्पर्धालाई आकार दिन सक्छ । वर्षौंदेखि डिपिपी र अमेरिकाले एक सरल सूत्रलाई प्रवर्द्धन गर्दै आएका छन्, थप हतियार खरिद, बलियो सैन्य तयारी र गहिरो अमेरिका-ताइवान सम्बन्धले मात्र त्यस भेगमा स्थिरताको ग्यारेन्टी गरेको हो । चेङको यात्राले यसभन्दा भिन्न सूत्र प्रदान गरेको छ- संवाद पुनः सुरु गरेर ताइवानको स्वतन्त्रतातर्फको कदम रोक्दा पनि शान्ति कायम हुन्छ । भलै यो भाष्य सबै ताइवानीलाई मान्य नहोला, तर यसले हतियारमार्फत सबलता कायम भएको भाष्यको एकाधिकार तोड्छ ।

चेङले पनि यही धारणालाई दोहोऱ्याएकी छिन् । चीन प्रस्थान गर्नुअघि उनले दुई पक्षबिच युद्ध अपरिहार्य नभएको विश्व र ताइवानलाई देखाउन चाहेको बताएकी थिइन् । अर्थात्, बाह्य शक्तिमार्फत प्राप्त सैन्य प्रतिरोधभन्दा बेइजिङ र ताइपेईबिच साझा राजनीतिक आधारमा शान्ति र स्थिरता खोज्नुपर्ने उनको संकेत थियो । हतियार बिक्रीले ताइवानको प्रतिरक्षा क्षमता त बलियो बनाउला, तर त्यो राजनीतिक संयन्त्रबिचको सञ्चार विकल्प नभएको कुरा बेइजिङले पहिल्यैदेखि भन्दै आएको छ ।

बेइजिङले बदल्न चाहेको भाष्य यही हो ।

चिनियाँ सरकारी मिडिया र ताइवान मामिला हेर्ने चीनको कार्यालयले भ्रमणलाई केएमटी-चिनियाँ कम्युनिस्ट पार्टीबिचको सम्बन्ध तथा ताइवानको एक मुख्य राजनीतिक दलसँगको सम्बन्ध विस्तारसँग जोड्न खोजेको छ, अमेरिका-चीनबिचको प्रतिद्वन्द्विताको एक हिस्साका रूपमा होइन । अर्थात्, ट्रम्पको भ्रमणको मुखमा चीनले चेङलाई बोलाएर ताइवान मामिला कुनै बाह्य शक्तिले चासो दिनुपर्ने विषय नभई चिनियाँबिचको 'आपसी पारिवारिक मामिला' भएको देखाउन खोजेको छ ।

बेइजिङले यस तर्कमार्फत ट्रम्पलको हतियार बिक्री घट्ने वा अमेरिकाको ताइवान नीति बदलिने अपेक्षा गरेको छैन । बरु, उसको व्यावहारिक उद्देश्य डिपिपी र ताइवानका स्वतन्त्रता पक्षधरले सम्पूर्ण ताइवानको प्रतिनिधित्व गर्दैनन् भन्ने देखाउनु हो । अर्थात्, यस भ्रमणमार्फत बेइजिङले सो टापुमा अझै औपचारिक रूपमा स्वतन्त्रता घोषणाको विरोध गर्ने, वार्तामा संलग्न हुन चाहने र शान्तिपूर्ण सहअस्तित्वलाई समर्थन गर्ने महत्त्वपूर्ण राजनीतिक शक्ति बाँकी रहेको देखाएको छ । बेइजिङले यस विषयलाई अब नारामा मात्र सीमित नगरी वास्तविक रूपमा उच्चस्तरीय अन्तर्क्रियामार्फत अघि बढाउनुपर्छ । त्यसो भयो भने ताइवानको शान्ति र स्थिरता सैन्य प्रतिरोधबाट प्राप्त भएको भन्ने वासिंटनको भाष्यको प्रभुत्व तोडिनेछ ।

*(देङ चिनियाँ प्राज्ञ तथा लेखक हुन्)*
*फरेन पोलिसीबाट*

# अफगानिस्तान–पाकिस्तान तनावबारे भारतीय दृष्टिकोण

## दक्षिण एसियाका दुई देशबिचको द्वन्द्वले सिर्जित संकट भारतका लागि अवसर र जोखिम दुवै हुनेछ



● हर्ष बी पन्त
पन्त नयाँदिल्लीस्थित अब्जर्भर रिसर्च फाउन्डेसन अध्ययनका उपाध्यक्ष हुन्।

पछिल्लो समय इरानसँग अमेरिका-इजरायल युद्ध त्यसपछिका शान्तिवार्ताको प्रयासले विश्वको ध्यान तानिरहेको छ। यहीबिच दक्षिण एसियामा अर्को द्वन्द्व भइरहेको छ, जुन तुलनात्मक रूपमा ओझेलमा परेको छ। अफगानिस्तान र पाकिस्तानबिच लामो समयदेखि चलिरहेको तनाव दुई देशलाई छुट्याउने विवादित डुरान्ड रेखामा खुला टकरावमा परिणत भयो। पहिले छद्म गतिविधि हुँदै दुई देशबिचको शत्रुताले ठुलो आकार लियो, जुन अहिले पनि जारी छ। फेब्रुअरी २१ मा पाकिस्तानले तहरिक-ए-तालिबान पाकिस्तान (टिटिपी) र आइएसआइएस-के लाई लक्षित गर्दै नान्गारहार, पक्तिका र खोस्टमा कथित विद्रोहीको आश्रयस्थलमा हवाई हमला सुरु गऱ्यो। त्यसको एक सातापछि काबुलले पाकिस्ताका छवटा प्रान्तका विभिन्न स्थानमा स्थल हमला गरेर जवाफ दियो। इस्लामाबादले 'अप्रेसन गजब लिल हक'को साथ आक्रमणलाई थप तीव्र बनायो। काबुल र कान्दाहारमा लक्षित लक्ष्यमा प्रहार गर्दै पाकिस्तानी रक्षामन्त्री ख्वाजा आसिफले पाकिस्तानको 'धैर्यको बाँध फुटेको' घोषणा गरे।

हताहतको तथ्यांक अझै विवादित र अप्रमाणित छ, इस्लामाबादले २७४ तालिबान लडाकु मारिएको र १२ सैनिक गुमाएको दाबी गरेको छ भने काबुलले ५५ पाकिस्तानी सैनिक र आफ्ना १३ लडाकु मारिएको दाबी गऱ्यो। यद्यपि, युद्धमा मारिनेको संख्याभन्दा बाहिर एउटा वास्तविकता छ, संरचनात्मक रूपमा अस्थिर सीमा विवाद एक नयाँ र सम्भावित खतरनाक चरणमा प्रवेश गऱ्यो।

### ■ डुरान्ड रेखामा बढ्दो असन्तुष्टि

संकटलाई सतही रूपमा हेर्न सकिँदैन। यसको जड दुई देशको सीमालाई छुट्याउने डुरान्ड रेखामा लामो समयदेखि नसुल्झिएको विवादमा निहित छ। सन् १८९३ मा कोरिएको दुई हजार ६०० किलोमिटर सीमालाई त्यसपछिका अफगान सरकारले कहिल्यै औपचारिक रूपमा मान्यता दिएनन्। रेखाले पस्तुन आदिवासी भूमिलाई विभाजित गर्नुका साथै आधुनिक राज्य प्रणालीको भूगोलमा ऐतिहासिक गुनासो गर्छ।

सन् २०२१ मा तालिबान सत्तामा फर्किएपछि पाकिस्तानले सुरुमा रणनीतिक लाभांशको अपेक्षा गरेको थियो। यसले काबुलले टिटिपीलाई नियन्त्रण गर्ने अपेक्षा गरेको थियो। टिटिपीको अफगान तालिबानसँगको वैचारिक सम्बन्ध रहेको अभिलेख गरिएको छ। बरु, टिटिपी आक्रमण तीव्र भए। २०२५ मा मात्र दुई हजार ४०० भन्दा बढी पाकिस्तानी सुरक्षाकर्मी मारिएको रिपोर्ट गरिएको छ, जुन एक दशकमा सबैभन्दा बढी संख्या हो। इस्लामाबादको निराशा सुरक्षा क्षतिबाट मात्र नभई तालिबानमाथिको यसको लामो समयदेखिको प्रभुत्व क्षीण भएको धारणाबाट उत्पन्न भएको छ।

इस्लामाबाद, बाजौर र बन्नुमा हालै भएका आक्रमण (जसको दोष पाकिस्तानले अफगानस्तानमा रहेका लडाकुलाई लगाएको छ) ले तत्काल आगोमा घिउ थप्ने काम गरे। अक्टोबर २०२५ मा क्षेत्रीय अभिनेताद्वारा मध्यस्थता गरिएको लगातारका युद्धविराम प्रयास दुई पक्षबिच भएका झडपले ओझेलमा पऱ्यो। टिटिपीको सामना गर्न तालिबानको अनिच्छाले साझा पस्तुन एकता र आन्तरिक विखण्डनको त्रासलाई प्रतिबिम्बित गर्छ।

यी तनावमाथि भूराजनीतिक पुनर्संरचनाको पत्र देखिन्छ। इस्लामाबादले काबुललाई 'भारतको उपनिवेश'मा बगिरहेको आरोप लगाएको छ, जुन आरोप गत वर्ष अफगानस्तानका विदेशमन्त्री अमिर खान मुत्ताकीको नयाँदिल्ली भ्रमण र क्षेत्रीय आतंकवादको निन्दा गर्ने संयुक्त विज्ञप्तिपछि अझ पेचिलो बनेको थियो। पाकिस्तानका लागि काबुल र नयाँदिल्लीबिचको यो कूटनीतिक नम्रताको विषय केवल दृश्य मात्र होइन, बरु यसले सम्भावित रणनीतिक घेराबन्दीलाई प्रतिनिधित्व गर्छ। यसरी हालैको वृद्धि आतंकवादविरोधी अभियानजस्तै जबर्जस्ती संकेत देखिन्छ।



संकटलाई सतही रूपमा हेर्न सकिँदैन। यसको जड दुई देशको सीमालाई छुट्याउने डुरान्ड रेखामा वर्षौंदेखि नसुल्झिएको विवादमा निहित छ। सन् १८९३ मा कोरिएको दुई हजार ६०० किलोमिटर सीमालाई त्यसपछिका अफगान सरकारले कहिल्यै औपचारिक रूपमा मान्यता दिएनन्।

### ■ कसैले नजित्ने युद्ध

कुनै पनि युद्धको तत्कालको परिणाम आर्थिक र मानवीय हुन्छ। अफगानिस्तान ट्रान्जिट व्यापारका लागि पाकिस्तानी बन्दरगाहमा धेरै निर्भर रहन्छ, जबकि पाकिस्तानले आफ्नो पश्चिमी करिडोरबाट मनग्य राजस्व प्राप्त गर्छ। सीमा बन्द हुँदा खैबर पख्तुनख्वा र बलुचिस्तानमा आर्थिक गतिविधिलाई कमजोर बनाउने जोखिम हुन्छ। टिएपिआई ग्यास पाइपलाइनदेखि फराकिलो युरेसियन यातायात पहलसम्मका प्रमुख कनेक्टिभिटी परियोजनाले नयाँ अनिश्चितताको सामना गर्न सक्छन्। पाकिस्तानमा चीनको लगानीले विशेषगरी सिपिइसीअन्तर्गत आतंकवाद फैलियो भने बढ्दो सुरक्षा जोखिमको सामना गर्न सक्छ।

मानवीय आयाम पनि उत्तिकै गम्भीर छ। नागरिक हताहत, विस्थापन र सम्भावित शरणार्थी प्रवाहले अफगानिस्तानको पहिले नै भयानक सामाजिक-आर्थिक संकटलाई झनै जटिल बनाएको छ। लामो समयसम्मको अस्थिरताले बलुच पृथकतावादीलाई उत्साहित बनाउन सक्छ, आइएसआइएस-केलाई सशक्त बनाउन सक्छ र लडाकु पारिस्थितिक प्रणालीलाई थप विभाजित गर्न सक्छ। बाह्य सरोकारवाला- चीन, इरान, रुस र टर्कीका लागि यो तनावले अनिश्चित क्षेत्रीय सन्तुलनलाई बिगार्ने जोखिम छ।

तैपनि, पूर्णस्तरीय परम्परागत युद्धको सम्भावना अझै छैन। अफगानिस्तानमा हवाई शक्तिबारे अझै पर्याप्त ज्ञानको अभाव छ र पाकिस्तान, आफ्नो तर्फबाट लामो समयसम्म अगाडिको रणनीतिक परिदृश्य वहन गर्न सक्दैन। त्यसकारण, रणनीतिक खाडल जारी रहे पनि सैन्य वृद्धिको तर्क संरचनात्मक अवरोधले घेरिएको छ।

### ■ भारतको अडान

भारतका लागि संकट अवसर र जोखिम दुवै हो। नयाँदिल्लीको सार्वजनिक सन्देशले अफगानिस्तानको सार्वभौमिकतालाई जोड दिएको छ भने पाकिस्तानले आफ्नो आन्तरिक सुरक्षा असफलतालाई बाह्य रूपमा प्रस्तुत गरेकोमा आलोचना गरेको छ।

अलमल्लमा परेको पाकिस्तानले भारतको पश्चिमी सीमामा तत्कालका लागि दबाब कम दिन सक्छ र इस्लामाबादको क्षेत्रीय गतिशीलतालाई कमजोर बनाउन सक्छ। यद्यपि, अफगानिस्तानमा अस्थिरताले जोखिम बोकेको छ, अतिवादी परिचालन, भारतीय विकास परियोजनामा खतरा र भारतलाई मध्यएसियासँग जोड्ने कनेक्टिभिटी महत्त्वाकांक्षामा अवरोध। पाकिस्तानको बढ्दो तनावलाई नयाँदिल्लीसँग काबुलको गहिरो सम्बन्धलाई रोक्ने प्रयासको रूपमा बुझ्न सकिन्छ। समयसँगै, भारत-तालिबान सम्बन्धले पाकिस्तानको कूटनीतिक विकल्पलाई साँघुरो बनाउन सक्छ।

### ■ क्षेत्रीय मध्यस्थताको आवश्यकता

क्षेत्रीय मध्यस्थताअन्तर्गत रणनीतिक रूपमा तनाव कम गर्ने सम्भावना देखिन्छ। यद्यपि, डुरान्ड रेखा विवाद, टिटिपी आश्रयस्थल र क्षेत्रीय प्रभावका लागि व्यापक प्रतिस्पर्धा देखिन्छ। अझ पाकिस्तानबाट आएको पछिल्लो भड्किलो सन्देश अस्पष्ट छ। जबसम्म इस्लामाबाद रणनीतिक आवास र दण्डात्मक प्रतिशोधका बिच दोहोरिन्छ, तबसम्म यो आफैं सिर्जित असुरक्षाको चक्रमा फसेको रहनेछ।

यदि पाकिस्तानले आफ्नो पश्चिमी सीमामा स्थिरता खोज्छ भने उसले मौलिक रूपमा आफ्नो दृष्टिकोणलाई पुनर्संरचना गर्नुपर्छ- छनोट गरिएको आतंकवादको तर्क त्याग्नु, काबुलसँग दिगो राजनीतिक संलग्नतामा लगानी गर्नु र आफ्नै सिमानाभित्र कट्टरपन्थीकरणका संरचनात्मक चालकलाई सम्बोधन गर्नु। त्यसकारण, अनिवार्यता केवल तनाव कम गर्नु होइन, बरु इस्लामाबादले आत्मनिरीक्षण गर्नु पनि हो।

*- एनडिटिभीबाट*

## इतिहासमा आज

अप्रिल १२



**● सन् १८६१ : संयुक्त राज्य अमेरिकाबाट छुट्टिएको कन्फेडेरेट स्टेट अफ अमेरिकाको फौजले साउथ क्यारोलिनास्थित फोर्ट सम्टरमा आक्रमण गरेसँगै अमेरिकी गृहयुद्ध सुरु भयो।**

● **सन् १९२७** : कोमिन्ताङ नेता तथा चीनका तत्कालीन राष्ट्रपति च्याङ काई सेकले देशका कम्युनिस्ट समूहमाथि हिंसात्मक अभियान सुरु गरे।

● **सन् १९४५** : अमेरिकाको इतिहासमा सबैभन्दा लामो समय राष्ट्रपति रहेका फ्रांकलिन डी रुजबेल्टको पदमै हुँदा मृत्यु भयो। रुजबेल्टका उपराष्ट्रपति हयारी ट्रुम्यान देशका नयाँ (३३औं) राष्ट्रपति बने।

● **सन् १९४६** : सिरियाले फ्रान्सको औपनिवेशिक शासनबाट स्वतन्त्र भयो।

● **सन् १९५५** : जोनास साल्कले परीक्षण गरेको पोलियो खोप पूर्ण रूपमा सुरक्षित भएको घोषणा भएसँगै 'युएस फुड एन्ड ड्रग्स एडमिनिस्ट्रेसन'ले यसलाई आमप्रयोगका लागि स्वीकृति दियो।

● **सन् १९६१** : सोभियत अन्तरिक्षयात्री युरी गागरिन अन्तरिक्ष पुग्ने पहिलो व्यक्ति बने। उनी भोस्तोक प्रथममा अन्तरिक्ष गएका थिए।

● **सन् १९८०** : क्यान्सरका कारण एउटा खुट्टा गुमाएका क्यानडेली नागरिक टेरी फक्सले क्यान्सरबारे जनचेतना फैलाउन 'म्याराथन अफ होप' सुरु गरे।

● **सन् २००२** : ह्युगो चाभेजविरुद्ध भएको छोटो सैन्य कुका क्रममा पेड्रो कारमोना देशका अन्तरिम राष्ट्रपति बने।

● **सन् २०२२** : बेलायती प्रधानमन्त्री बोरिस जोनसनले कोभिड-१९ को लकडाउनका क्रममा पार्टीमा सहभागी भएको घटनाका लागि माफी माग्दै जरिवाना तिरे। उनी कानुन तोडेबापत सजाय पाउने पहिलो ब्रिटिस प्रधानमन्त्री हुन्।

**सन् २०२३** : घाना अक्सफोर्ड विश्वविद्यालयले बनाएको मलेरियाको नयाँ खोप मोस्क्विरिक्स-आरटिएसलाई स्वीकृति दिने पहिलो देश बन्यो।


## कंगोमा हरेक आधा घण्टामा एक बालबालिकामाथि यौनहिंसा

**किन्सासा**/ संयुक्त राष्ट्रसंघीय बाल कोष (युनिसेफ) ले पूर्वी डेमोक्रेटिक रिपब्लिक अफ कंगो (डिआरसी) मा द्वन्द्वका कारण बालबालिकामाथि यौनहिंसाका घटना डरलाग्दो रूपमा बढिरहेको जनाएको छ। सन् २०२५ मा भएका तीव्र द्वन्द्वको समयमा औसतमा हरेक आधा घन्टामा एक बालबालिका यौनहिंसाको सिकार भएको रिपोर्ट गरिएको युनिसेफले जनाएको छ।

गत वर्ष हजारौं यौनहिंसासम्बन्धी घटना संकलन गरिएका छन्, जसमा ३५ देखि ४५ प्रतिशत पीडित बालबालिका रहेको युनिसेफले भनेको छ। 'हामी छुट्टाछुट्टै घटनाको अनुसन्धान गरिरहेका छैनौं। अहिले त्यहाँ भइरहेका घटना गम्भीर मानव अधिकार संकट हो। कतिपय पीडित निकै साना बालबालिका हुन्,' युनिसेफका प्रवक्ता जेम्स एल्डरले भने, 'यौनहिंसालाई युद्धको हतियार र त्रास सिर्जना गर्ने माध्यमको रूपमा प्रयोग गरिएको देखिन्छ। यसले परिवार र समुदायमा गहिरो असर पारिरहेको छ।'उनले अझै धेरै घटना डर, लाज वा असुरक्षाका कारण रिपोर्ट नभएको हुन सक्ने भन्दै अवस्था भयावह हुन सक्ने चेतावनीसमेत दिए।

# साउदी, टर्की र इजिप्टबिच गठबन्धनको अर्थ

## इजरायली र इरानी प्रभुत्व रोक्न विकसित यो गठबन्धनले नयाँ क्षेत्रीय व्यवस्थाको सुरुवात गर्न सक्छ



● नतासा लिन्डस्टेड
नतासा 'एसेक्स विश्वविद्यालय'को 'सरकार तथा प्रशासन विभाग'की प्राध्यापक हुन्।



पाकिस्तानका प्रधानमन्त्री सेहबाज सरिफले अप्रिल ८ बिहान अमेरिका र इरानबिच दुई हप्ताका लागि युद्धविराम गर्ने कुरामा सहमति भएको घोषणा गरे। लगत्तै दुवै पक्षका प्रतिनिधिबिच शुक्रबार पाकिस्तानको राजधानी इस्लामाबादमा औपचारिक वार्ता हुने घोषणा गरियो।

पाकिस्तानले साउदी अरेबिया, इजिप्ट र टर्कीबिच वार्ता आयोजना गरेर इरान युद्ध अन्त्य गर्न आह्वान गरेको दुई हप्ताभन्दा छोटो समयपछि त्यस भेगमा यो नयाँ विकासक्रम विकसित भएको देखियो। चार देशका विदेशमन्त्रीबिच भएको बैठकले तेहरान र वासिंटनबिचको प्राथमिक वार्ता माध्यमको रूपमा आफूहरूलाई स्थापित गऱ्यो। र, सम्भवतः यो गठबन्धनले युद्ध अन्त्यपछि मध्यपूर्वमा इजरायली र इरानी प्रभुत्वलाई रोक्न बनेको नयाँ क्षेत्रीय समूहको सुरुवातको संकेत गर्छ।

फेब्रुअरीको अन्त्यमा इरानमाथि अमेरिका र इजरायलले आक्रमण गर्नुअघिदेखि नै इजरायल र इरान दुवै यस क्षेत्रमा अलगिएका थिए। सन् २०२० मा ट्रम्पले ल्याएको 'अब्राहम अकोर्ड' योजनाअनुरूप इजरायल र पश्चिम एसियाको आर्थिक शक्ति साउदी अरबबिच सम्बन्ध सुधार गर्ने लक्ष्य झन्-झन् टाढिँदै गएको छ। इजरायल र केही अरबी देशबिच सम्बन्ध स्थापित गरेको यस योजनाले मूल उद्देश्य साकार बनाउन सकेन।

संयुक्त अरब इमिरेट्स (युएई) र बहराइनले इजरायलसँग सम्झौतामा हस्ताक्षर गरेका थिए। तर, साउदी अरबले लामो समयदेखि प्यालेस्टिनी राज्य स्थापनाको ग्यारेन्टी नभई इजरायलसँगको सम्बन्धलाई सामान्य नबनाउने भन्दै आएको छ। तथापि, सन् २०२४ मा इजरायली संसद्मा भएको एक मतदानमा बहुमतले प्यालेस्टिनी राज्य बन्न नदिने पक्षमा मत दायर गरे। सम्बन्ध सुधारको सम्भावना टर्दै गएपछि साउदी अरबले ग्रिस र आफ्नो देशबिच बनाउन लागेको 'फाइबर-अप्टिक केबल'को ट्रान्जिटका रूपमा इजरायललाई हटाएर सिरियालाई प्रतिस्थापन गर्दै छ।

गाजामाथि इजरायली आक्रमणलाई लिएर टर्कीले पनि सन् २०२४ देखि इजरायलसँगको सम्पूर्ण व्यापार रोकेको छ। सेप्टेम्बर २०२५ मा कतारको राजधानी दोहामा रहेका हमास नेतामाथि इजरायलले प्रत्यक्ष आक्रमण गरेपछि इजरायल र कतारबिचको सम्बन्ध चिसियो। इजरायलको त्यस आक्रमकताका लागि संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्ले समेत सर्वसम्मत रूपमा निन्दा गरेको थियो।

उता इरानको एक मात्र मुख्य सहयोगी रुस देखिन्छ भने केही हदसम्म चीन र यमनको हुथी विद्रोही समूह पनि ऊसँग नजिक छ। अमेरिका र इजरायलले इरानमाथि आक्रमण सुरु गरेदेखि नै चीनले इरानबाट आफूलाई टाढा राखेको छ। हुथी युद्धको पछिल्लो समय इरानको समर्थनमा युद्धमा संलग्न भयो। तर, ऊ पछिल्लो केही वर्षदेखि इजरायली आक्रमणका कारण कमजोर छ। मार्च १८ मा कतारको मुख्य ग्यास संयन्त्र 'रास लाफान'माथि इरानी क्षेप्यास्त्र प्रहार भएपछि कतार र इरानबिचको बचेखुचेको सम्बन्धविच्छेद भएको छ। र, वर्षौंको शत्रुतापछि सन् २०२३ मा चीनको मध्यस्थतामा साउदी अरब र इरानबिच सम्बन्ध सुधार भएको थियो। तर, पछिल्लो एक महिनाको अवधिमा इरानले साउदी ऊर्जा संयन्त्रमाथि आक्रमण गरेपछि सो सम्बन्ध पनि लगभग टुटेको छ। यस पृष्ठभूमिमा इरान र इजरायल क्षेत्रीय रूपमा एक्लिँदा पाकिस्तान, साउदी अरब, टर्की र इजिप्टले पश्चिम एसियामा स्थिरताका लागि आफ्नो प्रयास तीव्र बनाएका छन्।

साउदी अरेबियासँग विश्वको दोस्रो ठुलो तेल भण्डार छ। त्यस्तै, इजिप्टले विश्वका प्रमुख समुद्रीमार्गमध्ये एक स्वेज नहरमाथि नियन्त्रण राख्छ भने टर्की नेटो गठबन्धनको सदस्य हो। यी देशको रक्षा उद्योग धेरै उन्नत छ। यो गठबन्धनले राजनीतिक तथा सैन्य रूपमा विश्वका सबैभन्दा प्रभावशाली मुस्लिमबहुल देशको प्रतिनिधित्व गर्छन्।

### ■ नयाँ व्यवस्था ?

पाकिस्तान, साउदी अरब, टर्की र इजिप्ट चारै देशका केही साझा चासो छन्, जसले उनीहरू पश्चिम एसियालाई पुनः आकार किन दिन चाहन्छन् भन्ने कुरालाई व्याख्या गर्न मद्दत गर्छ। चारै देशको अमेरिकासँग राजनीतिक र आर्थिक सम्बन्ध छ। यही नजिकको सम्बन्धका कारण चारै देश सन् २०२६ मा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको अग्रसरतामा स्थापित 'बोर्ड अफ पिस'को सदस्य बने। यस निकायले विश्वव्यापी द्वन्द्वलाई सम्बोधन गर्ने र गाजामा दिगो शान्ति तथा पुनर्निर्माणको नेतृत्व गर्ने लक्ष्य राखेको छ।

साथै यी चारै देशसँग गठबन्धनमा केही योगदान गर्न सक्ने विशिष्ट क्षमता छ। पाकिस्तानसँग आणविक हतियार छ। उता साउदी अरेबियासँग विश्वको दोस्रो ठुलो तेल भण्डार छ। त्यस्तै, इजिप्टले विश्वका प्रमुख समुद्रीमार्गमध्ये एक स्वेज नहरमाथि नियन्त्रण राख्छ भने टर्की नेटो गठबन्धनको सदस्य हो। चारै देशको रक्षा उद्योग धेरै उन्नत छन् भने उनीहरूको कुल जनसंख्या ५० करोड हुन्छ। एकसाथ लिँदा यो गठबन्धनले राजनीतिक तथा सैन्य रूपमा विश्वका सबैभन्दा प्रभावशाली मुस्लिमबहुल देशको प्रतिनिधित्व गर्छन्।

तर, यी चार राष्ट्र स्वाभाविक रूपमा प्राकृतिक सहयोगी हुन सक्ने देश भने होइनन्। उनीहरूको सम्बन्धको इतिहास हेर्ने हो भने तिनमा विभिन्न उतारचढाव देखिन्छ। उदाहरणका लागि साउदी अरब र इजिप्टको सम्बन्धलाई प्रायः 'कठिन विवाह'को रूपमा व्याख्या गरिन्छ। इजिप्ट कुनै समय 'प्यान अरब' राष्ट्रवादको चालक शक्ति थियो। धर्मनिरपेक्षवादी र सबै अरब राज्यबिच एकता हुनुपर्छ भन्ने विचारलाई बढावा दिने यो आन्दोलनलाई साउदी अरबले आफ्नो अस्तित्वको खतराको रूपमा हेरिरह्यो। तर, होस्नी मुबारक अपदस्थ भएर सन् २०१४ मा अब्देल फताह अल-सिसी राष्ट्रपति बनेदेखि यो आन्दोलन कमजोर बन्यो। त्यसयता दुई देशको सम्बन्ध सुधार हुँदै गएको छ। अल-सिसीले सन् २०१५ मा हुथीविरुद्ध साउदी नेतृत्वमा चलिरहेको सैन्य अप्रेसनलाई समर्थन प्रदान गरे। त्यसले इजिप्ट र साउदी अरेबियाबिच रक्षा सम्बन्धलाई गहिरो बनाउन सघायो।

केही समयदेखि रिसेप तैयप एर्दोगानको नेतृत्वमा टर्कीले आफूलाई क्षेत्रीय नेता तथा समस्या समाधानकर्ताको रूपमा स्थापित गर्ने प्रयास गरिरहेको छ। तथापि, टर्की आफैंले भने क्षेत्रीय शक्तिसँग चिसो सम्बन्धको अवधि सहेको छ। टर्कीसँग नजिक रहेका तत्कालीन इजिप्टका राष्ट्रपति मोहम्मद मोर्सीलाई सन् २०१३ को कुमार्फत अपदस्थ गरिएपछि अंकाराको नवगठित सैन्य सरकारसँग सम्बन्ध बिग्रियो। त्यस्तै, सन् २०१८ मा इस्तानबुलस्थित साउदी वाणिज्य दूतावासमा पत्रकार जमाल खसोग्गीको हत्यापछि टर्की र साउदी अरबबिचको तनाव निकै चुलियो। सन् २०२१ को एक अमेरिकी गुप्तचर रिपोर्टअनुसार साउदी युवराज मोहम्मद बिन सलमान आफैंले खसोग्गीको हत्यालाई अनुमोदन गरेका थिए। सन् २०२२ मा टर्की र साउदी र त्यसपछि सन् २०२५ मा टर्की र इजिप्टबिच बल्ल सम्बन्ध पुनर्स्थापित भयो।

टर्कीका राष्ट्रपति एर्दोगानले फेब्रुअरी २०२६ मा कायरो र रियादको भ्रमण गरे। त्यस भ्रमणमा उनले एसियालाई युरोपसँग जोड्न विभिन्न भू-आर्थिक ढाँचा प्रस्ताव गरे। यसमा एसिया, फारख खाडी र युरोपबिच आर्थिक एकीकरण वृद्धि गर्ने उद्देश्यसाथ अघि सारिएको आर्थिक करिडोर 'मध्यपूर्व करिडोर' पनि समावेश छ। उता पाकिस्तान यस द्वन्द्वमा इरानबाट आक्रमण हुँदा साउदी अरबको सहयोगमा अहिलेसम्म आएन। जबकि, सन् २०२५ मा दुई देशबिच भएको रणनीतिक पारस्परिक रक्षा सम्झौतामा हस्ताक्षरअनुरूप दुईमध्ये कुनै देशमाथि आक्रमण भए अर्कोले सहयोग गर्ने विषय समेटिएको छ।

साउदी अरब, इजिप्ट, पाकिस्तान र टर्कीबिच सबै कुरामा सधैं समर्थन देखिँदैन। तर, इजरायल र इरानबाट बढ्दो जोखिमबिच उनीहरूबिच विकसित 'सुविधाको सम्बन्ध' अहिले दिन-प्रतिदिन महत्त्वपूर्ण हुँदै गएको छ।

*- द कन्भर्सेसनबाट*

# अर्थ पत्रिका

नयाँ पत्रिका
आइतबार २९ चैत ०८२


■ चक्रपथ दोस्रो खण्ड विस्तार

# एक महिनाभित्र चीनसँग कार्यान्वयन सम्झौता र डिपिआर

**मिलन विश्वकर्मा**/नयाँ पत्रिका

चीनको प्राविधिक तथा आर्थिक सहयोगमा निर्माण हुने काठमाडौं चक्रपथको दोस्रो खण्ड अर्थात् कलंकी-वसुन्धराको विस्तारका लागि एक महिनाभित्र द्विपक्षीय कार्यान्वयन सम्झौता हुने भएको छ। चिनियाँ पक्षले औपचारिक संयन्त्रमार्फत अबको दुई सातामा उक्त सम्झौतापत्रको मस्यौदा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र सडक विभागलाई हस्तान्तरण गर्ने तयारी गरेको छ। त्यसपछि नेपाल पक्षले आवश्यक अध्ययन गरेर चीनसँग सम्झौतापत्रमा हस्ताक्षर गर्नेछ। नेपालको तर्फबाट भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सहसचिवले हस्ताक्षर गर्नेछन्। कार्यान्वयन सम्झौतापत्र हस्ताक्षर गरेसँगै चीनले विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) र बोलपत्रका कागजात बुझाउनेछ। सडक विभागको त्यो स्वीकृति भएपछि चिनियाँ पक्षले निर्माणको प्रक्रिया अघि बढाउनेछ।

सडक विभागका उपमहानिर्देशक अर्जुनप्रसाद अर्यालले अबको एक महिनाभित्र चीनसँग कार्यान्वयन सम्झौता हुने बताए। 'चिनियाँ पक्षले औपचारिक संयन्त्रमार्फत कार्यान्वयन सम्झौताको मस्यौदा पठाउँदै छ भन्ने जानकारी आएको छ। त्यो बढीमा दुई साता लाग्छ भन्ने छ,' उनले भने, 'मस्यौदाको अध्ययन गरेर लगत्तै सम्झौतापत्रमा हस्ताक्षर गर्नेछौं। कार्यान्वयन सम्झौतापत्रमा हस्ताक्षर गरेसँगै चिनियाँ पक्षले डिपिआर र बिड डकुमेन्ट बुझाउँदै छ। सडक विभागले त्यो स्वीकृत गरेपछि परियोजना निर्माणको काम अघि बढ्नेछ।'

गत १२ फागुनको मन्त्रिपरिषद्ले कलंकी-वसुन्धराको निर्माणमा चीनलाई सबै प्रकृतिको करमा छुट दिने निर्णय गरिसकेको छ। 'चीन सरकारको अनुदान सहयोगमा निर्माण तथा स्तरोन्नति हुने कलंकीदेखि वसुन्धरासम्मको काठमाडौं-चक्रपथ सुधार आयोजना कार्यान्वयन सम्झौतामा उल्लिखित विषयहरूमा कर छुट दिने,' मन्त्रिपरिषद्को निर्णयमा भनिएको थियो।

दोस्रो खण्डको निर्माणका लागि छनोट हुने ठेकेदार कम्पनीले यो सुविधा पाउनेछ। निर्माणका क्रममा आवश्यक पर्ने सामानको आयात र आन्तरिक खरिदमा कर छुट दिइनेछ। चिनियाँ अनुदानमै बनेको चक्रपथको विस्तार पनि चीनकै आर्थिक तथा प्राविधिक सहयोगमा हुँदै छ। त्यसमा सरकारले पहिलो खण्ड कोटेश्वर-एकान्तकुना-कलंकीमा जस्तै दोस्रो खण्डको विस्तारमा पनि सबै प्रकृतिको कर छुट दिने निर्णय गरेको थियो। त्यसपछि चीनसँग कार्यान्वयन सम्झौता गर्ने बाटो खुला भएको हो। अब द्विपक्षीय रूपमा कार्यान्वयन सम्झौता भएपछि निर्माणको प्रक्रिया अघि बढ्नेछ। यसका लागि चीनले नै दबाब दिएको छ। आर्थिक र प्राविधिक सहयोग गरेको चीनले आफ्नै ठेकदार कम्पनी छनोट गरेर निर्माणका लागि परिचालन गर्नेछ। निर्माणका काम सम्पन्न भएपछि चीनले नेपाल सरकारलाई परियोजना हस्तान्तरण गर्नेछ। परियोजनाको निर्माणकार्य सम्पन्न हुन चार वर्ष लाग्ने अनुमान छ। कार्यान्वयन सम्झौता, डिपिआर अध्ययन तथा स्वीकृति, खरिद प्रक्रियालगायतका चरण पूरा गर्दा अबको ६ महिनादेखि एक वर्षमा निर्माण सुरु हुने अपेक्षा गरिएको छ।



दोस्रो चरणमा कलंकी-धोबीखोला खण्ड (११.६ किलोमिटर) लाई विस्तार गर्ने भनिएको थियो। तर, नारायणगोपाल चोकदेखि धोबीखोलासम्म साइट क्लियरेन्स हुन नसकेपछि चीनले कलंकी-वसुन्धरा खण्ड (८.२ किलोमिटर) मात्रै विस्तार गरिँदै छ।

पछिल्लोपटक ६ भदौ ०८१ मा ८.२ किलोमिटर लामो उक्त सडकखण्ड विस्तार गर्न चीन र नेपालबिच सम्झौता भएको थियो। त्यसपछि चीनको सिसिसिसी फर्स्ट हाइवे कन्सल्ट्यान्ट्स कम्पनी लिमिटेडले परियोजनाको डिपिआर बनाउने प्रक्रिया अघि बढाएको थियो। यसका लागि उक्त कम्पनी वैशाख ०८२ देखि फिल्डमा थियो। उक्त कम्पनीले परियोजनाको डिपिआर तयार गरिसकेको छ। कार्यान्वयन सम्झौता गरेपछि डिपिआर बुझाउने चीनको तयारी छ।

चीनले यसअघि नै पठाएको 'टेक्निकल कन्फर्मेसन'अनुसार चीनको सहरी सडकको स्ट्यान्डर्डमा चक्रपथ विस्तार गरिँदै छ। दोस्रो खण्डको चौडाइ ६२ मिटर हुनेछ। त्यसमा बिचको ३७.५ मिटरमा मुख्य संरचना बन्नेछन्।

बिचमा तीन मिटरको सेन्टर मिडियन (बिचमा खाली ठाउँ) राखिनेछ। सोही मिडियनको दायाँ-बायाँ चार-चार लेनको मुख्य सडक बनाइनेछ। एउटा लेनको चौडाइ ३.५ मिटरको दरमा दुवैतर्फ १४-१४ मिटरको सडक हुनेछ। लेन र डिभाइडर छुट्याउँदा-छुट्याउँदा दुवैतर्फ थप ०.५-०.५ मिटर खण्ड प्रयोग हुनेछ। यसैगरी, दुवैतर्फ २.७५-२.७५ मिटरको फुटपाथ बनाइनेछ।

फुटपाथपछि दायाँ-बायाँ १.१५-१.१५ मिटरको ग्रिन बेल्ट (हरियाली क्षेत्र) बनाइनेछ। हरियाली क्षेत्रपछि दुवै साइटमा ६-६ मिटरको सर्भिस लेन बनाइनेछ। सर्भिस लेनपछि दुवै साइटमा थप पाँच-पाँच फिटको फुटपाथ बनाइनेछ। मेनलेनसँग जोडिएको फुटपाथबाहिरको संरचना कसले बनाउने भन्ने विषयमा सम्झौता हुन बाँकी छ। यद्यपि, यो चीनले बुझाउने अन्तिम डिपिआरमा निर्भर रहनेछ।

परियोजना निर्माणमा चीनले झन्डै १२ अर्ब खर्च गर्नेछ। यद्यपि, यो डिपिआर स्वीकृति भएपछि टुंगो लाग्नेछ। चीनले यसअघि बुझाएको टेक्निकल कन्फर्मेसन' परियोजनाको लागत ५६ करोड ७१ लाख चिनियाँ युयान (आरएमबी) लागत देखाइएको छ।

# बागमतीमा सार्वजनिक सवारीको नयाँ भाडादर लागू

**काठमाडौं उपत्यकामा न्यूनतम सवारी भाडा २४ रुपैयाँ**

काठमाडौंमा २५.९६ प्रतिशत र उपत्यकाबाहिर १७.३५ प्रतिशत भाडावृद्धि

मकवानपुरमा **पोष्टराज अधिकारी**

बागमती प्रदेश सरकारले शनिबारबाट सार्वजनिक सवारीसाधनको नयाँ भाडादर लागू गरेको छ। प्रदेश सरकारले पेट्रोलियम पदार्थको मूल्यमा भएको परिवर्तनलाई आधार मानेर सार्वजनिक सवारीको भाडादर वृद्धि गरिएको जनाएको छ। भाडा निर्धारण तथा समायोजन समितिको सिफारिसअनुसार प्रदेश सरकारले नयाँ भाडादर प्रदेश राजपत्रमा प्रकाशित गरेसँगै शनिबारदेखि नै लागू भएको छ।

प्रदेशको श्रम, रोजगार तथा यातायात मन्त्रालयमातहतको भाडा निर्धारण तथा समायोजन समितिको शुक्रबार बसेको बैठकले काठमाडौं उपत्यकासहित प्रदेशभर सञ्चालन हुने सवारीसाधनको भाडा वृद्धि गर्न सिफारिस गरेको थियो। सोही सिफारिसअनुसार बागमती प्रदेश सरकारले सर्वाजनिक भाडादर वृद्धि गरेको हो।

नयाँ व्यवस्थाअनुसार काठमाडौं उपत्यकाभित्र सञ्चालन हुने यात्रुवाहक सार्वजनिक सवारीको न्यूनतम भाडा २४ रुपैयाँ कायम गरिएको छ। जुन भाडा साबिकको दरभन्दा २५.९६ प्रतिशतले बढी हो।

यसअघि पाँच किलोमिटरसम्मको भाडा १९ रुपैयाँ रहेकोमा बढाएर २४ रुपैयाँ बनाइएको हो। यस्तै, १० किलोमिटरसम्म ३३ रुपैयाँ, १५ किलोमिटरसम्म ३९ रुपैयाँ, २० किलोमिटरसम्म ४४ रुपैयाँ तथा २० किलोमिटरभन्दा माथि ५० रुपैयाँ भाडादर कायम गरिएको छ। ट्याक्सी सेवामा पनि भाडा वृद्धि गरिएको छ।

नयाँ व्यवस्थाअनुसार ट्याक्सीको फ्ल्यागडाउन ५८ रुपैयाँ कायम गरिएको छ भने प्रत्येक दुई सय मिटरका लागि १२ रुपैयाँ भाडा लाग्नेछ। यसैगरी, उपत्यकाबाहिर सञ्चालन हुने यात्रुवाहक सार्वजनिक सवारीको हकमा भने साबिक भाडादरमा १७.३५ प्रतिशत वृद्धि गरिएको छ। यस्तै, मालवाहक सवारीसाधनको भाडा प्रतिटन प्रतिकिलोमिटर १४.८० रुपैयाँबाट बढाएर १८.७६ रुपैयाँ कायम गरिएको छ। मालवाहक सवारीसाधनको भाडा २६.७९ प्रतिशतले वृद्धि गरिएको हो। विद्युतीय सवारीसाधनको भाडादर भने यथावत् राखिएको छ।

## बागमती प्रदेशका प्रमुख रुटहरूमा बढेको भाडा

काठमाडौं-नारायणगढ रुटमा भाडा चार सय ४३ रुपैयाँबाट बढेर पाँच सय २० रुपैयाँ पुगेको छ भने काठमाडौं-नारायणगढ-हेटौंडा रुटमा ६ सय ५५ रुपैयाँबाट बढेर सात सय ६९ रुपैयाँ कायम गरिएको छ। यस्तै, काठमाडौं-बल्खु-दक्षिणकाली-कुलेखानी-हेटौंडा रुटमा ६ सय ४२ रुपैयाँ रहेको भाडा बढेर सात सय ५३ रुपैयाँ कायम गरिएको छ। यसैगरी, काठमाडौं-धुलिखेल रुटमा ९२ रुपैयाँबाट बढेर एक सय आठ रुपैयाँ, काठमाडौं-गल्छीमा एक सय ४३ रुपैयाँबाट एक सय ६८ रुपैयाँ, काठमाडौं-चौतारा दुई सय ८२ रुपैयाँबाट तीन सय ३१ रुपैयाँ र काठमाडौं-जिरी रुटमा सात सय ७० रुपैयाँबाट नौ सय चार रुपैयाँ पुगेको छ।

यता काठमाडौं-धुलिखेल-खुर्कोट-मन्थली-तामाकोशी हुँदै चरिकोटसम्मको भाडा नौ सय ११ बढाएर एक हजार ६९ र काठमाडौं-धुलिखेल-खुर्कोट-मन्थली-तामाकोशी हुँदै जिरीको भाडा एक हजार ३८ बाट बढाएर एक हजार दुई सय १८ कायम गरिएको छ। यस्तै, काठमाडौं-रामपुर (चितवन) रुटमा चार सय ७१ रुपैयाँबाट बढेर पाँच सय ५३ रुपैयाँ, काठमाडौं-तातोपानीमा तीन सय ९७ रुपैयाँबाट बढेर चार सय ६६ रुपैयाँ तथा काठमाडौं-धुन्चे रुटमा चार सय २९ रुपैयाँबाट बढेर पाँच सय तीन रुपैयाँ भाडा कायम गरिएको छ। मन्त्रालयका अनुसार पेट्रोलियम पदार्थको मूल्य वृद्धि भएकाले भाडादर समायोजन गरिएको हो। चैत २८ गतेदेखि लागू भएको यो नयाँ भाडादरमा पेट्रोलियम पदार्थको मूल्य पाँच प्रतिशतभन्दा बढी घटबढ भएमा सोहीअनुसार भाडादर पुनः समायोजन गरिने उल्लेख गरिएको छ।






# गहुँ र चैते धानको मूल्य निर्धारण

**काठमाडौं**/ गहुँ र चैते धानको न्यूनतम समर्थन मूल्य निर्धारण भएको छ। नयाँ सरकार गठन भएलगत्तै गहुँ र चैते धानको न्यूनतम समर्थन मूल्य निर्धारण भएको हो। चालू आर्थिक वर्षमा गहुँको प्रतिक्विन्टल तीन हजार नौ सय ४५ रुपैयाँ र धानको मूल्य प्रतिक्विटल दुई हजार आठ सय ५६ रुपैयाँ ४९ पैसा प्रतिक्विटल मूल्य निर्धारण गरिएको हो।

यो १८ प्रतिशत चिस्यान भएको चैते धानको न्यूनतम समर्थन हो। १८ प्रतिशतभन्दा बढी चिस्यान भएमा प्रतिक्विन्टल एक किलो दुई सय ग्रामका दरले तौल घटाई मूल्य कायम गरिने व्यवस्था गरिएको छ।

गत वषको तुलनामा गहुँको मूल्य प्रतिक्विटल ७७ रुपैयाँ ६२ पैसा र चैते धानको प्रतिक्विटल ५५ रुपैयाँ आठ पैसा वृद्धि भएको हो। गत आर्थिक गत वर्षमा गहुँको मूल्य तीन हजार आठ सय ६७ रुपैयाँ ३८ पैसा प्रतिक्विन्टल र चैते धानको दुई हजार आठ सय रुपैयाँ ६९ पैसा प्रतिक्विटल रुपैयाँ थियो। सरकारले किसानलाई उचित मूल्य सुनिश्चित गर्न र उत्पादन वृद्धि प्रोत्साहन गर्न न्यूनतम समर्थन मूल्य निर्धारण गर्दै आएको छ।

# उद्योग वाणिज्य महासंघको साधारणसभा तीन साता पर धकेलियो

अदालतले अन्तरिम आदेश दिएपछि रोकिएको साधारणसभा २१ वैशाखमा गर्ने पदाधिकारीको निर्णय, वरिष्ठ उपाध्यक्ष र जिल्ला नगर उपाध्यक्षको असहमति

**नयाँ पत्रिका**

नेपाल उद्योग वाणिज्य महासंघको साधारणसभा तथा अधिवेशन तीन साता पर धकेलिएको छ। आइतबारदेखि सुरु हुने भनिएको महासंघको साधारणसभा उच्च अदालत पाटनको अन्तरिम आदेशपछि २१-२२ वैशाखमा हुने भएको हो।महासंघको शुक्रबार बसेको पदाधिकारी बैठकले साधारणसभा उक्त मितिमा गर्ने निर्णय भएको हो। बैठकले ९ वैशाखमा कार्यकारिणी समितिको बैठकसमेत बोलाएको छ। पदाधिकारीको यो निर्णय कार्यकारिणी समितिबाट अनुमोदन भएपछि कार्यान्वयन हुन्छ। पदाधिकारी बैठकको निर्णयमा वरिष्ठ उपाध्यक्ष अञ्जन श्रेष्ठ र जिल्ला नगर उपाध्यक्ष सुरकृष्ण वैद्यले भने असहमति जनाएका छन्। उनीहरूले उक्त निर्णयमा आफूहरूको नोट अफ डिसेन्ट रहने सचिवालयलाई जानकारी गराएका छन्। 'यसमा हाम्रो सहमति छैन, तोकिएकै समयमा चुनाव गर्न सकिन्थ्यो र गर्नुपर्छ भन्ने हाम्रो भनाइ हो, हामीले लिखित धारणा सचिवालयमा पेस गर्दै छौं,' श्रेष्ठले भने।

महासंघको ६०औं वार्षिक साधारणसभा २९ चैतमा सुरु भई ३० चैतमा नयाँ कार्यसमितिका लागि निर्वाचन हुने कार्यतालिका थियो। तर, साधारणसभा विरुद्ध अन्तरिम आदेश माग गर्दै २२ चैतमा पेट्रोलियम ढुवानी व्यवसायी महासंघसहित सातवटा संस्थाले उच्च अदालत पाटनमा रिट दायर गरेका थिए। न्यायाधीश खड्काबहादुर केसी र दीपक खनालको संयुक्त इजलासले बिहीबार अन्तरिम आदेश जारी गर्दै साधारणसभा रोकेको हो। अदालतको आदेशपछि महासंघको निर्वाचन समितिले निर्वाचनका सम्पूर्ण कार्य स्थगित गरेको थियो।

## १८ संस्थाको सदस्यता विवादले चुनाव नै अनिश्चित

विभिन्न १८ वटा वस्तुगत संघलाई सदस्यता दिने वा नदिने भन्ने विवादले महासंघको आसन्न साधारणसभा र चुनाव नै अनिश्चित बन्दै गएको छ। अघिल्लो कार्यसमितिले नेपाल पेट्रोलियम ढुवानी व्यवसायी महासंघलगायत १८ संघलाई वस्तुगत संघको सदस्यता प्रदान गर्ने निर्णय गरेको थियो। तर, सदस्यता सिफारिस समितिको सिफारिसविनै ती संघलाई सदस्यता दिइएको भन्दै त्यसविरुद्ध ११ चैत ०८१ मा उच्च अदालत पाटनमा रिट पऱ्यो।

अदालतले १६ पुस ०८२ मा पुनः कार्यसमितिबाट निर्णय गराउन भन्दै रिट जारी गऱ्यो। तर, महासंघको निर्वाचन समितिले आसन्न निर्वाचनको मतदाता लिस्टमा ती १८ समितिको नाम उल्लेख नगरेपछि सात संस्थाले अदालतको अघिल्लो आदेशअनुसार कुनै निर्णय नगरी साधारणसभा गर्न लागेको भन्दै त्यसलाई रोक्न निवेदन दिए।

सोही निवेदनमाथि छलफल गर्दै अदालते निर्वाचन रोक्न अन्तरिम आदेश दियो। अदालतले यसअघि रिट निवेदनमा १६ फागुन ०८१ मा जारी गरेको परमादेशअनुसार आवश्यक निर्णय नगरी साधारणसभा आयोजना गरिएमा निवेदक पक्षलाई असर पर्ने देखिएको निष्कर्ष निकालेको छ। यसै आधारमा अदालतले सो मुद्दामा अन्तिम निर्णय नआएसम्म संस्थाको साधारणसभा नगर्नू-नगराउनू भनी उच्च अदालत नियमावली, २०७३ को नियम ४२ अनुसार विपक्षीका नाममा अन्तरिम आदेश जारी गरेको हो।

# भुजुङ : होमस्टेबाटै आत्मनिर्भर

स्थानीय उत्पादनलाई गाउँमै बजार, आफ्नै 'इकोसिस्टम' निर्माण हुँदै, होमस्टेको मासिक एक लाख आम्दानी

## भुजुङ गाउँ आर्थिक रूपमा बलियो हुँदै छ



● **तुलबहादुर गुरुङ**
अध्यक्ष, भुजुङ सामुदायिक होमस्टे पर्यटन विकास समिति

होमस्टेले समग्र भुजुङ गाउँलाई आर्थिक रूपमा बलियो बनाउँदै लगेको छ। मापदण्ड पुगेले होमस्टे सञ्चालन गरेका छन्। साथै, कृषिमा पनि आबद्ध छन्। होमस्टे नहुनेले पनि कृषि, पशुपालन, स्थानीय मदिरा उत्पादन गरेका छन्, जुन होमस्टेमै खपत हुन्छ। यसैगरी कतिपयले किनारा पसल र रेस्टुरेन्ट पनि सञ्चालन गर्दै आएका छन्। यस्ता किसिमका आर्थिक गतिविधिले भुजुङ गाउँलाई आथिक रूपमा बलियो बनाएको छ। यहाँका मानिस बैंकमा पैसा बचत गर्न सक्ने भएका छन्। अहिले होमस्टेले भुजुङको छुट्टै इकोसिस्टम विकास गरेको छ।



नयाँ पत्रिका

लमजुङको क्व्होलासोथार गाउँपालिका- ४ स्थित भुजुङका स्थानीयहरू कृषि पेसामा मात्रै निर्भर हुँदा तीन दशकअघिसम्म आफ्नो जीविकोपार्जन धान्न नै मुस्किल थियो। समुद्री सतहदेखि १६-१७ सय मिटर उचाइमा रहेको भुजुङमा कृषि उत्पादन उच्च हुने भए पनि स्थानीय घरपरिवारलाई नुनतेल किन्न पनि धौधौ थियो। स्थानीय रूपमा उत्पादन हुने धान, चामल, मकै, कोदोले खान पुग्ने भए पनि नुनतेलजस्ता बाह्य वस्तु किन्न भने आर्थिक चुनौती थियो। तर, ०५१ बाट पर्यटन क्षेत्रमा स्थानीय संलग्न भएदेखि भने गाउँको मुहार बिस्तारै फेरिन थाल्यो। विशेष गरी गाउँमा होमस्टे सञ्चालन हुन थालेसँगै लमजुङकै विकट मानिने बुभ्रुङ गाउँ आर्थिक रूपमा आत्मनिर्भर बन्दै आएको छ। मुख्यतः गुरुङ जातिको बस्ती रहेको करिब पाँच सय घरधुरी रहेको भुजुङमा अहिले ३३ वटा होमस्टे सञ्चालनमा छन्। होमस्टे सञ्चालन नगर्ने घरपरिवार पनि कृषि, भैंसी पालन, कुखुरापालन, बाख्रापालन, स्थानीय मदिरा उत्पादनलगायतका व्यवसायमा सक्रिय छन्। जसको उत्पादन ३३ वटा होमस्टेमा खपत हुन्छ। कतिपयले किराना पसल, रेस्टुरेन्टसमेत सञ्चालन गर्दै आएका छन्। यसले गर्दा होमस्टे नभएका घरपरिवारको जीविकोपार्जनमा पनि सहयोग पुगेको छ। भुजुङ 'हनि हन्टिङ'का लागि पनि प्रख्यात छ। होमस्टे सञ्चालनबाट आत्मनिर्भर बन्ने बाटोमा अघि बढेको भुजुङ सामुदायिक होमस्टे पर्यटन विकास समितिका अध्यक्ष तुलबहादुर गुरुङ बताउँछन्। अहिले भुजुङको छुट्टै 'इकोसिस्टम' विकास भएको उनको भनाइ छ। '२०५० अघि बुभ्रुङका घरपरिवार कृषि, गोठालोजस्ता क्षेत्रमा सक्रिय थिए। ६ महिना बेसी र ६ महिना लेक धाउनुपर्ने बाध्यता थियो। तर, पनि यहाँका घरपरिवारलाई नुनतेलको जोहो गर्न धौधौ थियो,' उनले भने, 'तर, होमस्टे सञ्चालन गर्न थालेपछि बुभ्रुङ गाउँ नै आत्मनिर्भर बन्ने बाटोमा छ। होमस्टे सञ्चालन गर्ने परिवारले अहिले बैंक तथा सहकारीमा पैसा बचत गर्न सक्ने भएका छन्। बँसीसहरलगायतका सुगम क्षेत्रमा जग्गा, घर, फ्लाट पनि किन्न थालेका छन्।'

## ■ कसरी भयो पर्यटन विकास ?

पृथ्वी राजमार्गको डुम्रे खण्डदेखिबाट ७० किलोमिटर टाढा उत्तर क्षेत्रमा पर्ने बुभ्रुङ गाउँ आफैंमा विकट छ। सडक, शिक्षा, बिजुलीजस्ता सामाजिक तथा भौतिक पूर्वाधारबाट समेत पछाडि परेको भुजुङ गाउँमा पर्यटक विकास हुने कल्पना नै थिएन। तर, ०५० को दशकपछि भने बुभ्रुङ गाउँमा पर्यटनमार्फत आर्थिक क्रान्ति नै भएको छ। विशेषगरी ०७५ यता भुजुङले पर्यटनमा फड्को मारेको स्थानीयहरू बताउँछन्। मुख्यतः ०५१ सालमा गाँउमा होमस्टे तथा पर्यटन विकास सुरु भएको हो। त्यसवेला अन्नपूर्ण संरक्षण क्षेत्र परियोजना (एक्याप) सुरु भइसकेका थियो। अन्नपूर्ण संरक्षण क्षेत्रको सिमानामा भुजुङ पनि पर्छ, परियोजनाले बुभ्रुङमा आफ्नो एउटा कार्यालय स्थापना गरिसकेको थियो। सोही कार्यालयले भुजुङमा पर्यटन विकासमा सहयोग पुऱ्याएको हो। मुख्यगरी एक्यापले पर्यटन विकासको सवालमा यहाँको आमा समूहलाई जागरुक बनाएको थियो। भुजुङले पर्यटनमार्फत आम्दानी गर्न सकिन्छ भन्ने मनाङ र मुस्ताङबाट पाठ सिकेको अध्यक्ष गुरुङ सिकाउछन्। यसैगरी, २०५६ मा जापानले पनि पर्यटन विकास सम्बन्धमा सहयोग पुऱ्याएको उनको भनाइ छ।

'०६८ मा बुभ्रुङमा २६ वटा होमस्टे सञ्चालनमा आइसकको थियो। पर्यटन विकासकै क्रममा हामीले ०७२-७३ मा छुट्टै सामुदायिक होमस्टे पर्यटन समिति बनाएर दर्ता गर्‍यौं। त्यसपछि होमस्टे सञ्चालनका लागि निश्चित मादपदण्डसमेत बनायौं। मापदण्ड बनाउँदा २६ होमस्टे १६ मा सीमित भयो,' उनले भने, 'त्यसपछि हामीले मापदण्डअनुसार नै होमस्टे थप गर्न प्रोत्साहन गर्‍यौं। ०७५ मा बुभ्रुङ पर्यटन महोत्सव पनि गर्‍यौं। अहिले यहाँका ३३ होमस्टे सञ्चालनमा छन्। होमस्टेको संख्या कम नै छ। यो संख्या बढाउने गरी पनि काम गरेका छौं।'

## ■ मौलिक गाउँ नै पर्यटकको आकर्षण

मुख्यतः भुजुङको पराम्परागत शैलीको मौलिक गाउँ नै पर्यटकको आकर्षण विन्दु मानिन्छ। झन्डै पाँच सय घरधुरी रहेको बुभ्रुङ गाउँका अधिकांश घर ढुंगाले छाएका छन्। ९०-१०० वर्ष पुराना घरसमेत यहाँ छन्, जसलाई 'रि-इनोभेट' गरिएको छ। भिरालो जमिनमा लोभलाग्दा ढुंगेघर बनाइएको छ। त्यो नै यहाँको प्रमुख आकर्षण भएको अध्यक्ष गुरुङ बताउँछन्। यसैगरी, यहाँको स्थानीय कला, संस्कृति, प्राकृतिक सम्पदा, कृषि र ढुंगेघर पनि पर्यटकको आकर्षणको विन्दु भएको उनले बताए। यसैगरी, घाटु नाचलगायतका संस्कृति पनि पर्यटकको आकर्षणको विन्दु छ।

## ■ मासिक हजारभन्दा बढी पर्यटक

भुजुङमा होमस्टे सञ्चालन गर्दै रामचन्द्र गुरुङका अनुसार भुजुङमा सिजनमा मासिक एक हजारभन्दा बढी पर्यटक आउने गर्छन्। बर्खाको समयमा समेत मासिक ५० जनाभन्दा बढी पर्यटन आउने गरेको उनको भनाइ छ। समितिले उनीहरूलाई पालैपालो होमस्टेमा राख्नेछ। यसले व्यवसायमा समानता ल्याएको छ। सबै होमस्टेको मूल्यसूचीमा पनि समान छ। यहाँ एक होमस्टेले मासिक एक लाख रुपैयाँसम्म कमाउने गरेको उनी बताउँछन्।

होमस्टेमा पाइने खानामा अधिकांश स्थानीय परिकार नै छन्। खानामा लोकल चामलको भात, कोदोको ढिँडो, कोदोको सेलरोटी, मकै, भट्टजस्ता परिकार उपलब्ध छन्। पाहुनाको आग्रहमा लोकल कुखुरा, खसी, भेडाको मासु पनि उपलब्ध हुनेछ। होमस्टेमा चाहिने ८० प्रतिशत परिकार स्थानीय उत्पादनमा आधारित रहेको होमस्टे सञ्चालकहरू बताउँछन्। भुजुङमा मकै, धान, कोदो, भट्ट, दाल, आलु, मह, चियाजस्ता खाद्यान्न उत्पादन हुन्छन्। यसैगरी यहाँका मानिसले व्यावसायिक रूपमा भेडाबाख्रापालन गर्दै आएका छन्। गाउँमै होमस्टे हुँदा स्थानीय उत्पादनले बजार पाएको रामचन्द्र गुरुङ बताउँछन्।

## ■ राज्यबाट पवर्द्धनको अपेक्षामा भुजुङ

भुजुङ गाउँलाई पर्यटकीय क्षेत्रका रूपमा विकास गर्न सरकारले थप सहयोग गर्न आवश्यक रहेको अध्यक्ष गुरुङ बताउँछन्। 'विशेषगरि सरकारले गुणस्तरीय सडक बनाएर सहयोग गर्नुपर्नेछ। बुभ्रुङमा सडक पहुँच छ। तर, त्यो कच्ची छ। पाहुनाहरूले धेरै नै दुःख पाएका छन्। तसर्थ, सरकारले सडकजस्ता पूर्वाधार बनाएर सहयोग गर्नुपर्छ। सडक कालोपत्रे गर्नुपर्छ,' उनले भने, 'पर्यटनका लागि अझै पनि यो कुमारी गाउँ हो। तसर्थ, सरकारले भुजुङ गाउँ र यहाँको होमस्टेलगायतलाई प्रवर्द्धन गर्न आवश्यक छ।' यसैगरी ढल, गोरेटे बाटो निर्माणमा पनि स्थानीय तह र प्रदेश सरकारले सहयोग गर्नुपर्ने उनी बताउँछन्। यसैगरी हनी हन्टिङलाई पनि प्रवर्द्धन गर्नपुर्ने उनी बताउँछन्।

यसैबिच मदन भण्डारी मेमोरियल कलेजमा स्नाकोत्तर तेस्रो सेमेस्टरमा अध्ययनरत विद्यार्थीले बिहीबार र शुक्रबार लमजुङको घले गाउँ र भुजुङमा प्रयोगात्मक भ्रमण गरेको छ। भ्रमणका क्रममा लमजुका पर्यटन, स्थानीय संस्कृति, होमस्टेजस्ता विषयमा अनुसन्धानका विषयवस्तु पहिचान र मिडिया लिट्रेसीका कार्यक्रम गरिएको पत्रकारिता विभागका प्रमुख सुनील पौडेलले जानकारी दिए।

## चेम्बर अफ कमर्सको हीरक जयन्ती

# निजी क्षेत्र देशको आर्थिक इन्जिन : राष्ट्रपति

नयाँ पत्रिका

राष्ट्रपति रामचन्द्र पौडेलले निजी क्षेत्रलाई केवल कर तिर्ने निकायका रूपमा नभई देशको 'आर्थिक इन्जिन'का रूपमा लिनुपर्ने बताएका छन् । नेपाल चेम्बर अफ कमर्सको ७५औँ वार्षिक साधारणसभाको उद्घाटन गर्दै राष्ट्रपति पौडेलले निजी क्षेत्र सबल भए मात्र राष्ट्रको अर्थतन्त्र सुदृढ हुने उल्लेख गर्दै सरकार र निजी क्षेत्रबिच सहकार्य अझ मजबुत बनाउनुपर्नेमा जोड दिए । 'हामीले भुल्न नहुने एउटा महत्त्वपूर्ण कुरा के हो भने निजी क्षेत्र सबल भए मात्र राष्ट्रको अर्थतन्त्र सबल हुन्छ ।

निजी क्षेत्रलाई केवल कर तिर्ने निकायका रूपमा होइन, राष्ट्र निर्माणको साझेदारका रूपमा हेर्न आवश्यक छ,' उनले भने, 'निजी क्षेत्र केवल आर्थिक वृद्धिको आधार मात्र होइन, यो देशको आर्थिक इन्जिन हो भन्ने म ठान्छु ।'

हीरक जयन्ती वर्षको अवसरमा आयोजित कार्यक्रममा आर्थिक तथा सामाजिक क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउने व्यक्ति तथा संस्थालाई विभिन्न विधामा सम्मान गरिएको छ । चेम्बरका पूर्वअध्यक्षहरूका नाममा स्थापना गरिएका मेमोरियल अवार्डमार्फत व्यापार, उद्योग, कृषि, पर्यटन, सामाजिक सेवा, ट्रेड लजिस्टिक्सलगायतका क्षेत्रमा योगदान गर्ने व्यक्तित्वलाई राष्ट्रपतिबाट




सम्मान गरिएको हो ।

ईश्वरलाल श्रेष्ठ लाइफटाइम अचिभमेन्ट अवार्डतर्फ सुजल फुड्सका सहसंस्थापक गणेशबहादुर श्रेष्ठ तथा पर्यटनतर्फ वनबारीलाल मित्तल मेमोरियल अवार्डबाट होटेल शंकरका अध्यक्ष तथा प्रबन्ध निर्देशक विनोदशंकर श्रेष्ठ सम्मानित भए । व्यापारतर्फ जुद्धबहादुर श्रेष्ठ मेमोरियल अवार्ड नेपाल उल हाउसलाई प्रदान गरिएको छ । कृषितर्फ राजबहादुर चिपालु मेमोरियल अवार्डबाट गणेश हेम्सका गणेश ऐडी, ट्रेड लजिस्टिक्सतर्फ बिहारीलाल खेतान मेमोरियल अवार्डबाट एभरेस्ट डी कार्गोका अध्यक्ष रविन्द्रमानसिंह प्रधान, उद्योगतर्फ इन्द्रभक्त मेमोरियल अवार्डबाट विशाल ग्रुपका उपाध्यक्ष त्रिलोकचन्द्र अग्रवाल र सामाजिक सेवातर्फ बालकृष्ण श्रेष्ठ मेमोरियल अवार्डबाट नेपाल क्यान्सर अस्पताल सम्मानित भएका छन् ।

त्यस्तै, जनकदास श्रेष्ठ मेमोरियल अवार्ड एजु केसलाई प्रदान गरिएको छ भने प्रदेश, जिल्ला तथा नगर चेम्बरमध्ये उल्लेखनीय कार्य गरेबापत मोरङ चेम्बर अफ कमर्सलाई कदरपत्र प्रदान गरिएको छ ।

कार्यक्रममा चेम्बरका अध्यक्ष कमलेशकुमार अग्रवालले २००७ सालदेखि सुरु भएको चेम्बर आन्दोलन देशव्यापी रूपमा विस्तार भइसकेको बताए । पछिल्लो समय राजनीतिक अस्थिरता, नीतिगत अनिश्चितता तथा मौद्रिक र आर्थिक नीतिबिच समन्वय अभावका कारण निजी क्षेत्र प्रभावित भएको बताए ।

'बैंकिङ प्रणालीमा लगानीयोग्य रकम हुँदा पनि निजी क्षेत्र आकर्षित हुन सकेको छैन,' उनले भने, 'युवालाई स्वदेशमै अवसर सिर्जना गरी 'ब्रेन ड्रेन होइन, ब्रेन गेन'को रणनीति अवलम्बन गर्नुपर्छ ।' अग्रवालले निजी क्षेत्र नयाँ नेतृत्वप्रति सकारात्मक रहेको उल्लेख गर्दै सरकारसँग सहकार्य गरेर आर्थिक गतिविधि विस्तार गर्न तयार रहेको बताए ।

त्यसैगरी, चेम्बरका वरिष्ठ उपाध्यक्ष दीपककुमार मल्होत्राले परम्परागत सोचबाट माथि उठ्दै नवप्रवर्तन, डिजिटल रूपान्तरण र दिगो विकासतर्फ उन्मुख हुनुपर्ने बताए ।

'नयाँ पुस्तालाई उद्यमशीलतामा आकर्षित गर्न, स्टार्टअप संस्कृति विकास गर्न र प्रविधिमा आधारित व्यवसायलाई प्रोत्साहन गर्न सबै पक्षको सहकार्य आवश्यक छ,' उनले भने, 'स्पष्ट कानुनी व्यवस्था, आधुनिक पूर्वाधार, सुलभ वित्तीय पहुँच र दक्ष जनशक्तिविना दिगो आर्थिक वृद्धि सम्भव हुँदैन ।'

# सल्यानमा कृषि उत्पादनबाट भित्रियो एक अर्ब ६९ करोड



सल्यानमा **दीपक शर्मा**

पछिल्लो एक वर्षमा कृषिजन्य उत्पादन बिक्रीबाट सल्यानमा एक अर्ब ६९ करोड १० लाख चार हजार रुपैयाँ भित्रिएको छ । कृषि विकास कार्यालय सल्यानका अनुसार गत आर्थिक वर्ष ०८१/८२ मा चार लाख १४ हजार पाँच सय ८७ मेट्रिकटन कृषिजन्य वस्तुबाट उक्त रकम जिल्लामा भित्रिएको हो ।

कार्यालयका अनुसार तीन करोड ७२ लाखको मकै, ३७ लाख ८० हजारको कोदो, ५१ करोड करोड ९८ लाख ५७ हजारको ताजा तरकारी, ४२ करोड १८ लाख ८५ हजार रुपैयाँको सुन्तला, कागती र किवि अन्य जिल्लामा बिक्री भएको छ । यस्तै, एक करोड ९४ लाख ६६ हजारको फलफूल नर्सरी, ३८ करोड १९ लाख ८१ हजारको अदुवा र बेसार, ५० लाख ५७ हजार रुपैयाँको अलैँची, २९ करोड चार लाख ५२ हजारको आलु, ८५ लाखको मह र १९ लाख २५ हजारको तिल, भांगो, सिमी बिक्री भएको कृषि विकास कार्यालय सल्यानका प्रमुख महेश आचार्यले जानकारी दिनुभयो ।

उनका अनुसार सल्यानबाट बेमौसमी ताजा तरकारी र सुन्तला बढी मात्रामा निकासी भएको छ । उनले भने, 'सल्यानका किसानको नगदेबाली नै भन्दा हुन्छ तरकारी, सुन्तला मसलाबालीअन्तर्गतको अदुवा र बेसार । जिल्लामा विशेष गरी यी तीन चिज नै सल्यानका किसानको मुख्य आम्दानीको स्रोत बनेका छन् ।'

जिल्लामा उत्पादन भएको कृषिजन्य वस्तु दाङ, नेपालगन्ज, सुर्खेत, पोखरा, बुटवल, काठमाडौं, धनगढीलगायतका मुख्य व्यापारिक केन्द्रमा जाने गर्छ । आव ०८०/८१ मा सल्यानबाट ३० हजार तीन सय एक मेट्रिकटन कृषिजन्य वस्तु निकासी हुँदा एक अर्ब ४२ करोड ११ लाख २२ हजार रुपैयाँ जिल्लामा भित्रिएको थियो ।

# सुबिसु र आइपिभी सिक्सबिच सम्झौता

नयाँ पत्रिका

इन्टरनेट सेवाप्रदायक कम्पनी सुबिसु लिमिटेड र एसिया-प्रशान्त क्षेत्रमा आइपिभी सिक्स प्रवर्द्धनमा काम गर्ने संस्था एपाक आइपिभी सिक्स काउन्सिलबिच सहकार्यका लागि सम्झौता भएको छ ।

काठमाडौंमा हालै आयोजित चौथो एपाक आइपिभी सिक्स काउन्सिल मिटको अवसरमा उक्त सम्झौतामा हस्ताक्षर भएको हो । यो सम्झौताले नेपालको डिजिटल पूर्वाधार विकासमा योगदान गर्ने अपेक्षा गरिएको छ ।

यो सहकार्य सम्झौताले दुई संस्थाबिच प्राविधिक ज्ञान आदानप्रदान, विशेषज्ञ आदानप्रदान, संयुक्त प्रकाशन र परस्पर प्रचारप्रसारको ढोका खोलेको छ । यस समझदारीअन्तर्गत सुबिसु लिमिटेडले एप्याक आइपिभी सिक्स काउन्सिलको संस्थागत सदस्यताका रूपमा सहभागी हुने अवसर पनि पाउनेछ ।

काउन्सिल भनेको आइपिभी सिक्स फोरमको एसिया प्रशान्त च्याप्टर हो, जसको उद्देश्य यस क्षेत्रमा आइपिभी सिक्सको प्रवर्द्धन र




विस्तार गर्नु हो । यसमा व्यक्तिगत तथा संस्थागत सदस्यहरू रहेका छन् र यसले नेटवर्किङ तथा दूरसञ्चार पूर्वाधारमा आइपिभी सिक्सको सफल एकीकरणका लागि प्राविधिक नेतृत्व प्रदान गर्छ । आइपिभी सिक्सको अवलम्बन भविष्यको इन्टरनेट विस्तार, आइओटी र क्लाउड कम्प्युटिङका लागि अपरिहार्य मानिन्छ । यस सम्झौताले नेपालका संस्थाहरूलाई यस दिशामा अघि बढ्न प्रेरणा दिने कम्पनीले जनाएको छ ।

सुबिसु लिमिटेड विगत २५ वर्षदेखि नेपालमा ब्रोडब्यान्ड, इन्टरप्राइज कनेक्टिभिटी र डिजिटल सेवा प्रदान गर्दै आइरहेको छ । यस समझदारी हस्ताक्षरसँगै सुबिसु काउन्सिलको संस्थागत विशिष्ट सदस्य बन्ने अवसर पाएको छ, जसले नेपालको प्राविधिक समुदायलाई क्षेत्रीय र वैश्विक मञ्चमा प्रतिनिधित्व गर्ने अवसर प्रदान गर्नेछ ।

एपाक आइपिभी सिक्स काउन्सिल मिट कार्यक्रमलाई नेपाल रिसर्च एन्ड एजुकेसन नेटवर्क (एनआरइएन), इन्टरनेट एक्सचेन्ज नेपाल (एनपिआइएक्स) तथा तथा नेपाल नेटवर्क अपरेसन ग्रुप, इन्टरनेट सर्भिस प्रोभाइडर एसोसिएसन अफ नेपाललगायत संस्थाको सहयोग गरिरहेका छन् ।

# गोदरेजका सामानमा ३५ हजारसम्म क्यासब्याक पाइने

**काठमाडौं**/ नयाँ वर्ष ०८३ को अवसर पारी गोदरेज ब्रान्डले उपभोक्ता योजना ल्याएको छ । कम्पनीले 'नयाँ सुरुवातको शुभारम्भ' शीर्षकमा आकर्षक उपभोक्ता योजना सार्वजनिक गरेको हो । अभियानमार्फत ग्राहकको दैनिक जीवनलाई अझ सहज, आधुनिक र आरामदायी बनाउने लक्ष्य लिएको कम्पनीले जनाएको छ ।

योजनामा ग्राहकले गोदरेजका विभिन्न होम अप्लायन्स खरिद गर्दा अधिकतम ३५ हजार तीन सय रुपैयाँसम्म क्यासब्याक प्राप्त गर्न सक्नेछन् । साथै, हरेक सामानको खरिदमा पक्का उपहार पनि उपलब्ध गराइने कम्पनीले जनाएको छ ।




कम्पनीका अनुसार फ्रन्ट लोड, टप लोड र ट्विन टब वासिङ मेसिनमा क्रमशः ६, २ र एक केजी एरियल डिटर्जेन्ट निःशुल्क पाउनेछन् । त्यस्तै, माइक्रोवेभ ओभनको खरिदमा कुकिङ किट उपहार, एयर कन्डिसनरमा निःशुल्क जडान सेवा दिइने कम्पनीको भनाइ छ । यसबाहेक सबै खालका उत्पादन किन्दा निःशुल्क होम डेलिभरी सुविधाको व्यवस्था गरिएको छ ।

यसका साथै सिजी इलेक्ट्रोनिक्समार्फत ग्राहकले शून्य प्रतिशत किस्ताबन्दीको सुविधासमेत उपभोग गर्न सक्नेछन् । गोदरेजको यो अफर नेपालभरका सिजी इलेक्ट्रोनिक्सका सोरुम तथा डिलरमार्फत सीमित अवधिका लागि उपलब्ध हुने बताइएको छ ।

# यामाहा नेपालको दुईपांग्रे सवारीको मेला 'ब्लु फेस्ट' आजदेखि

**काठमाडौं**/ यामाहा नेपालको दुईपांग्रे सवारीको मेला 'ब्लु फेस्ट' आइतबारदेखि सुरु हुँदै छ । यामाहा नेपालले अधिकृत वितरक एमएडब्लू राइड्स प्रालि 'यामाहा ब्लु फेस्ट' मेला पुनः आयोजना गर्ने भएको हो । यो कार्यक्रम यही २९ चैतदेखि ५ वैशाखसम्म काठमाडौंको भृकुटीमण्डपमा आयोजना हुनेछ ।




मेलाको पहिलो दिन ब्रान्ड न्यु 'यामाहा एफएजेड-एस गो' जेनः लिड द नेक्स्ट सार्वजनिक हुनेछ । यसले साताव्यापी इनोभेसन, प्रदर्शन र ग्राहक सहभागिताको उत्सवको सुखद सुरुवात गर्ने कम्पनीले जनाएको छ ।

पूर्ण दुईपांग्रे अनुभव प्रदान गर्ने गरी डिजाइन गरिएको ब्लु फेस्टले मोटरसाइकल पारखी, आममानिस तथा सम्भावित ग्राहकलाई यामाहाका अपग्रेड गरिएका नयाँ हाइटेक मोटरसाइकल तथा स्कुटरहरू नजिकबाट अवलोकन गर्ने अवसर प्रदान गर्नेछ । यस वर्ष 'एक्सचेन्ज कार्निभल'को अनुभव पनि समावेश गरिएको कम्पनीले जनाएको छ । जसले ग्राहकलाई सजिलो र विश्वसनीय रूपमा आफ्नो सवारी अपग्रेड गर्न थप सहज बनाउनेछ ।

'आगन्तुकले आफ्ना हाल चढिरहेका मोटरसाइकल ल्याएर ५० भन्दा बढी व्यावसायिक रिकन्डिसन हाउसहरूको सहयोगमा अन द स्पट मूल्यांकन गराउन सक्नेछन्,' यामाहाले भनेको छ, 'जसले बजारअनुसार उत्कृष्ट मूल्य सुनिश्चित गर्नेछ । सहज एक्सचेन्ज विकल्पसँगै ग्राहकले ब्रान्ड न्यु यामाहा पनि एकदम छिटो किन्न सक्नेछन् ।' ग्राहकको पहुँच थप सहज बनाउन यामाहाले सरल र लचिलो फाइनान्सिङ सुविधा पनि उपलब्ध गराउने जनाएको छ ।

'ग्राहकले नागरिकतामार्फत अन द स्पट फाइनान्स सुविधा लिन सक्नेछन्, साथै ४० महिनासम्म विस्तार हुने सस्तो इएमआई योजनाको लाभ पनि उठाउन सक्नेछन्,' एमएडब्लू राइड्स प्रालिका कार्यकारी निर्देशक तथा प्रमुख कार्यकारी अधिकृत दीपक अग्रवालले भने, 'खरिदकर्ताले पाँच लाखसम्मको क्यासब्याक अफर पनि पाउनेछन्, जसले यो समयलाई यामाहा दुईपांग्रे सवारीमा लगानी गर्ने उत्कृष्ट अवसर बनाएको छ । साथै, नयाँ वर्षको ब्लु कोड अफर पनि कार्यक्रम अवधिभर लागू हुनेछ ।'

# मोरङको बुढीगंगामा सलाइन पानी उद्योग सञ्चालनमा

**विराटनगर**/ मोरङको बुढीगंगा गाउँपालिकामा अन्तर्राष्ट्रिय मापदण्डको सलाइन पानी उद्योग सञ्चालनमा आएको छ । एक अर्बभन्दा बढी लगानीमा 'एलेक्सा लाइफसाइन्सेज' नामक सलाइन पानी उत्पादन उद्योग शुक्रबारदेखि औपचारिक रूपमा सञ्चालनमा आएको हो । वरिष्ठ मुटुरोग विशेषज्ञ डा. भगवान कोइरालाले सलाइन पानी उद्योगको विधिवत् उद्घाटन गरेका हुन् । दिनेश ठाकुर र रञ्जित भगत सञ्चालक रहेको यो सलाइन उद्योगमा जर्मन प्रविधिको अत्याधुनिक मेसिन प्रयोग गरिएको छ ।



उद्योगले हाल पहिलो चरणमा 'लार्ज भोल्युम प्यारेन्टरल्स'अन्तर्गत एक सय एमएलदेखि तीन हजार एमएलसम्मको सलाइन उत्पादन गरिरहेको छ । दोस्रो चरणमा एकदेखि २० एमएलसम्मको 'स्मल भोल्युम प्यारेन्टरल्स' र तेस्रो चरणमा आँखा तथा कानमा हाल्ने औषधि उत्पादन गर्ने योजना रहेको उद्योगका निर्देशक दिनेश ठाकुरले जानकारी दिए । उद्योगले हाल एक सय ५० जनलाई प्रत्यक्ष रोजगारी दिएको छ । सबैखाले औषधिको ठुलो हिस्सा विदेशी कम्पनीहरूको कब्जामा रहेका वेला एलेक्सा लाइफसाइन्सेजको सञ्चालनले औद्योगिक र स्वास्थ्य क्षेत्रमा नयाँ आशा जगाएको वरिष्ठ मुटुरोग विशेष भगवान कोइरालाले बताए । उनले भने, 'नेपालमै सलाइन पानी उत्पादन गर्ने यो उद्योगले आयातमा निर्भरता घटाउनुका साथै मुलुकको आर्थिक विकासमा समेत महत्त्वपूर्ण टेवा पुऱ्याउनेछ ।'

# चौधरी ग्रुपले गोरखामा समिट होटेल खोल्ने

**काठमाडौं**/ व्यावसायिक घराना चौधरी ग्रुपले गोरखामा समिट होटेल खोल्ने भएको छ । ग्रुपअन्तर्गतको सिजी हस्पिटालिटीले गोरखालाई अन्तर्राष्ट्रियस्तरको लक्जरी पर्यटन गन्तव्यका रूपमा विकास गर्ने उद्देश्यसहित प्रख्यात लक्जरी हेरिटेज 'समिट होटेल' निर्माण सुरु गरेको हो ।

काठमाडौंको चर्चित 'समिट होटेल'बाट प्रेरित यस परियोजना आधुनिक सुविधा र नेपाली मौलिकता समेटिएको स्तरीय लक्जरी रिसोर्टका रूपमा विकास गरिने सिजी हस्पिटालिटीले जनाएको छ । होटेलको बिहीबार शिलान्यास गरिएको छ । सिजी हस्पिटालिटीका अनुसार सन् १९७८ मा स्थापित काठमाडौंको ऐतिहासिक समिट होटेलको विरासतलाई नयाँ स्वरूप दिँदै गोरखामा निर्माण हुन लागेको यो परियोजनाले आधुनिक सुविधाका साथै नेपाली मौलिकता प्रदान गर्नेछ ।

करिब ३० रोपनी क्षेत्रफलमा फैलिने यो परियोजना आगामी दुई वर्षभित्र सम्पन्न गर्ने लक्ष्य लिइएको छ । करिब ३० वटा लक्जरी कोठाहरू रहने यस होटेलको रुम रेट करिब पाँच सय अमेरिकी डलरआसपास रहनेछ । समिट होटेलले नेपालभित्रका तथा विदेशबाट आउने पर्यटकलाई लक्षित गर्दै स्तरीय सेवा प्रदान गर्नेछ । सिजी हस्पिटालिटीका अनुसार यस परियोजनाको मुख्य उद्देश्य गोर्खालाई नेपालका प्रमुख लक्जरी पर्यटन गन्तव्यको सर्किटमा जोड्नु हो । ऐतिहासिक तथा सांस्कृतिक दृष्टिले महत्त्वपूर्ण गोरखा दरबारनजिकै निर्माण हुने यो परियोजनाले नेपालको इतिहास, मौलिकता र संस्कृतिलाई अन्तर्राष्ट्रियस्तरमा



प्रवर्द्धन गर्ने अपेक्षा गरिएको बताइएको छ ।

सिजी हस्पिटालिटी ग्लोबलका प्रबन्ध निर्देशक एवं कार्यकारी अधिकृत राहुल चौधरीका अनुसार यो परियोजना नेपालको पर्यटन क्षेत्रमा चौधरी ग्रुपको निरन्तर विश्वास र प्रतिबद्धताको अर्को एउटा महत्त्वपूर्ण कदम हो । 'गोरखा नेपालको इतिहास बोकेको निकै महत्त्वपूर्ण क्षेत्र हो । नेपालको इतिहास, संस्कृति र मौलिकता तथा समिट होटेलको विरासतलाई नेपालभर र विश्वसामु प्रस्तुत गर्ने हाम्रो प्रयास हो,' उनले भने, 'पर्यटनमार्फत नेपालको अर्थतन्त्र सुदृढ बनाउने सरकारको लक्ष्यमा चौधरी ग्रुप सधैँ सहयोगी भूमिकामा रहनेछ ।'

समिट होटेलले गोरखा क्षेत्रमा रोजगारी सिर्जना, स्थानीय अर्थतन्त्र सुदृढीकरण तथा नयाँ लगानी आकर्षित गर्ने अपेक्षा गरिएको छ । यसले पर्यटनमार्फत क्षेत्रीय विकासलाई गति दिने विश्वाससमेत गरिएको छ ।

केही दिनअघि मात्रै चौधरी ग्रुपले विश्वप्रसिद्ध होटेल म्यारियट इन्टरनेसनलसँगको साझेदारीमा प्रतिष्ठित लक्जरी ब्रान्ड 'द रिट्ज-कार्लटन' होटेलको शिलान्यास काठमाडौंको प्रमुख पर्यटकीय केन्द्र ठमेलमा गरेको थियो ।

# रेड्मी ए-सेभेन नेपाली बजारमा

**काठमाडौं**/ साओमीले आधिकारिक रूपमा नयाँ इन्ट्री-लेभल स्मार्टफोन रेड्मी ए-सेभेन नेपाली बजारमा सार्वजनिक गरेको छ । रेड्मी ए-सेभेन मध्यम र हल्का वजनको स्मार्टफोन हो, जसको तौल १९३ ग्राम छ । यसमा ६.८८ इन्चको ठुलो एलसिडी डिस्प्लेसँगै ४५० निट्सको ब्राइटनेस रहेको छ । यसले 'डिसी डिमिङ' प्रविधि सपोर्ट गर्छ, जसले गर्दा लामो समयसम्म फोन चलाउँदा पनि आँखामा खासै असर पर्दैन ।

साथै, यसले १२० हर्जसम्मको रिफ्रेस रेट सपोर्ट गर्ने भएकाले डिभाइस निकै 'स्मुथ' तरिकाले चल्नेछ । ३ जिबी+६४ जिबी



स्टोरेज भेरियन्टमा उपलब्ध रहेको फोनमा च्यामलाई ३ जिबीबाट ६ जिबीसम्म बढाउन मिल्ने 'मेमोरी एक्स्टेन्सन' छ । रेड्मी ए–सेबेनमा ५२०० एमएएच क्षमताको ब्याट्री छ, जसले यसमा १५ वाटको इन्ट्री-लेभल फास्ट चार्जिङ प्रविधि जडान गरिएको छ, जसले फोन छिटो चार्ज गर्न सहयोग पुग्ने विश्वास गरिएको छ ।

त्यसैगरी, यसमा रहेको १३ एमपी मुख्य क्यामरा र ८ एमपी फ्रन्ट क्यामराले फराकिलो लेन्स एपेर्चर र कम उज्यालो भएको ठाउँमा पनि उत्कृष्ट तस्बिर खिच्न सकिनेछ । यसमा ३.५ मिमिको हेडफोन ज्याक पनि उपलब्ध छ, जसले गीत वा पोडकास्ट सुन्दा यथार्थपरक अनुभव प्रदान गर्छ । यो फोन कालो, स्काई ब्लु र अर्चिड पर्पल (हल्का चम्किलो वा बैजनी) रङहरूमा उपलब्ध छ । दुई वर्षको वारेन्टी सुविधा रहेको स्मार्टफोनको मूल्य १५ हजार नौ सय ९९ रुपैयाँ तोकिएको कम्पनीले जनाएको छ ।

# मार्सी बेचेर साढे तीन करोड आम्दानी

जुम्लामा **मानदत्त रावल**

यो वर्ष जुम्लामा दुई हजार दुई सय सय ७३ टन मार्सी चामल उत्पादन भएको कृषि विकास कार्यालयले जनाएको छ । उक्त चामल जिल्लाबाहिर निर्यात गरेर किसानहरूले साढे तीन करोड आम्दानी गरेका छन् ।

कृषि विकास कार्यालय, जुम्लाका प्रमुख रामभक्त अधिकारीका अनुसार जिल्लाभर दुई हजार आठ सय ८८ हेक्टरमा धानखेती हुने गरेको छ । त्यसमध्ये, एक हजार ६८ हेक्टर अर्थात् ३७ प्रतिशत क्षेत्रफलमा रैथाने जुम्ली मार्सी धान उत्पादन हुन्छ । कात्तिकदेखि फागुन मसान्तसम्म किसानले तीन करोड ५० लाख रुपैयाँ मार्सी धान बिक्री गरेर आम्दानी गरेको अधिकारीले जानकारी दिए । कार्यालयका अनुसार उत्पादित धानमध्ये एक सय ७५ टन मार्सी निर्यात भएको छ । जुम्ली मार्सी धानमा रोग-किराको प्रकोप बढेर किसानलाई दुःख दिन थालेको छ । त्यसैले, कृषि अनुसन्धान केन्द्रले चन्दननाथ १ र ३ जातको धान लगाउन सिफारिस गरेको छ ।

केन्द्रले मार्सी १८, मार्सी २० र मार्सी २२ जातको धानसमेत विकास गरिसकेकाले सिफारिस गर्ने क्रममा रहेको अधिकारीले



जानकारी दिए । मार्सी धान जेठ मसान्तसम्म रोप्ने गरिन्छ । रोपेको ३० दिनमा पहिलोपटक गोडमेल गरिन्छ । त्यसपछि ६० दिनमा दोस्रोपटक गोडमेल गर्ने गरिन्छ । यसरी लगाएको जुम्ली मार्सी करिब एक सय ८० दिनभित्र पाक्ने गरेको कृषि विकास कार्यालय जुम्लाले जनाएको छ । मार्सी धानप्रति आन्तरिक पर्यटकको बढ्दो आकर्षण रहेको छ । जुम्लाका विभिन्न बिक्री केन्द्रमार्फत प्रतिकिलो दुई सय रुपैयाँका दरले मार्सी बिक्री हुँदै आएको छ ।

# टाइम फर्मास्युटिकल्स र नेप्सेबिच सम्झौता



**काठमाडौं**/ टाइम फर्मास्युटिकल्स लिमिटेड र नेपाल स्टक एक्सचेन्ज (नेप्सेबिच) बुक बिल्डिङ (सिलबन्दी बोलपत्र) प्रक्रिया सञ्चालन सम्झौता भएको छ । सम्झौतामा नेप्सेका प्रमुख कार्यकारी अधिकृत चूडामणि चापागाईं र टाइम फर्मास्युटिकल्सका प्रबन्ध सञ्चालक सुदर्शनलाल श्रेष्ठले हस्ताक्षर गरेका हुन् । साथै, कम्पनीको तर्फबाट कम्पनी सचिव अधिवक्ता सुदीप घिमिरे र सेयर बिक्री प्रबन्धक नबिल इन्भेष्टमेन्टका तर्फबाट मनोहर कँडेलको उपस्थिति थियो ।

नवलपरासीको गैँडाकोटमा रहेको टाइम फर्मास्युटिकल्सले १० करोड ८६ लाख ५० हजार रुपैयाँबराबरको १० लाख ८६ हजार पाँच सय कित्ता आइपिओ बुक बिल्डिङ विधिमार्फत निष्कासन गर्दै छ । उक्त सेयरमध्ये ४० प्रतिशत सेयर योग्य संस्थागत लगानीकर्ता र ६० प्रतिशत सर्वसाधारणका लागि निष्कासन गरिने कम्पनीले जनाएको छ ।

# एनआईबिएल सहभागिता फन्डको इकाइ हितग्राही खातामा

**काठमाडौं**/ एनआइएमबि एस क्यापिटलअन्तर्गत सञ्चालित म्युचुअल फन्ड 'एनआइबिएल सहभागिता फन्ड'को इकाइधनीको हितग्राही खातामा जम्मा गरिएको छ । नेपाल इन्भेस्टमेन्ट मेगा बैंक कोष प्रवर्द्धक तथा एनआइएमबि एस क्यापिटल योजना व्यवस्थापक रहेको यो खुलामुखी योजना हो ।

कम्पनीका अनुसार बिज पुँजी नपुग्दा यस योजनाको इकाइ लामो समयदेखि लगानीकर्ताको हितग्राही खातामा जम्मा हुन सकेको थिएन । पहिले योजनाको आकार ६ अर्ब अर्थात् ६० करोड इकाइ थियो । तर, नेपाल धितोपत्र बोर्डले योजनाको आकार १० अर्ब रुपैयाँ अर्थात् एक अर्ब इकाइ कायम गर्न निर्देशन दिएको थियो । सोहीअनुसार कम्पनीले चैत ५ देखि योजनाको आकार बढाएको थियो ।

का.जि.द.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.द.न. १७/०६९/०७०
आइतबार २९ चैत ०८२
www.nayapatrikadaily.com
नयाँ पत्रिका

■ इन्डियन प्रिमियर लिग

# पन्जाबको अपराजित यात्रा कायमै

एजेन्सी

पन्जाब किंग्सले इन्डियन प्रिमियर लिग (आइपिएल)मा अपराजित यात्रा चौथो खेलसम्म कायम राखेको छ। शनिबार भएको खेलमा पन्जाबले सनराइजर्स हैदराबादलाई ६ विकेटले पराजित गऱ्यो। तीन खेलाडीले अर्धशतक बनाएपछि पञ्जावले सात बलअघि जित निकालेको हो।

न्यु चन्दिगरमा टस हारेर सुरुमा ब्याटिङ गरेको हैदराबादले ६ विकेट गुमाउँदै दुई सय २० रनको लक्ष्य दियो। प्रत्युत्तरमा पन्जाबले मात्र चार विकेट गुमाएर १८.५ ओभरमा जित निकालेको हो। पन्जाबले आइपिएलको इतिहासमा दशौँपटक दुई सय माथिको लक्ष्य पूरा गरेको छ। खेलभर चार अर्धशतक बन्दा पन्जाबका खेलाडीले तीन अर्धशतक बनाएका थिए। कप्तान श्रेयश एय्यर, प्रियान्स आर्या र प्रवसिमरान सिंहले अर्धशतक बनाएका हुन्।

यो जितपछि पन्जाबले सात अंक जोड्दै दोस्रो स्थानको पकड बनाएको छ। उसले चारमध्ये तीन खेल जित्यो। एक खेल भने वर्षाले स्थगित हुँदा अंक बाँड्न बाध्य भयो। पन्जाबअघि ८ अंक जोडेको राजस्थान रोयल शीर्ष स्थानमा रहेको छ। पन्जाबसँग पराजित हैदराबाद दुई अंकसहित छैटौँ स्थानमा छ। यो हारसँगै हैदराबाद दोस्रो जित निकाल्नबाट वञ्चित भएको थियो। १० टिम सहभागी लिगको शीर्ष चार टोली प्लेअफमा पुग्नेछन्।

## हेड र अभिषेकको शतकीय साझेदारी



अभिषेक शर्मा



ट्राभिस हेड

ओपनरद्वय अभिषेक शर्मा र ट्राभिस हेडले एक सय २० रनको ओपनिङ साझेदारी गरे पनि टिमलाई जिताउन सकेनन्। दुई खेलमा ५० बलमै १२० रन बनाएका हुन्। तर, मध्यक्रम र तल्लोक्रम चल्न नसक्दा हैदराबाद ठुलो स्कोर बनाएर पनि चुक्न पुग्यो। अभिषेकले मात्र २८ बलमा ७४ रन बनाएका हुन्। उनले पाँच चौका र आठ छक्का हिर्काएका थिए। हेडले २३ बलमा ३८ रनको योगदान गरे। हेनरिक क्लासेनले ३३ बलमा ३९ रन जोडे। कप्तान इशान किसनले १७ बलमा २७ रन थप गरे। बलिङतर्फ अर्सदीप सिंह र शशांक सिंहले समान दुई विकेट हात पारेका थिए।

## ■ श्रेयस, प्रियान्स र प्रवसिमरनको अर्धशतक

दुई सय २० रनको लक्ष्य पछ्याउने क्रममा पन्जाबका लागि कप्तान श्रेयशसहित तीन खेलाडीले अर्धशतक बनाएका थिए। श्रेयशले ३३ बलमा सर्वाधिक अविजित ६९ रन बनाएका हुन्। उनले समान पाँच चौका र छक्का हिर्काएका थिए। ओपनरद्वय प्रियान्सले मात्र २० बलमा ५७ रन बनाए। उनले पनि समान पाँच चौका र छक्का हिर्काएका हुन्। प्रवसिमरनले २५ बलमा ५१ रनको योगदान गरे। उनले समान चार चौका छक्का हिर्काएका थिए। पहिलो विकेटका लागि प्रियान्स र प्रवसिमरनले मात्र ३८ बलमा ९९ रनको साझेदारी गरेपछि पन्जाब जिततर्फ अगाडि बढेको थियो। चौथो विकेटका लागि श्रेयशले नेहल बाधिरासँग ३५ बलमा ६९ रनको साझेदारी गरेका थिए। बाधिराले मात्र १४ रन जोडे। शशांक सिंह १६ रनमा अविजित रहे। हैदराबादका लागि सिभाङ कुमारले सर्वाधिक तीन विकेट लिएका थिए।

## ■ चेन्नईको पहिलो जितमा सामसनको शतक

ओपनर सन्जु सामसनले शतक बनाएपछि चेन्नई सुपर किंग्सले आइपिएलमा पहिलो जित निकालेको छ। शनिबार भएको दोस्रो खेलमा चेन्नईले दिल्ली क्यापिटल्सलाई २३ रनले पराजित गऱ्यो। चेन्नईस्थित एमए चिदाम्बरम मैदानमा टस हारेर ब्याटिङ गरेको चेन्नईले निर्धारित २० ओभरमा २ विकेट गुमाउँदै दुई सय १३ रनको लक्ष्य दिएको थियो। प्रत्युत्तरमा २० ओभर नै खेलेको दिल्ली अलआउट हुँदा मात्र एक सय ८९ रन बनाउन पुग्यो।

चेन्नईले चार खेल खेल्दा पहिलो जित निकालेको छ। दुई अंक जोडेपछि टोली एक स्थान सुधार गर्दै नवौँ स्थानमा उक्लियो। चेन्नई यसअघि राजस्थान रोयल्स, पन्जाब किंग्स र आरसिबीसँग पराजित भएको थियो।

दोस्रो हारपछि दिल्लीले भने तेस्रो स्थानमा उक्लने अवसर गुमायो। चार खेलबाट चार अंकसहित दिल्ली चौथो स्थानमा छ। दिल्लीले यसअघि लखनउ सुपर जायन्ट र मुम्बई इन्डियन्सलाई हराएको थियो। पछिल्लो खेलमा पनि टिम गुजरात टाइटन्ससँग पराजित भएको थियो।

दिल्लीका लागि ट्रिस्टान स्टब्सले सर्वाधिक ६० रन बनाए। उनले ३८ बलमा चार चौका र ३ छक्का हिर्काएका हुन्। ओपनर पाथुम निशंकाले २४ बलमा ४१ था केएल राहुलले १८, आशुतोष शर्माले १९ तथा डेबिड मिलरले १७ रनको योगदान गरे।

चेन्नईका लागि जेमी ओभर्टनले सर्वाधिक चार तथा अन्सुल कामदोजले तीन विकेट लिएका हुन्। पहिलो विकेटका लागि केएल राहुल र निशंकाबिच ३२ बलमा ६१ रनको साझेदारी भए पनि मध्यक्रम चल्न नसक्दा हार व्यहोर्नुपऱ्यो।

यसअघि टस हारेको चेन्नईका लागि ओपनर सन्जुले अविजित शतकीय इनिङ्स खेले। उनले ५६ बलमा एक सय १५ रन बनाएका हुन्। उनले १५ चौका र ४ छक्का हिर्काए। भारतीय राष्ट्रिय टिमबाट सानदार प्रदर्शन गर्दै आएका सन्जु यो आइपिएलमा शतक बनाउने पहिलो खेलाडीसमेत हुन्। यस्तै, आयुष महत्रेले ३६ बलमा ५९ रनको योगदान गरेका हुन्। शिभम दुबेले २० तथा कप्तान ऋतुराज गैकवाडले १५ रनको जोडेका थिए। चेन्नईका लागि सामसन र महत्रेले दोस्रो विकेटका लागि ६७ बलमा सर्वाधिक एक सय १३ रनको साझेदारी गरेका थिए। पहिलो विकेटका लागि सामसन र गैकवाडले ३८ बलमा ६२ रनको दोस्रो ठुलो साझेदारी गरेका थिए।

# एथलेटिक्स च्याम्पियनसिपमा ४६६ खेलाडी



कास्कीमा **रोहितराज पराजुली**

चौथो यू-२० राष्ट्रिय एथलेटिक्स च्याम्पियनसिप २०२६ पोखरामा शनिबारदेखि सुरु भएको छ। नेपाल एथलेटिक्स संघको आयोजना एवं कास्की जिल्ला एथलेटिक्स संघको सहकार्यमा सुरु तीनदिने च्याम्पियनसिपमा यू-२० तर्फ २४ र पोखरा ओपनतर्फ ३० विधामा गरी चार सय ६६ खेलाडीले प्रतिस्पर्धा गर्नेछन्।

तीनदिने प्रतियोगितामार्फत यू-२० एसियन च्याम्पियनसिपका लागि खेलाडी छनोट गरिने प्रतियोगिताका संयोजक सिद्धान्त अधिकारीले जानकारी दिए।

गण्डकी प्रदेशका सामाजिक विकास युवा तथा खेलकुदमन्त्री बिन्दुकुमार थापाले उद्घाटन गरेको प्रतियोगितामा ट्राक र फिल्डमा विभिन्न विधाका खेल सञ्चालन गरिएका छन्। ट्राकतर्फ एक सय, दुई सय, चार सय, आठ सय, एक हजार पाँच सय र तीन हजार मिटर दौडसँगै सय मिटर र चार सय मिटर रिले प्रतिस्पर्धा हुनेछन्। यसैगरी फिल्डतर्फ हाइजम्प, लङजम्प, सटपुट र ज्याभलिन थ्रोका खेल हुने अधिकारीले जानकारी दिए।

### पहिलो दिन गण्डकीलाई अग्रता

पहिलो दिन यू-२० तर्फ घरेलु टोली गण्डकी प्रदेशले ६ स्वर्ण, ५ रजत र २ कांस्य पदक हात पारेको छ। बागमतीले ३ स्वर्ण र ६ रजतसहित दोस्रो र सुदूरपश्चिमले ३ स्वर्ण, २ रजत र १ कांस्य पदकसहित तेस्रो स्थानमा रहेका छन्।

यू-२० तर्फ बागमतीका अभिनाश सुनारले हाइजम्पतर्फ १.८२ मिटर जम्प गर्दै स्वर्ण पदकसँगै नयाँ कीर्तिमान बनाए। यसअघि गण्डकीका गणेश विकको नाममा रहेको १.८१ मिटरको कीर्तिमान उनले भंग गरेका हुन्। महिलातर्फ गण्डकीकी प्रमिला सुर्खेतीले १.३७ मिटर जम्प गर्दै स्वर्ण पदक हात पारिन्।

१०० मिटर पुरुष दौडमा बागमतीका प्रवीन रानाले १०.४४ सेकेन्डमा पार गर्दै स्वर्ण पदक हात पार्दा महिलातर्फ गण्डकीकी अनुष्का अधिकारीले १२.८१ सेकेन्डमा दूरी पार गदै स्वर्ण पदक जितिन्। १५०० मिटर पुरुषतर्फको दूरी ४ मिनेट ०९.३५ सेकेन्डमा पार गर्दै गण्डकीका बादल कार्कीले स्वर्ण पदक जित्दा महिलातर्फ ५ मिनेट १०.२७ सेकेन्डमा दूरी पार गर्दै गण्डकीकी नारायणी भण्डारीले स्वर्ण पदक हात पारिन्।

### सटपुटमा लुम्बिनीलाई स्वर्ण पदक

सटपुट पुरुषतर्फ लुम्बिनीका राजन भण्डारीले १०.७४ मिटर थ्रो गर्दै स्वर्ण पदक हात पार्दा महिलातर्फ सुदूरपश्चिमकी कृष्णा बलमे ७.९९ मिटर थ्रो गर्दै स्वर्ण हात पारिन्। ४०० मिटर पुरुषतर्फको दौड ५२.५४ सेकेन्डमा पूरा गर्दै गण्डकीका प्रकाश महतोले स्वर्ण पदक जित्दा महिलातर्फ १ मिनेट ९१ सेकेन्डमा दूरी पार गर्दै सुदूर पश्चिमकी संगीता विकले स्वर्ण हात पारिन्।

ज्याभलिन थ्रो पुरुषतर्फ ५४.८८ मिटर थ्रो गर्दै कोशीका सोहेल मनसुरीले स्वर्ण हात पार्दा महिलातर्फ सुदूर पश्चिमकी पूजा साउदले ३४.६६ मिटर थ्रो गर्दै स्वर्ण पदक पाइन्। एथलेटिक्सको रिले पुरुषतर्फ गण्डकीले स्वर्ण पदक जितेको छ भने महिलातर्फ बागमतीले स्वर्ण पदक हात पारेको छ।

## खेल संक्षेप

### एरिका फाइनलमा

**काठमाडौं**/ कीर्तिमानी खेलाडी एरिका गुरुङ चीनमा भएको करँते वान प्रिमियर लिगको फाइनलमा प्रवेश गरेकी छिन्। शनिबार प्रतियोगिताको सेमिफाइनलमा एरिकाले इटालीकी फेराकुट्टी क्लेअलाई ८-३ ले पराजित गरिन्। योसँगै एरिकाले कम्तीमा रजत पदक पक्का गरेकी छिन्। अब, एरिकाले आइतबार हुने उपाधिका लागि कजाकस्तानकी सोफिया बेरुत्सेभासँग खेल्नेछिन्। यसअघि पनि एरिकाले सोफियासँगै फाइनल खेलेकी थिइन्। टर्कीमा भएको करँते वान प्रिमियर लिगमा एरिकाले फाइनलमा सोफियासँग खेले पनि पराजित भएकी थिइन्। क्वार्टरफाइनलमा एरिकाले स्लोभाकियाकी मारिया जिबरेत जालालाई ८-० ले पराजित गरेकी थिइन्। त्यसअघि समूह चरणमा एरिकाले लगातार तीन खेल जितेकी थिइन्। मोन्टेनेग्रोकी जोमाना डामजानोभिचलाई २-० ले तथा दोस्रो खेलमा डब्लुकेएफकी मारिया मालाखाभालाई सेन्युको आधारमा पराजित गरेकी हुन्।

### करणलाई कारबाही गर्न माग

**काठमाडौं**/ नेपाल क्रिकेट अम्पायर्स तथा स्कोरर्स संघ (कुसान)ले नेपाली राष्ट्रिय टिमका बलर करण केसीलाई कारबाही गर्न सिफारिस गरेको छ। प्रधानमन्त्री कप एकदिवसीय प्रतियोगिता दौरान सामाजिक सञ्जालमा अम्पायरलाई लक्षित गर्दै अभिव्यक्ति दिएपछि करणलाई कारबाही गर्न कुसानले नेपाल क्रिकेट संघ (क्यान)सँग अनुरोध गरेको छ। कुसानले करणको अभिव्यक्तिले पेसागत सुरक्षा र आत्मसम्मानमा आघात गरेको ठहर गर्दै कडा कारबाहीको माग गरेको छ। प्रतियोगिता दौरान अम्पयारले गलत निर्णय दिएको भन्दै नेपाल पुलिस क्लबका करणले सामाजिक सञ्जालमा व्यंग्य गरेका थिए। जुन पोस्टको फोटोमा अर्का बलर सन्दीप लामिछानेले अम्पायरसँग विवाद गरिरहेका छन्।

### विश्वकप खेल्दै विजय र सुस्मिता

**काठमाडौं**/ चीनको होकाईमा हुने चौथौ थाउलो वर्ल्डकपका लागि नेपालका दुईजना खेलाडी विजय सिन्जाली र सुस्मिता तामाङ खेल्दै छन्। प्रतियोगिता ४ देखि ९ जुलाईसम्म हुँदै छ। विजयले चेन्सु र सुस्मिताले ताउसु विधामा प्रतिस्पर्धा गर्न लागेका हुन्। विश्वकपमा छनोट हुनुअघि उनीहरूले ब्राजिलको ब्रासेलियामा १७औँ विश्व च्याम्पिनसिपमा प्रतिस्पर्धा गरेका थिए। जुन प्रतियोगितामा विजयले ९.७१० र सुस्मिताले ९.६७० अंक प्राप्त गरेका थिए। विजय यसअघि जापानको योकोहामामा सम्पन्न तेस्रो उसु थाउलो विश्वकपमा ऐतिहासिक कांस्य पदक हासिल गर्न सफल भएका थिए। त्यसपछि उनलाई सरकारबाट ६५ लाख प्राप्त भएको थियो। अहिले उनले न्युजिल्याडको एन जेड उसु ऐकेडेमीमा वैदेशिक प्रशिक्षणमा छनोट गरेका छन्। सुस्मिता भने नेपाल ओलम्पिक कमिटीबाट एसियन गेम्समा मासिक ५० हजार छात्रवृत्ति पाउँदै अभ्यास गरिरहेकी छिन्। दुवै खेलाडीले १३औँ साग गेम्समा नेपाललाई स्वर्ण पदक जिताएका थिए।

### निहानालाई रजत पदक

**काठमाडौं**/ नेपालका उदीयमान खेलाडी निहाना श्रेष्ठले ७ खेलबाट ५.५ अंक जोडेर आफ्नो व्यक्तिगत चौथो बोर्ड समूह स्पर्धामा नेपालका लागि रजत पदक जित्न सफल भएकी छिन्। अस्ट्रेलिया, भारत, हङकङ, उज्वेकिस्तान, सिंगापुरका खेलाडीमाथि सानदार जित दर्ता गरिन्। चिन विरुद्ध बराबरी तथा पाकिस्तानसँग एक मात्र हारको नतिजा निकाले सँगै निहानाले रजत पदक जितेकी छिन्। फिडे वर्ल्ड स्कूल टिम चेस च्याम्पियनसिपअन्तर्गत एसियन कन्टिनेन्टल स्टेजको अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा नेपाली टोलीले भने मिश्रित खेल प्रस्तुत गरेका छन्। काजकिस्तानको अल्माटिमा सम्पन्न आठ चरणको टिम प्रतिस्पर्धामा नेपाली टोलीले तीन जित, एक बराबरी तथा चार खेलमा पराजित हुँदै ७ अंक स्कोर गरेका छन्। नेपालका लागि गत संस्करणका राष्ट्रिय विजेता मार्भलस इङलिस बोर्डिङ स्कुलका ब्रिजनन्दन दास, कृष्टि रिजाल, आकाश शरन कुँवर, निहाना श्रेष्ठ र सुहानी सिंहले सहभागी जनाएका हुन्।

## पुरुषतर्फ सेमिफाइनल समीकरण पूरा

**काठमाडौं**/ राष्ट्रिय रग्बी सेभेन्स महिला तथा पुरुष च्याम्पियनसिप २०२६ अन्तर्गत पुरुषतर्फ सेमिफाइनल समीकरण पूरा भएको छ। नेपाल रग्बी संघको आयोजनामा त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा शनिबारदेखि सुरु भएको प्रतियोगिताको पहिलो दिन लिग चरणका खेल सकिएसँगै पुरुषतर्फ अन्तिम चार टोलीको टुंगो लागेको हो। पुरुषतर्फ समूह 'ए' बाट त्रिभुवन आर्मी क्लब विजेता तथा गण्डकी प्रदेश उपविजेता बन्दै सेमिफाइनलमा पुगेका छन्। आर्मीले लिग चरणमा कर्णाली प्रदेशलाई ३७-०, गण्डकी प्रदेशलाई १७-५ तथा मधेश प्रदेशलाई ७४-० ले हराउँदै अपराजित रहँदै समूह विजेता बन्न सफल भयो। गण्डकी प्रदेशले मधेशलाई ३६-० र कर्णालीलाई १२-५ ले पराजित गरे पनि आर्मीसँग १७-५ ले हार व्यहोर्दै उपविजेताको रूपमा अन्तिम चारमा स्थान सुरक्षित गऱ्यो।

यस्तै, समूह 'बी'बाट एपिएफ क्लब विजेता तथा कोशी प्रदेश उपविजेता बनेका छन्। महिलातर्फ समूह 'ए'को समीकरण पनि टुंगिएको छ। बागमती प्रदेश विजेता तथा कर्णाली प्रदेश उपविजेता बन्दै सेमिफाइनलमा प्रवेश गरेका छन्। महिलातर्फ समूह 'बी'को भने एक खेल बाँकी रहेको छ। यस समूहबाट त्रिभुवन आर्मी क्लब सेमिफाइनलमा पुगिसकेको छ।

# ■ आर्सनलको हारसँगै उपाधि यात्रा खुला



**एजेन्सी**/ शीर्ष स्थानको आर्सनल कमजोर बर्नामाउथसँग पराजित भएसँगै इंग्लिस प्रिमियर लिगको उपाधि यात्रा खुला भएको छ। शनिबार भएको खेलमा आर्सनल घरेलु मैदान इमिरेट्समै २-१ ले स्तब्ध भयो। भ्रमणकारी टोली बर्नामाउथ तीन अंक हासिल गर्न सफल भयो। आर्सनलका लागि एक मात्रै गोल भिक्टोर ग्योकेरेसले गरेका थिए। बर्नामाउथका लागि इली जुनियर क्रोउपी र एलेक्स स्कटले समान एक गोल गरेका थिए। यो हारपछि पनि आर्सनल ३२ खेलमा ७० अंकसहित शीर्ष स्थानमा छ। तर, दोस्रो स्थानको म्यानचेस्टर सिटीले दुई खेल कम खेलेको छ। सिटीको ६१ अंक रहेको छ। यदि सिटीले सबै खेल जितेको अवस्थामा आर्सनलको उपाधि यात्रामा धक्का लाग्नेछ। आर्सनलसँग पराजित बर्नामाउथ ४५ अंकसहित दशौँ स्थानमा छ। उल्भ्स, बर्नली र टोटनह्याम रेलिगेसन क्षेत्रमा छन्। राति नै भएको अर्को खेलमा बेस्ट हम युनाइटेडले उल्भ्सलाई ४-० ले हराएको थियो।

■ विराट गोल्डकप

# आर्मीलाई पराजित गर्दै झापा सेमिफाइनलमा

विराटनगरमा **गणेश लम्साल**

विराट गोल्डकप फुटबल प्रतियोगिताको उद्घाटन खेलमा विभागीय टोली त्रिभुवन आर्मी क्लबलाई २-१ ले पराजित गर्दै झापा- ११ सेमिफाइनलमा प्रवेश गरेको छ। शनिबार विराटनगरस्थित सहिद रंगशालामा भएको रात्रिकालीन प्रतिस्पर्धामा विभागीय टोलीविरुद्ध मोफसलको टिम हाबी भएको हो।

झापाको जितमा स्ट्राइकर फागुराम थारूले दुई गोल गरे। राष्ट्रिय लिगमा प्लानिङ ब्बाइजका लागि खेलेका उनी नै खेलको प्लेयरअफ द म्याच घोषित हुँदै नगद ११ हजार रुपैयाँ प्राप्त गरे। आर्मीका लागि नवीन लामाले एक गोल फर्काएका थिए।

अब, आइतबारको खेल 'ए' डिभिजन लिग विजेता चर्च ब्वाइज युनाइटेड र विभागीय टोली एपीएफ क्लबबिच हुनेछ।

प्रतियोगिताको उद्घाटन कोशी प्रदेशका पर्यटन, वन तथा वातावरण मन्त्री भीम पराजुलीले गरेका थिए। वैशाख ५ गतेसम्म चल्ने प्रतियोगितामा नेपाल र भारतका प्रतिष्ठित क्लब गरी ८ टिमको सहभागिता छ। विराट गोल्डकप ट्रस्टका अध्यक्ष किशोरबहादुर शाहीका अनुसार प्रतियोगिताको विजेताले ११ लाख र उपविजेताले पाँच लाख रुपैयाँ नगद पुरस्कार पाउनेछन्। त्यस्तै, सर्वोत्कृष्ट खेलाडीलाई ५१ हजार र अन्य विधागत उत्कृष्टलाई १५-१५ हजार रुपैयाँ पुरस्कार प्रदान गरिनेछ।



### ■ फागुरामको दुई गोल

झापाको जितमा युवा स्ट्राइकर फागुरामले दुई गोल गरे। उनले दुबै गोल पहिलो हाफमा गरेका हुन्। फागुरामले खेलको दशौँ मिनेटमा अप्रत्याशित रूपमा झापालाई अग्रता दिलाएका थिए। अनुप तामाङले मिलाइदिएको पासलाई सदुपयोग गर्दै फागुरामले आकर्षक गोल गरेका थिए।

तर, २३औँ मिनेटमा नवीन लामाले गोल गर्दै खेल बराबरीमा ल्याएका थिए। नवीनले गौरव महर्जनको पासमा सदुपयोग गरेका थिए। ४४औँ मिनेटमा फागुरामले पुनः दोस्रो गोल गर्दै जित सुनिश्चित गरेका हुन्। यसपटक फागुरामलाई राजेश दाहालले गोलको अवसर बनाइदिएका थिए। बाँकी समय आर्मीले खेलमा दबाब बनाएपछि फाइनल थर्डमा चुकेको थियो।

झन्डै ११ वर्षपछि सोही मैदानमा आमनेसामने भएका यी दुई टोलीबिचको भिडन्त निकै प्रतिस्पर्धात्मक थियो। विसं २०७१ सालको विराट गोल्डकप फाइनलमा पनि झापाले आर्मीलाई नै हराएर उपाधि जितेको थियो। शनिबारको नतिजासँगै झापाले पुरानो इतिहास मात्र दोहोऱ्याएन, आर्मीलाई प्रतियोगिताबाट घर फर्काइदिएको छ।

### ■ प्रतिस्पर्धात्मक खेल

पहिलो हाफमै झापाले अग्रता बनाए पनि दोस्रो हाफमा आर्मीले खेल बराबरी गर्ने थुप्रै अवसर गुमायो। आर्मीले आधा दर्जनभन्दा बढी चर्चित खेलाडी समावेश गरेर प्रतियोगिता खेल्न गएको थियो। तर, उपाधि दाबेदार मानिएको आर्मी पहिलो खेलबाटै बाहिरिएको छ। ७६औँ मिनेटमा भरत खवासको पासमा कप्तान जिलेस्पीजंग कार्कीको प्रहार झापाका रक्षक योगेश गुरुङले गोललाइनबाट क्लियर गरिदिए। लगत्तै ७८औँ मिनेटमा गौरव महर्जनको सशक्त प्रहार पोस्टको थोरै माथिबाट बाहिरियो। झापाका तर्फबाट विदेशी खेलाडी सोलमन र राजेश दाहालको प्रहारलाई आर्मीका गोलरक्षक विकेश कुथुले उत्कृष्ट बचाउ गर्दै अन्तर बढ्न दिएका थिएनन्।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com